
ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक





किरण पुस्तकालय
तम्घास, गुल्मी







राष्ट्रपति भवनमा प्रेस काउन्सिल नेपालको ५५ औं वार्षिकोत्सवको अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङद्वारा हाम्रो पुरुषार्थलाई साहित्यिक पत्रकारिता पुरस्कार २०८१ प्रदान





किरण पुस्तकालयले समाजमा उत्कृष्ट योगदान पुर्‍याएकोमा कर्पोरेट क्लबद्वारा काठमाडौंमा आयोजित विशेष समारोहका बीच परराष्ट्र मन्त्री एन.पी. साउदबाट शील्ड र प्रमाण-पत्र प्रदान



१५९ औं मोती जयन्तीका अवसरमा लुम्बिनी प्रदेशका सांसद डिल्लीराज भुसालद्वारा साहित्यकार ठाकुर शर्मा भण्डारी जानकी साहित्य पुरस्कारद्वारा पुरस्कृत




हाम्रो पुरुषार्थलाई विष्णु-पुष्पा साहित्यिक पत्रकारिता पुरस्कार २०८० द्वारा सम्मान

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ५१ ❑ अङ्क : ४ ❑ सम्पूर्णाङ्क : १०३ ❑ साउन–असोज, २०८१

**सम्पादक**

शशि पन्थी

**सह–सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

**किरण पुस्तकालय**

तम्घास, गुल्मी (फोन : ०७९–५२०२८७)
सम्पर्क फोन नं. : ०७९–५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१५०/–

*कम्प्युटर सेटिङ : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९–५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण : श्री टामलाल खनालद्वारा प्रदत्त १९० वर्ष पुरानो शुक्ल यजुर्वेदको हस्तिलिखित ग्रन्थको एउटा नमूना

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## काठमाडौं प्रतिनिधि

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## रुपन्देही प्रतिनिधि

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## चितवन प्रतिनिधि

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## दाङ प्रतिनिधि

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## पाल्पा प्रतिनिधि

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## पोखरा प्रतिनिधि

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## विदेश प्रतिनिधि

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# निरन्तर शिक्षाका लागि पुस्तकालय

- सरिरहने संसारमा नसर्ने केही छैन । समयको निर्देशनमा जगत् सर्छ, जीवन सर्छ । सर्नु वा फेरिनु नै संसार हो । पृथ्वी सर्छ - आफ्नो अक्ष र कक्षमा । जीवन सर्छ - पुस्ता-पुस्तामा । नदीमा पानी सर्छ - क्षणक्षणमा अविश्रान्त । ग्रह नक्षत्रहरू सर्छन् । समयसँगै प्रतिक्षण चलिरहेछ- क्रान्ति । जगत् निरन्तर छ । जीवन निरन्तर छ ।

- ज्ञान पनि सर्छ, सीप पनि सर्छ, शिक्षा पनि सर्छ । मान्छे मर्छ तर अक्षर मर्दैन । अक्षर सर्छ अर्को पुस्तामा । अक्षरहरू अविनाशी छन् । ज्योतिर्मय छन् । ती ज्ञान छरेर बस्छन् भाषामा । ती युग-युग बाँच्छन्-ग्रन्थमा । हिंजोका सीपहरू, हिंजोका ज्ञानहरू, हिंजोका शिक्षाहरू आज पनि हामी पढ्छौं पुस्तकमा । ती भोलिका लागि पनि बनून् । ती ग्रन्थागारमा रहून् । ज्ञान निरन्तर छ । सीप निरन्तर छ । शिक्षा निरन्तर छ ।

- ज्योतिर्मय अक्षरहरू मर्दैनन् । ती मृत्युञ्जय छन् । ती छेकेर छेकिन्नन् । ती रोकेर रोकिन्नन् । चेतना बोकेर हिड्छन् ती । अविद्या चिरेर हिड्छन् ती । शिक्षा, सीप, ज्ञान, चेतना, बुद्धि मर्त्यलोकलाई वरदान हुन् । यिनैमा मान्छेको इतिहास बाँच्छ, सभ्यता बाँच्छ, संस्कृति बाँच्छ । ज्योतिर्मय अक्षरहरू पुस्तकमा बस्छन्, उज्यालो छर्छन् । पुस्तकहरू बस्छन् पुस्तकहरूको घरमा, पुस्तकालयमा । त्यसैले पुस्तकालय ज्ञान, विज्ञान र सभ्यताको केन्द्र हो ।

- ज्ञानका भोकहरू अनन्त छन् । सीप र शिक्षाका खोजहरू अनन्त छन् । कुनै उपाधिको सिंढीसँगै शिक्षाको अन्त हुँदैन । ती निरन्तर छन् । ती नित्यनूतन छन् । विद्या र ज्ञानका क्षितिजहरू असीम छन् । नित्यनूतन, असीम र निरन्तर शिक्षाका लागि पुस्तकालय छन् । ज्ञान निरन्तर छन् र स्वाध्याय पनि निरन्तर छन् । ज्ञानमा हिजोसँग आज जोडिएको छ र आजसँग भोलि जोडिनेछ उन्नत, नूतन प्रविधिसँगै ।

- शिक्षा निरन्तर छ भन्दै 'निरन्तर शिक्षाका लागि पुस्तकालय' भन्ने सत्रौं राष्ट्रिय पुस्तकालय दिवसको आदर्श वाक्यलाई हामी पनि आत्मसात् गर्छौं ।

-ooo-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | म गुल्मीको माटोको हिस्सा हुँ । | प्रा.डा. लक्ष्मी ज्ञवाली | १ |
| **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी/संस्मरण** | | | |
| १. | लुसियन गोल्डम्यानको साहित्य ... | प्रा.डा. कृष्णचन्द्र शर्मा | ६ |
| २. | श्राद्धसम्बन्धमा केही जानकारी | डा. लक्ष्मीकान्त पन्थी | २० |
| ३. | किसुनजी र स्वप्नभङ्ग | हरिराज भट्टराई | ५३ |
| ४. | नेपालका प्रथम जगत्गुरु र ... | तेजनिधि पौडेल | ६० |
| ५. | हो कि भैं अलका कविता-संग्रहमा... | डा. हरिप्रसाद घिमिरे | ७१ |
| ६. | लेनदेन | दीन पन्थी | ८७ |
| **कथा/लघुकथा** | | | |
| १. | मोजाईको उपहार | जयदेव गौतम | ४२ |
| २. | नाता | कल्पना पौडेल 'जिज्ञासु' | ५६ |
| ३. | मलाई नमान्ने ? | धनराज गिरी | ५७ |
| ४. | चमजुम्रो | शेखर अर्याल | ५९ |
| ५. | अनौं भाँचिएपछि | साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ) | ६५ |
| ६. | अमूल्य उपहार | मित्र 'उराठी' गौतम | ७६ |
| ७. | किलो सेरा-२ | रमेश ज्ञवाली | ८२ |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | गजल | बूँद राना | १९ |
| २. | मान्छे हरायो कता ? | ठाकुर शर्मा भण्डारी | ४१ |
| ३. | गजल | लीलाराज दाहाल | ५१ |
| ४. | के भुल्दथें त्यो घर | कृष्ण पन्थी | ५२ |
| ५. | बोल्दिनँ म | चरित्रा शाह | ७७ |
| ६. | राष्ट्रघात | भाषकर गौतम | ७८ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| ७. | युगको कपाल | नारद गौतम | ७९ |
| ८. | केही मुक्तकहरू | डा. श्यामप्रसाद न्यौपाने | ८० |
| ९. | पढ युवा | कृष्णशरण उपाध्याय | ८१ |
| १०. | सत्संग गुरुको उपदेश | पुष्पराज पोखरेल | ८६ |
| ११. | मोतीका नाममा | रामप्रसाद पन्थी | ८९ |
| १२. | किसानको धन्य छ जिन्दगानी | मुकुन्द शर्मा | ९१ |
| १३. | कृतघ्नता | वासुदेव पाण्डेय | ९२ |


**स्थायी स्तम्भहरू**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | शशि पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | हुमकला पौडेल/शशि पन्थी | ९३ |
| ४. | पुस्तकालय परिचय | ललिताकुमारी चौधरी | ९९ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | १०१ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १०३ |
| ७. | यताउताबाट | संगम, The Rising Nepal | १०९ |
| ८. | पचास वर्ष पहिलेको समाचार | दैनिक निर्णय | १११ |
| ९. | पाठक-प्रतिक्रिया | गिरिप्रसाद पौडेल | ११२ |
| १०. | किरण पुस्तकालयका आजीवन सदस्यको परिचय | | ११४ |


ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# विज्ञापन बोर्डसम्बन्धी अत्यन्त जरूरी सूचना

## प्रथम पटक प्रकाशित मिति २०८१/०६/०२

रेसुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका कुनै पनि प्रकारका उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने फर्म वा कम्पनीले रेसुङ्गा नगरपालिकाको आर्थिक ऐन. २०८१ को अनुसूची ४ मा आफ्नो व्यावसायिक परिचयको लागि बढीमा २० वर्गफिटसम्मको बोर्ड मात्र राख्न पाइने व्यवस्था उल्लेख छ । विज्ञापन प्रयोजनले घर, पसल, होटल, मल, कम्प्लेक्स, रेष्टुरेन्ट, सोरुम, पेट्रोल पम्प, सिनेमाहल, अस्पताल, मेला/महोत्सव, बैंक तथा वित्तीय संस्थाभित्र वा बाहिर राखिने विज्ञापनजन्य बोर्ड, पोस्टर, पम्प्लेट, बन्टिङ्ग, झण्डा, सटरपेन्टिङ्ग, भ्याकुम, स्टिकरजस्ता सबै सामग्रीहरूको विज्ञापन कर लाग्नेछ ।

२० वर्गफुटभन्दा ठूलो आकार – प्रकारको बोर्ड राख्नु परेमा १५ दिनभित्र नगरपालिकामा स्वीकृति लिई नियमानुसार वार्षिक तोकिएको कर बुझाई बोर्ड राख्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । कुनै फर्म कम्पनीले आफ्नो व्यापार प्रवर्धनका लागि आफ्नो ब्राण्ड कलर तथा विज्ञापन सामग्रीहरू नगरक्षेत्रभित्रका व्यावसायिक स्थानहरूमा जहाँ राखे पनि त्यसको सम्पूर्णमा देहायअनुसार विज्ञापन कर लाग्ने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विवरण | दर रेट |
|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्रका सार्वजनिक स्थानहरूका होर्डिङ्ग बोर्डहरूमा प्रतिवर्ग फिट वार्षिक | १०० |
| २ | निजी स्थानका होर्डिङ्ग बोर्ड, फेल्क्स् बोर्डहरूमा प्रति वर्ग फिट वार्षिक | २० |
| ३ | व्यावसायिक भित्ते लेखन तथा सटर पेन्टिङ्ग प्रति वर्गफिट वार्षिक | २५ |
| ४ | पोल बोर्ड प्रति बोर्ड प्रति एक साइड | ७५० |
| ५ | मादक पदार्थका विज्ञापनमा प्रति स्क्वायर फिट थप | १०० |
| ६ | भिज्वल बोर्ड, डिजिटल डिस्प्ले बोर्ड, स्क्रिन बोर्ड, एलसिडि बोर्ड प्रति विज्ञापन प्रति स्क्वायर फिट | ५०० |
| ७ | टुडि बोर्ड, थ्री डि बोर्ड, ग्लो बोर्ड र अन्य यस्तै प्रकारका बोर्डहरू वार्षिक थप दस्तुर | ४०० |
| ८ | रोडक्रस ब्यानर, ओभरहेड ब्यानर, तुल ब्यानर, पोल ब्यानर, बन्टिङ्ग ब्यानर, स्टिकरलगायतका प्रतिहप्ता प्रतिफुट | ७० |

बाबुराम पल्ली

प्रमुख प्रशासकीय अधिकृत

# रेसुङ्गा नगरपालिका, गुल्मी

# म गुल्मीको माटोको हिस्सा हुँ।



✍ प्रा.डा. लक्ष्मी ज्ञवाली

*(प्रा.डा. लक्ष्मी ज्ञवाली किरण पुस्तकालय र हाम्रो पुरुषार्थको आजीवन सदस्य हुनुहुन्छ । गुल्मीको थोर्गामा जन्मेर हाल संयुक्त राज्य अमेरिकाको नेवाडा विश्वविद्यालयमा उहाँले ३५ वर्षदेखि कम्प्युटर साइन्स विषयको प्राध्यापन कार्य गरिरहनुभएको छ । उहाँलाई सोही विश्वविद्यालयमा भेटेर शशि पन्थीले लिएको अन्तर्वार्तालाई यहाँ स्थान दिइएको छ । उहाँलाई नेपालीमा प्रश्न सोधिएको थियो। उहाँले आफ्नो सजिलोका लागि अङ्ग्रेजीमा उत्तर दिनुभएको थियो । उहाँले अङ्ग्रेजीमा दिएको उत्तरलाई हाम्रो पुरुषार्थका लागि अमेरिका प्रतिनिधि महेश आचार्यले गर्नुभएको नेपाली अनुवाद यहाँ प्रस्तुत गरिएको छ । - सम्पादक)*

**१. उत्तर अमेरिकाको नेवाडा राज्यअन्तर्गत पर्ने लस भेगस सहरमा अवस्थित युनिभर्सिटी अफ नेवाडा नामक विश्वविद्यालयमा यहाँलाई भेट्न पाउँदा धेरै खुसी लाग्यो । यहाँको पारिवारिक पृष्ठभूमिसहित संक्षिप्त परिचय पाऊँ है त?**

❑ मेरा आमाबुबा गुल्मी जिल्लाको थोर्गा गाउँमा हुनुहुन्थ्यो । मेरी आमाले सात छोरा र दुई छोरीलाई हुर्काउनुभयो र म छैठौं छोरो हुँ । गाउँलेहरूले माया गरेर मलाई ठूलापोखे लालकृष्ण भनी बोलाउँथे । मेरा बुबा संस्कृत भाषाका विद्वान् हुनुहुन्थ्यो र थोर्गा, रिडी बजार र वरपरका घरका केटाहरूलाई पढाउने काम गर्नुहुन्थ्यो । म एघार वर्षको उमेरमा भारतको शिलांग सरैं जहाँ मेरो दाइको पुस्तक पसल थियो । तीन दशकभन्दा बढी समयदेखि म नेवाडा विश्वविद्यालय, लस भेगसमा कम्प्युटर विज्ञानको प्राध्यापकको रूपमा काम गर्दै आएको छु ।

**२. यहाँको बाल्यकाल कसरी बित्यो ?**

❑ म लगभग ७२ वर्षअघि गुल्मी थोर्गाको, माझगाउँमा एउटा साधारण नेपाली मध्यम वर्गीय परिवारमा जन्मेको थिएँ । मैले नेपाली पढाइ लेखाइका

आधारभूत सीपहरू गाउँको घरको दलानमा गुरुकुल जस्तै परिवेशमा सिकें । हामीले 'ठूलो वर्णमाला' नामक पाठ्यपुस्तक प्रयोग गर्थ्यौं, जसमा साधारण वाक्यहरू बनाउन, चिठी, तमसुक तयार गर्न, गुणन तालिकाहरू कण्ठस्थ गर्न र अंग्रेजी अक्षरहरू लेख्नका लागि सामग्रीहरू समावेश थिए । हामीले धुले पाटीमा काठको या बाँस-निगालोको कलमले लेख्थ्यौं ।

**३. बुबा संस्कृत भाषाको पण्डित भएकाले तपाईंले पनि संस्कृतको प्रारम्भिक ज्ञान गर्नुभयो कि ?**

❑ हामीलाई नेपाली र संस्कृतका साधारण श्लोकहरू वाचन गर्न र स्मरण गर्न वा कण्ठ पार्न दिइन्थ्यो । पछि मेरा दाजु नारायणप्रसाद ज्ञवालीले मलाई 'अमरकोश'सँग परिचित गराउनुभयो र मैले स्वर्गवर्ग र धीवर्ग कण्ठस्थ गर्न सकें । मलाई अझै पनि तीमध्ये धेरै श्लोकहरू याद छन् । सायद बाल्यकालमा कण्ठस्थ गरेका कुराहरू लामो समयसम्म रहन्छन् ।

**४. घरबाट प्रारम्भिक शिक्षा प्राप्त गरेपछि थप अध्ययन कहाँ-कहाँबाट कसरी पूरा गर्नुभयो ?**

❑ मैले सन् १९६७ मा मेघालयको शिलाङस्थित सेन्ट एन्थोनी कलेजमा अध्ययन गरेको थिएँ र सन् १९७१ मा भौतिकशास्त्र (Honors) मा बी.एस्सी. समापन गरेको थिएँ । मैले सन् १९७३ मा नेपालको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयबाट भौतिकशास्त्रमा एम्.एस्सी. गरेको थिएँ । मैले सन् १९८९ मा टेक्सास विश्वविद्यालय, डल्लासबाट कम्प्युटर विज्ञानमा विद्यावारिधि (PHD) प्राप्त गरेको थिएँ ।

**५. यहाँले नेपालमा पनि जागिरका लागि कुनै प्रयास गर्नुभयो कि ?**

❑ मैले १९७३ देखि १९७६ सम्म कीर्तिपुर क्याम्पस (त्रिभुवन विश्वविद्यालय) मा भौतिक शास्त्रको सहायक प्राध्यापकको रूपमा काम गरेँ । सन् १९७६ मा मलाई प्राध्यापकको पदमा बढुवा गरियो । मैले सन् १९८२ देखि १९८६ सम्म नेपाल सरकारको जनसंख्या आयोगमा कम्प्युटर विशेषज्ञको रूपमा पनि काम गरेँ ।

**६. अमेरिकामा कसरी आइपुग्नुभयो ?**

❑ मलाई अमेरिकी सरकारद्वारा टेक्सास विश्वविद्यालय, डल्लासमा स्नातकोत्तर गर्नको लागि फूलब्राइट छात्रवृत्ति प्रदान गरिएको थियो । मैले यस विश्वविद्यालयबाट सन् १९८९ मा कम्प्युटर विज्ञानमा विद्यावारिधि गरेको थिएँ । त्यसपछि तत्कालै मैले नेवाडा विश्वविद्यालय, लस भेगसमा सहायक प्राध्यापकको पदमा नियुक्ति पाएँ । सन् १९९९ मा कम्प्युटर विज्ञानको पूर्ण

प्राध्यापकको पदमा मेरो पदोन्नति भयो । मैले यस विश्वविद्यालयमा शैक्षिक सेवा प्रदान गरेको हालसालै ३५ वर्ष पूरा भएको छ ।

**७. अमेरिकाको विश्वविद्यालयमा यहाँले प्राध्यापन गर्ने विषयको महत्त्वका बारेमा अलिकति प्रष्ट पारिदिनुहोस् न ।**

❑ मैले स्नातक र स्नातकोत्तर दुबै तहमा कम्प्युटर विज्ञानका लगभग सबै मुख्य र आधारभूत पाठ्यक्रमहरू पढाउँछु । कम्प्युटर विज्ञानका (एल्गोरिथ्म) Algorithm विश्लेषण, डेटा संरचना (Data Structure), स्वचालित सिद्धान्त (Automata Theory) र गणनात्मक ज्यामिति (Computational Geometry) जस्ता विषयमा अध्यापन कार्य गर्न सक्रिय छु । यी मध्ये एल्गोरिथ्म विश्लेषण त कम्प्युटर विज्ञानको मुटु नै हो । कम्प्युटर विज्ञान अध्येता/अभ्यासीहरूले एल्गोरिथ्म विश्लेषण र डेटा संरचनामा निपुण हुनैपर्छ । गणनात्मक ज्यामिति भने कम्प्युटर विज्ञानको एक यस्तो क्षेत्र हो जसले ज्यामितीय स्वादका समस्याहरूलाई समाधान गर्छ । गणनात्मक ज्यामितिका केही अनुप्रयोगहरू रोबोटिक्स, यातायात, छविप्रशोधन, र नक्सा नेभिगेसन (navigation) जस्ता क्षेत्रमा निकै हुने गर्छन् । हामीले प्रतिदिन प्रयोग गर्ने प्रचलित नक्साहरू (Google Maps, Waze, Map Quest) गणनात्मक ज्यामितिमा आधारित छन् । Global Positioning System -GPS) ले पनि गणनात्मक ज्यामिति अनुसन्धानकर्ताहरूले विकसित गरेका एल्गोरिथ्महरू र खोज प्रविधिहरू प्रयोग गर्छन् ।

**८. यहाँले प्राध्यापन गर्ने विश्वविद्यालयमा के कस्ता विषयहरू पढाइन्छन् ? यहाँका विद्यार्थीहरूले के कस्ता विषय पढ्न रुचाउँछन् ? त्यस्ता विषयमा विद्यार्थीहरूको रुचि बढ्नुको कारण के होला ?**

❑ कम्प्युटर विज्ञानको अग्रभागमा धेरै उदीयमान क्षेत्रहरू छन् । अहिले सबैभन्दा लोकप्रिय क्षेत्रहरूमध्ये साइबर सुरक्षा, मेसिन लर्निङ (machine learning), लार्ज लाँगुएज मोडेल्स (Large Language Models), मानव कम्प्युटर अन्तरक्रिया (Human Computer Interface), र इन्टरनेट अफ थिङ्स (IoT) मुख्य हुन् । द्रुत गतिमा भैरहेको विकास, उर्वर समस्याहरूका लागि अवसरहरू र प्रशस्त रोजगारीका अवसरहरू नै तिनीहरूको लोकप्रियताका मुख्य कारणहरू हुन् ।

**९. नेपाली प्राध्यापक र विद्यार्थीहरूको संलग्नता यस विश्वविद्यालयमा के कस्तो छ नि ?**

❑ हाल हाम्रो विश्वविद्यालयमा नेपाली मूलका चार (tenured/tenuretrac) स्थायी/स्थायी ट्र्याक प्राध्यापकहरू छौं - कम्प्युटर विज्ञान, सिभिल

इन्जिनियरिङ, समाजशास्त्र, र नर्सिङमा एक-एक जना । युएनएलभी (UNLV) मा उच्च अध्ययन गर्न गएका नेपाली छात्रहरूको संख्यामा अहिले अत्यधिक वृद्धि भएको छ । UNLV Nepali Students Union नामक एक छात्र संघ पनि छ । तिनीहरूले तीन महिनाअघि एक सांस्कृतिक कार्यक्रम आयोजना गरेका थिए र त्यहाँ घोषणा गरिएको थियो कि युएनएलभीमा कुल ३५ नेपाली मूलका छात्रहरू अध्ययन गरिरहेका छन् । उनीहरूमध्ये धेरै जसो स्नातकोत्तरमा अध्यन गर्दैछन् ।

**१०. यहाँका लेख - रचनाहरू वा कृतिहरू के कति छन् ?**

- मैले लेखेका र सहलेखन गरिएका थुप्रै लेखहरू IEEE Transactions on Robotics and Automation, Computational Geometry M Theory and Applications, Visual Computer जस्ता विज्ञानसम्बन्धी लेख पत्रपत्रिका र कान्फरेन्सहरूमा छापिएका छन् । इच्छुक पाठकहरूले Google Scholar पेजमा गई मैले लेखेका लेखहरू र ती लेखहरूलाई उद्धरण गरिएका अन्य लेखहरू पढ्न सक्छन् ।

**११. यहाँले नेपालको शिक्षा पद्धति र अमेरिकाको शिक्षा पद्धतिलाई कसरी हेर्नुहुन्छ ?**

- संयुक्त राज्यको विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूमा, विद्यार्थीहरूले आफ्नो रुचिअनुसार धेरै विकल्प चयन गर्न सक्छन् । यहाँ अन्तरविधागत अध्ययनका धेरै अवसरहरू छन्, जुन अझै पनि नेपालमा न्यून मात्रामा मात्र उपलब्ध छन् । उच्च शिक्षा (विशेषतः इन्जिनियरिङ र कम्प्युटर विज्ञानमा स्नातकोत्तर अध्ययन)का विद्यार्थीहरूले स्नातकोत्तर सहायक (GA) र अनुसन्धान सहायक (RA) को अनुदानको लागि प्रतिस्पर्धा गर्न सक्छन् । यस्ता पुरस्कारहरूले निःशुल्क शिक्षा दिनुका साथै पर्याप्त जीवनयापन खर्च प्रदान गर्छन् । GA र RA पुरस्कारहरू उत्कृष्ट शैक्षिक रेकर्ड भएका र सम्बन्धित कार्यक्रमहरू पूरा गर्ने उच्च क्षमता भएका आवेदकहरूलाई लक्षित गरिन्छ । यस्ता अवसरहरू संयुक्त राज्यको R1 विश्वविद्यालयहरूमा प्रचुर छन् तर नेपालमा भने अत्यन्त दुर्लभ छन् । यसबाहेक, अमेरिकी विश्वविद्यालयहरूमा विद्यार्थीहरूले आफ्नो आंशिक खर्च पूरा गर्न क्याम्पसमा (लाइब्रेरी सहायक, लेखा प्रशिक्षार्थी, क्यान्टिन सहायक आदि) काम गर्न सक्छन् । धेरै स्नातक विद्यार्थीहरू र अधिकांश चिकित्साशास्त्रका विद्यार्थीहरूले आफ्नो अध्ययन पूरा गर्नका लागि शैक्षिक ऋण लिन्छन् । यस्ता आर्थिक अवसरहरू नेपालमा सायद सजिलै उपलब्ध नहुन सक्छन् ।

## १२. नेपालको शिक्षा पद्धतिमा सुधार गर्न के गर्नुपर्ला ?

❑ नेपालमा विद्यार्थीहरू राजनीतिक दलहरूसँग अत्यधिक जोडिएका छन् । यसले उनीहरूको समग्र शिक्षालाई हानि पुऱ्याइरहेको छ । कुनै न कुनै तरिकाले विद्यार्थी संघहरूलाई राजनीतिक दलहरूबाट अलग गर्नुपर्छ । विद्यार्थीहरूलाई क्याम्पसभित्र काम गर्ने अवसरहरू भए उनीहरूको खर्चलाई आंशिक रूपमै भए पनि सहयोग भएमा धेरै उपयोगी हुने थियो ।

## १३. अमेरिकामा बसेर हेर्दा समग्रमा नेपाल कस्तो देखिन्छ ? नेपाललाई समुन्नत बनाउन के गर्नुपर्ला ?

❑ अमेरिकामा रहेका पेशागत नेपाली व्यक्तिहरूले आफूले आर्जन गरेका सीपहरू नेपालका समुदायहरूलाई दिनुपर्छ । उनीहरू काठमाडौंबाहिरका संघ संस्थाहरूमा स्वयंसेवा गर्न सक्छन् । नेपालको अद्वितीय भौगोलिक अवस्थिति प्रयोग गरी भर्खर सुरू भएका स्टार्टअपहरूलाई उकास्न प्रयोग गर्न सकिन्छ । हिमाली पानी प्रशोधन गरी विकसित देशहरूमा आपूर्ति गर्दा पनि राम्रो भविष्य देखिन्छ । मेरो पछिल्लो नेपाल भ्रमणमा मैले "रसुवा वाटर" बोतलहरू देखेँ - यो धेरै उत्साहजनक छ । यो धेरै ठूलो स्तरमा गर्नुपर्छ । पर्यटन नेपालको मुख्य आर्थिक गतिविधिहरूमध्ये एक हो । यो पनि निकै ठूलो स्तरमा गर्नुपर्छ । राम्रा होटल/रिसोर्टहरू देखा पर्न थालेका छन् - यो धेरै उत्साहजनक छ । पर्याप्त संख्यामा गुणस्तरीय सडक र हवाइजहाज सञ्जाल जस्ता पूर्वाधारहरू स्थानीय र अन्तर्राष्ट्रिय पर्यटकहरूलाई आकर्षित गर्न महत्त्वपूर्ण हुनेछन् । देशमै उत्पादित जलविद्युत्बाट चार्ज हुने विद्युतीय सवारी साधनहरू प्रयोग गरेर हामीले जीवाश्म इन्धनको खपत घटाउनुपर्छ ।

## १४. सेवा निवृत्त भएपछिको जीवन के कसरी बिताउने विचार गर्नुभएको छ ?

❑ म अमेरिकामा बसेको ४४ वर्ष भइसक्यो । सपनामा पनि म आफूलाई गुल्मीका डाँडाकाँडा र खोल्सामा गाईबस्तु चराउँदै गरेको पाउँछु । मलाई लाग्छ म गुल्मीको माटोको हिस्सा हुँ । मेरो मन भन्छ - अवकाश लिएर नेपालमा जानुपर्छ । तर हाल मेरा छोरा र छोरी अमेरिकामै बसेका छन् । अमेरिकाबाट पूर्ण रूपमा अलग भएर नेपाल बसाइँ सर्नु कठिन छ । हामी ६ महिना नेपाल र ६ महिना अमेरिका बस्ने सोचिरहेका छौं । हाम्रो चाहना पूरा हुनेछ कि हुनेछैन समयले देखाउनेछ । यदि नेपाल र अमेरिका बीचको उडान समय ६ घण्टाभन्दा कम भएको भए त यो सबै सजिलो हुन्थ्यो ।

ooo

# प्रा.लुसियन गोल्डम्यानको साहित्यको मोडेल : जेनेटिक स्ट्रकचरालिस्म (गोल्डम्यानको पद्धति)

✍ **अनुवादक : प्रा.डा. कृष्णचन्द्र शर्मा**
**रुरुक्षेत्र, गुल्मी**

लुसियन गोल्डम्यान (जुलाई २०, १९१३ जन्म र अक्टुबर ८, १९७० मृत्यु) यहूदी रूमानियाँ मूलका फ्रान्सेली दार्शनिक र समाजशास्त्री । उनी बुखारेस्ट, रूमानियामा जन्मे, बोटोसनि भनिने ठाँउमा हुर्के । उनले कानून, राजनीतिशास्त्र, साहित्य र दर्शन विषय बुखारेस्ट विश्वविद्यालय, भियना वि.वि. र ज्यूरिक् वि.वि.मा अध्ययन र अनुसन्धान गरे । उनले संसार प्रसिद्ध फ्रेञ्च शैक्षिक संस्था ह्युमन इकोल पेरिस, जहाँ लुइस् अल्थुजर र मिशेल फुको प्राध्यापक थिए उनी पनि त्यहाँ प्राध्यापक भएर काम गरे । यहूदी भएका कारण सन् १९४२ मा एक वर्ष स्वीट्जरलेन्डको शरणार्थी शिविरमा बिताए र पछि पिआजेट्को सिफारिशमा स्कलरशिप पाएर १९४५मा ज्यूरिक्बाट पीएच् डी गरे, शीर्षक थियो "म्यान्, कम्युनिटि एण्ड वर्ल्ड इन् द फिलसफि अफ् इमानुअल् कान्त" । अन्तिम जीवन स्वीटजरलेण्डमा बिताए । उनी मानवतावादी समाजवादी चिन्तक हुन् । उनले साहित्य अध्ययन पद्धतिकारूपमा जेनेटिक् स्टकचरालिज्मको विचार स्थापित गरे र १९६०को दशकमा यसलाई विकास गरे । उनको चिन्तन जर्ज लुकास र जिन पिआजेट्बाट बढी प्रभावित छ । उनले जिन पिआजेट्को ज्ञानशास्त्र र लुकासको चेतनाको सिद्धान्तबीच समन्वय गरेर द्वन्द्वात्मकतामा आधारित सिद्धान्त जेनेटिक् स्टकचरालिज्मको विकास गरे ।

**उनका केही प्रसिद्ध विचारहरू :**

अ. साहित्यको समाजशास्त्र,

आ. सामाजिक स्वरूप र कलात्मक स्वरूपबीच समानता हुन्छ । त्यसैले साहित्य र समाजबीच अन्तर्सम्बन्ध छ ।

इ. मानसिक संरचनाले सामाजिक संरचनालाई प्रतिबिम्बित गर्छन् ।

ई. सिद्धान्त र व्यवहार अन्तर्सम्बन्धित हुन्छन् ।

**गोल्डम्यानका प्रसिद्ध कृति हुन् :**

१. द हिडन् गड्, २.टुआर्ड अ सोसिअलजि अफ् द नोभेल्,

३. लुकास् एण्ड हेडेगर, ४.द ह्युमन साइन्सेस् एण्ड फिलसफि,

५. कल्चरल क्रिएसन् इन् मडर्न सोसाइटि, ६.इमानुअल कान्त ।

लुसियन गोल्डम्यानको निबन्धहरूको संगालो पुस्तक आकारमा एसेज् अन् मेथड इन् द सोसिअलजि अफ् लिटरेचर् शीर्षकमा टेलोस् प्रेस्,, सेंट लुइस् मो.ले १९८० मा प्रकाशित गर्‍यो । यी निबन्धलाई विलियम क्यू बोल्होवरले अङ्ग्रेजीमा अनुवाद गरे र यसको बृहत् परिचय पनि लेखे । यहाँ छलफल गरिएको यही अङ्ग्रेजीमा अनुवादित भइ प्रकाशित भएको संस्करण हो ।

**विलियम क्यू बोल्होवरको परिचय खण्डबाट**

बोल्होवरले यस पुस्तकमा संकलित लेखहरूका आधारमा साहित्य पद्धतिबारे खासगरी समाजशास्त्रीय सौन्दर्यशास्त्रबारे लुसियन गोल्डम्यानको सैद्धान्तिक योगदानको चर्चा गरेका छन् । गोल्डम्यानको छलफल जेनेटिक संरचनावादसँग गाँसिएको छ । बोल्होवरका अनुसार गोल्डम्यान मूलतः निबन्धकार हुन् उनका लेखनमा तात्कालिक विषयहरू क्रमबद्ध र तार्किकरूपमा प्रस्तुत भएका छन् । हिडन गड् र टुवार्ड ऊ सोसियलजी अफ् द नोवेल, यी दुई कृतिमाथि गोल्डम्यानको परिचय खण्डले यो कुरा स्पष्ट पार्छ । गोल्डम्यानको साहित्य पद्धतिबारे धेरै भ्रम रहेका छन् । त्यसको मुख्य कारण उनले आफ्नो पद्धति निर्माण गर्दा कार्ल मार्क्स, जर्ज लुकास् र जिन् पिआजेट्बाट विभिन्न विचारहरू लिएका छन् तर आफ्नो सौन्दर्यशास्त्रसम्बन्धी विचारलाई स्पष्ट पारेका छैनन् जबकि लुकास् र अडोर्नोका सौन्दर्यशास्त्रसम्बन्धी विचार स्पष्ट छन् ।

लुसियन गोल्डम्यानलाई लुकास्को शिष्य र लुकास्को आदर्शवादी मार्क्सवादबाट प्रभावित व्यक्ति मानिन्छ । लुकास् मार्क्सवादी हुनुअघि नवकान्तीय परम्पराका अनुयायी थिए । गोल्डम्यानले लुकास्बाट प्रवर्गहरूको धारणा "केटेगोरिज्" र पिआजेट्बाट अन्तक्रियात्मक ज्ञानशास्त्रको धारणा लिए र तिनलाई मानवशास्त्रीय आधारमा क्रमबद्ध गरे । गोल्डम्यानमा लुकासको आदर्शवादको प्रभाव कम देखिन्छ किनभने उनले पिआजेट्का विचारद्वारा त्यो आदर्शवादलाई व्यवहारिकतासित गाँसे । गोल्डम्यानले आफै भनेका छन् "म समाजशास्त्री बढी र दार्शनिक कम छु । म विज्ञानको मान्छे हुँ, म ठोस अनुसन्धानको प्रयास गर्छु र मानव र सामाजिक तथ्यहरूको अध्ययनका लागि एउटा सकारात्मक पद्धति छुट्टै विकास गर्ने प्रयास गर्दैछु " (परिचय ६) । लुकास्का प्रवर्गहरूलाई प्रयोग

गरेर गोल्डम्यानले आफ्नो मोडेल विकास गरे । जस्तै मानवविज्ञानमा विषयवस्तु र उद्देश्य, (सब्जेक्ट एण्ड अब्जेक्ट इन् ह्युमन् साइन्सेस्) समाजशास्त्रको ज्ञानशास्त्र (एपिस्टमोलजि अफ् सोसिअलजि) ।

**साहित्यको समाजशास्त्रका केही सकारात्मक र नकारात्मक पक्षहरू :**

१. विषम तहलाई जोड्ने प्रवर्ग : साहित्य र समाज, इतिहास र सौन्दर्यशास्त्र

द्वन्द्वात्मक भौतिकवाद कला र समाजलाई जोड्ने प्रभावकारी पद्धति रहेको छ । द्वन्द्वात्मक प्रवर्गको प्रयोगले समाजशास्त्र वा सौन्दर्यशास्त्रमध्ये कुनैको पनि सर्वोच्चतालाई स्वीकार्दैन (८) ।

लुकास्बाट लिएका सूक्ष्म विश्लेषणात्मक प्रवर्गहरू समग्रता, विश्वरूप, स्वरूप, परावैयक्तिक विषयवस्तु, सम्भावित चेतना उद्देशात्मक सम्भावना हुन् भने पिआजेट्बाट लिएका प्रवर्गहरू महत्त्वपूर्ण संरचना, कार्य, संरचनात्मक र विसंरचनात्मक प्रक्रिया, विषयवस्तु र उद्देश्यको ज्ञानशास्त्रात्मक चक्र र सम अवस्था । लुकासले दार्शनिक र वर्णनात्मक तरिकाले प्रयोग गरेका प्रवर्गलाई गोल्डम्यानले कामकाजी पद्धतिमा परिणत गरे । लुकास् मूलतः दार्शनिक र गोल्डम्यान समाजशास्त्री थिए । गोल्डम्यानले लुकासका प्रवर्गलाई पेजिअट्को जेनेटिक ज्ञानशास्त्रमार्फत औपचारिक स्वरूप दिए । गोल्डम्यानका अनुसार महत्त्वपूर्ण संरचनाको धारणा मानव विज्ञानमा लुकास्को महत्त्वपूर्ण योगदान हो । लुकास्को स्वरूपको अवधारणा र हसरेलको सार "एसेन्स" उस्तै हो । गोल्डम्यानको मोडेलमा महत्त्वपूर्ण संरचना आधारभूत प्रवर्ग हो । यो क्रियाशील र सकारात्मक मोडेल हो । उनको संरचनाको विचार निर्माणवादी विचार हो जबकि लुकास्को विचार निर्माणवादभन्दा पुरानो विचार हो ।

गोल्डम्यान भन्छन् - मानवविज्ञानमा ऐतिहासिक परिवर्तनहरू मानिसले वा संरचनाले कसले ल्याएका हुन् यो कुरा जान्नु महत्त्वपूर्ण छ । जेनेटिक संरचनावादअनुसार संरचनाहरू मानवका विचार, समवेदना र व्यवहारका सार्वभौम पक्षहरू हुन् यिनले ऐतिहासिक विषयवस्तुकारूपमा मानिसको ठाउँ लिन सक्दैनन् (१०) । साहित्यिक कृति एउटा संरचना हो र यो ऐतिहासिक विषयसित जोडिएको हुन्छ । यसरी पाठ्यांशको सामाजिकता र सम्प्रेषणता बुझिन्छ । कला र समाजबारेको गोल्डम्यानको दृष्टि स्पष्ट हुन्छ । एउटा साहित्यिक कृति सामाजिक सौन्दर्य हो । गोल्डम्यानले मानवशास्त्रीय सिद्धान्तलाई आधार मानेका छन् ।

मानव व्यवहारका तीन आधारभूत विशेषताहरू छन् ।

क. मानवले आफ्नो परिवेश आत्मसात् गर्दछ, मानव व्यवहारको यो बौद्धिक पक्ष हो ।

ख. विश्वव्यापी संरचनात्मक प्रक्रियासित तादात्म्यता रहन्छ ।

ग. मानवव्यवहारको गतिशील पक्ष, संरचनाको संशोधनात्मक र विकासात्मक प्रवृत्ति हो (११)

लुकासको पुस्तक हिस्ट्री एण्ड क्लास कन्सस्नेस्मा मुख्य विचार 'समग्रता' हो । लुकासको नवकान्तीय आदर्शवादलाई गोल्डम्यानले आफ्नो लुकास् एण्ड हेडेगरमा निर्माणवादी दृष्टिअनुसार औल्याएका छन् र उनले संरचनालाई नयाँ निर्माणवादी दृष्टिकोण प्रदान गरे र यसरी अनुसन्धातालाई पद्धतिको नयाँ सिद्धान्त दिए ।

लुकास्मा समग्रताको धारणा इतिहासका घटनाभन्दा पर सत्वकारूपमा देखा पर्छ भने गोल्डम्यानमा समग्रता सापेक्षिक संरचना हो यो निश्चित समाजमा परावैयक्तिक विषयवस्तु र कार्यसित गाँसिएको हुन्छ । गोल्डम्यानले समग्रतालाई आदर्शका रूपमा होइन पद्धतिका रूपमा प्रयोग गरेका छन् । समग्रता स्थिर र निरपेक्ष धारणा होइन, यो निरन्तररूपमा संरचित वा विसंरचित हुने प्रक्रियामा छ । सापेक्षित समग्रताको गतिशील र खुला स्वभाव वर्णन गर्न गोल्डम्यानले पियाजेट्को शब्द 'सम- अवस्था' प्रयोग गरेका छन् ।

गोल्डम्यान जस्तो लुकास् साहित्य समालोचनाको पद्धति विकासमा कुनै चासो राख्दैनथे ।

गोल्डम्यानका अनुसार पिआजेट्ले समाज विज्ञानको अनुसन्धानका लागि मौलिक आधार बनाएका हुन् ।

गोल्डम्यानले जेनेटिक संरचनावादी मोडेल विकास गरे, यो एउटा संस्लेषणात्मक पद्धति हो । यसमा उनले लुकास, जिन पिआजेट्, कार्ल मार्क्स, मेक्स वेभरआदिका विचारलाई संस्लेषण गरेर आफ्नो पद्धति विकास गरेका हुन् । जेनेटिक संरचनावादी मोडेल समाजशास्त्रको साहित्य विषयमा गोल्डम्यानको योगदान हो । जेनेटिक संरचनावादी मोडेलका ६ निर्माणात्मक घारणाहरू छन् । यो मोडेल बुझ्नका लागि यी ६ धारणाहरूलाई बुझ्न जरूरी छ । तिनको संक्षेपमा व्याख्या तल दिइएको छ । ती धारणाहरू निम्नानुसार रहेका छन् -

१. महत्त्वपूर्ण संरचना ' सिग्निफिकेन्ट स्टक्चर'

२. परावैयक्तिक विषयवस्तु 'ट्रान्सइन्डिभिजुअल सब्जेक्ट'

३. समग्रता ' टोटालिटी'

४. विश्व दृष्टि 'वर्ल्ड भिउ'

५. सम्भव चेतना - उद्देश्यात्मक संभावना 'पसिबल् कन्सस्नेस् - अब्जेक्टिभ् पसिबिलिटि'

६. सादृश्यता ' होमोलजि' ।

## १. महत्त्वपूर्ण संरचना ' सिग्निफिकेन्ट स्टक्चर'

संस्कृतिको इतिहासमा मानवविज्ञान बुझ्नका लागि गोल्डम्यानका अनुसार महत्त्वपूर्ण संरचनाको धारणा मुख्य अनुसन्धान साधन हो । धारणाकारूपमा यो मानव तथ्यको संरचना र उपरिसंरचनाका तहमा आधारित छ । गोल्डम्यानले पिआजेट्को जेनेटिक् मनोविज्ञान र मार्क्सको द्वन्द्वात्मक सिद्धान्तलाई संयोजन गरेका छन् । साहित्यको समाजशास्त्रमा अति महत्त्वपूर्ण यी दुई तह संरचना र उपरिसंरचना द्वन्द्वात्मक तरिकाले जोडिएका छन् । साहित्य कृतिको महत्त्वपूर्ण संरचना र परावैयक्तिक विषयवस्तु र सामूहिक चेतना अन्तर्सम्बन्धित छन् । गोल्डम्यानको मोडेलमा संरचनाहरूका बीचमा गुणात्मक तहमा सादृश्य सम्बन्ध देखिन्छ । पिआजेट्को बुद्धिको अनुकुलन स्वभाव र मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई संयोजन गरेर गोल्डम्यान मानव व्यवहारको मनोवैज्ञानिक र समाजशास्त्रीय यथार्थतालाई बुझ्न सफल भए । उनका अनुसार मानवव्यवहार उसको अन्य व्यक्तिहरू र परिवेशसँगको सम्बन्ध र समस्याहरूको तारतम्यपूर्ण प्रतिक्रिया हो । यस द्वन्द्वात्मक सम्बन्धमा मान्छेको चेतना र अभ्यासबीच अन्तर्सम्बन्ध हुन्छ । बृहत्तर संरचनाअन्तर्गत मानवका कुनै पनि कार्य (काल्पनिक, सैद्धान्तिक, व्यावहारिक र भावनात्मक) महत्त्वपूर्ण हुन्छ । मानवीय यथार्थताको सामाजिक तहमा सार्थकता व्याख्या गर्न पिआजेट्को आत्मसात् र अनुकुलनको 'एसिमिलेसन् र अकोमोडेसन्सम्बन्धी विचारको 'शृङ्खलामा भर पर्छन् । पिआजेट्का अनुसार " आवश्यक उद्देश्य जसले संरचना निर्माण गर्दछ त्यो नै आत्मसात् हो ...यसले नै संरचनाको योजना र संरचना नै बनाउँछ" पिआजेट्, १९६८:१०२) । अनुकुलनले व्यक्ति र समूहमाथि परिवेशको प्रभाव देखाउँछ । यस सन्दर्भमा आत्मसात् प्रकृया संशोधित हुन्छ र व्यक्तिलाई परिवेशसित आत्मसात् गर्ने अनुमति मिल्छ । वास्तवमा संरचनाको महत्त्व भन्नु विषयवस्तु र उद्देश्य चक्रको मानवशास्त्रीय वर्णन हो, विषयवस्तुले परिवेशसित सन्तुलित तादात्म्य खोज्नु हो, सामाजिक परिवेश, विषयवस्तु र संरचनाबीच सन्तुलन खोज्नु हो ।

पिआजेट्लाई अनुसरण गर्दै गोल्डम्यान भन्छन् संरचनाहरू व्यक्तिका दैनिकी व्यवहार र घटनाबाट जन्मिन्छन् र यी स्थायी हुदैनन् । उनी संरचना भन्दा संरचनाको प्रकृया भन्न रुचाउँछन् । यहाँ निरन्तर संरचनाको प्रक्रिया 'आत्मसात्' र विसंरचनाको प्रक्रिया 'अनुकूलन' चलिरहन्छ, अन्तमा सापेक्षित सम अवस्था र तादात्म्यमा टुङ्गिन्छ । संरचना महत्त्वपूर्ण छन् किनभने इनले निश्चित काम पूरा गर्छन् ।

महत्त्वपूर्ण संरचना, गोल्डम्यानका लागि साहित्यको समाजशास्त्रमा सैद्धान्तिक प्रयोग रहेको छ । यो व्यवहार र सिद्धान्तको द्वन्द्वात्मक एकतामा आधारित छ । मानव एउटा विषयवस्तु हो जो मानसिक प्रवर्गहरूको समुच्चयबाट संरचित हुन्छ । मार्क्सले इतिहास निर्माण गर्ने मानव समूहको संरचना बुझ्नुपर्छ भनेका छन् । संरचना बुझ्नु र व्याख्या गर्नु उस्तै काम हो । एउटा सामाजिक वर्ग समाजका वर्गहरूको समग्रतामा समाहित हुन्छ, एउटा वर्गको संरचना बुझ्दा अरूको संरचना पनि बुझिन्छ । समाजमा समूहको संरचना बुझ्दा तिनका सम्बन्धको संरचना बुझिन्छ र यसले साहित्यकृतिको संरचना बुझ्नसमेत सहयोग गर्छ । साहित्यिक कृतिको अर्थ र इतिहासको विशिष्ट घटना सम्बन्धित हुन्छन् । कृतिको संरचनात्मक तादात्म्य तार्किक होइन बरू यो क्रियात्मक हुन्छ । विश्व दृष्टिको संरचना प्रक्रियासित गाँसेर सौन्दर्य सिद्धान्त बुझ्न सकिन्छ । सौन्दर्यको महत्त्व सामाजिक व्यवस्थासित गाँसिएको हुन्छ ।

गोल्डम्यानको पद्धतिगत प्रश्न कर्ता को हो ?जसको जीवन र व्यावहारिक क्रियाकलापले उद्देश्यलाई निर्धारित गर्दछ । यस्तो कुरा परावैयक्तिक विषयवस्तुको तहमा मात्र संभव छ ।

## २. परावैयक्तिक विषयवस्तु 'ट्रान्सइन्डिभिजुअल सब्जेक्ट'

सांस्कृतिक सृजनाको विषयवस्तु शीर्षकमा गोल्डम्यानले संरचनाको समाजशास्त्रीय अध्ययनलाई अघि बढाए । संरचनालाई क्रियात्मक बनाउने प्रयास, तिनको महत्त्वको व्याख्या र व्यक्तिगत तहमा रूपान्तरणका कारक तत्व पर्याप्त छैनन् । सामाजिकीकरणका सन्दर्भमा मात्र व्यक्तिको संरचना व्याख्या गर्न सकिन्छ र सामूहिक प्रवर्गले मानिस के बन्न सक्छ भन्ने कुराको निर्धारण गर्दछ । गोल्डम्यानले यसलाई अन्तरविषयात्मक तह भनेका छन्, बहुल विषयक समग्रता यस प्रक्रियाले समाहित गर्दछ । यस प्रक्रियामा इतिहासको सृजना हुन्छ, सामूहिक प्रयासबाट मात्र इतिहास संभव हुन्छ । यस तहमा पनि रूपान्तरणको उद्देश्यात्मक संभावना रहन्छ । यो प्राविधिक दृष्टिले विचारणीय छ । परावैयक्तिक विषयले व्यक्तिको मानसिक प्रवर्गहरू र सांस्कृतिक सृजनाका संरचनाहरूलाई समन्वय गर्ने काम गर्छ ।

ज्याक्स लीनहार्ड भन्छन् सांस्कृतिक सृजनाका विषयको सिद्धान्त पूर्ण छ र यसलाई समाजशास्त्रको साहित्यअन्तर्गत समावेश गरिएको छ । गोल्डम्यानले सांस्कृतिक व्यवहारलाई सामाजिक व्यवहारका रूपमा पेश गरेका छन् र सबै गैर द्वन्द्ववादी द्वैततासित आफूलाई अलग राखेका छन् । यो पहुँच आदर्शवादी, अस्तित्ववादी र पोजिभिस्टभन्दा भिन्न व्यावहारिक र विश्लेषणात्मक छ । गोल्डम्यानका अनुसार परावैयक्तिक विषय इतिहासअन्तर्गत व्यापक र वर्णनीय छ ।

धारणा र समग्रताका दृष्टिले विश्वदृष्टिको एउटा ठोस ऐतिहासिक आधार छ । सादृश्यताको धारणा लुकासले प्रयोग गरेझैं केवल प्रतीकात्मक होइन यो ठोस र द्वन्द्वात्मक संभाव्यता हो । सामूहिक विषयका माध्यमले सांस्कृतिक आधार निर्माण गर्ने मानसिक प्रवर्गहरूको समुच्चयलाई व्याख्या गर्न सकिन्छ जसका आधारमा सृजनशील व्यक्तिले सृजना गर्दछन् । कुनै विषय वा सांस्कृतिक सृजना आफैमा सामाजिक हुदैन । कलाकारले आफ्नो विश्व आफै सृष्टि गर्दैन, सामाजिक मान्यताअनुसार वा अरूले व्याख्या गरेबमोजिम उसले विश्व सृजना गर्दछ । गोल्डम्यान कलाकारका बारेमा लेख्छन् "मौलिकता निश्चितरूपमा आवश्यक अवस्था हो तर यो पर्याप्त छैन" (२०) । बलियो व्यक्तित्वले चेतनाको जीवनलाई पहिचान गर्नुपर्दछ अर्थात् सक्रिय र सृजनशीलपक्षका साथ सामाजिक चेतनाका आवश्यक शक्तिहरू समावेश हुनुपर्दछ । यसरी उनले प्रयोगयोग्य मोडेल निर्माण गरे ।

### ३. समग्रता

हेगल, मार्क्स र पास्कलको अध्ययनबाट लुकासमा समग्रताको धारणाप्रति रुचि जाग्यो । गोल्डम्यानले कान्तमाथिको आफ्नो थेसिसमा पहिलो पटक सन् १९४५मा समग्रताको धारणाबारे चर्चा गरे । लुकासको पुस्तक हिस्ट्री एण्ड क्लास कन्सस्नेस्मा समग्रताको धारणाका बारेमा विशद चर्चा गरिएको छ । उनी भन्छन् समग्रताका दुई मुख्य स्वरूपहरू छन् : विश्व र मानव समुदाय, दर्शनका यी दुई अति महत्त्वपूर्ण प्रवर्ग हुन् र साथै ज्ञानशास्त्र, नीतिशास्त्र र सौन्दर्यशास्त्रमा पनि यी महत्त्वपूर्ण छन् । जसरी महत्त्वपूर्ण संरचनाको धारणाले गोल्डम्यानको मोडेलका अन्य धारणाहरूलाई समावेश गर्दछ त्यसैगरी समग्रताको धारणाले बृहत् विश्लेषणको सिहावलोकन प्रदान गर्दछ । कान्तको 'थिङ्ग इन इटसेल्फ' र हेगलको 'एब्सुल्याट् स्पिरिट्' र गोल्डम्यानका प्रवर्गहरू यसै संसारसित सम्बन्धित छन् । गोल्डम्यानले दोहऱ्याइरहने भनाइ हो, 'समस्याको इतिहास भनेको इतिहासको समस्या हो' । इतिहासलाई एकीकृत, ज्ञेय सामाजिक प्रक्रिया

मानिएको छ । यसको व्यापकताले गर्दा सकारात्मक (वर्णनात्मक) र समीक्षात्मक (व्याख्यात्मक) दुबैखाले विश्लेषण संभव छ । गोल्डम्यानको समग्रता पिआजेट्को अन्तक्रियात्मक सिद्धान्तमा आधारित छ । समाजको निर्माण निरन्तर अन्तरक्रियात्मक सापेक्षिक समग्रताबाट बनेको हुन्छ ।

'समग्रता' वर्गहरूको व्यवहारमा प्रतिबिम्बित हुन्छ । साहित्यिक कृतिलाई ठोस द्वन्द्वात्मकतामा बुझ्न सकिन्छ । गोल्डम्यानको मोडेलका तीन प्रवर्ग /धारणा यहाँ सान्दर्भिक छन्, ती हुन् : विश्व दृष्टि, सम्भव चेतना– उद्देश्य संभावना र सादृश्यता । एकातिर समग्रताले पूर्ण सामाजिक ऐतिहासिक प्रकृयालाई संकेत गर्छ । बहुल विषयका विचारधारात्मक दृष्टिकोणमाथि समीक्षात्मक तहको व्याख्या गर्दछ । अर्कातर्फ विश्व दृष्टि, प्राकृतिक परिवेश र अन्य समुदायद्वारा प्रस्तुत समस्यामाथि एउटा समुदायले दिने प्रतिक्रियाको प्रयास 'समग्रता' हो । यो प्रयास समग्र समाजलाई निर्देशित गर्ने प्रयास हो । समुदायका सन्दर्भमा व्यक्तिले गर्ने सन्तुलन र तारतम्यको प्रयास हो । विश्वको तहमा सामाजिक निर्देशन परावैयक्तिक तहको विषयको जीवितताको सवाल हो । गोल्डम्यानका अनुसार समग्रताको सिद्धान्तले के कुरा स्वीकार्दछ भने तथ्यमा आधारित नभएको कुनै सिद्धान्त हुँदैन र विश्वदृष्टिभन्दा बाहिर कुनै तथ्य हुँदैन (२१ र २२) ।

### ४. विश्वदृष्टि

विश्वदृष्टिहरू स्पष्टरूपमा ठोस, सकारात्मक र द्वन्द्वात्मक हुन्छन् । ला डिल्थीले विश्वदृष्टिकोणलाई मनोविज्ञानमा आधारित बनाए भने गोल्डम्यानले बहु विषयमा आधारित बनाए । जिन दुबिनाड्का अनुसार गोल्डम्यानको विश्वदृष्टिको धारणा सबैभन्दा महत्त्वपूर्ण योगदान हो । यसले साहित्यिक कृतिको तहगत व्याख्या गर्दछ । विश्वदृष्टिको परावैयक्तिकताले कृतिको एकता वा कृतिहरूको व्यवस्था, मूल्य र प्रवर्गहरूको व्यवस्थाको व्याख्या गर्दछ । यस सन्दर्भमा मुकारोभस्की भन्छन् : विश्वदृष्टि विचारधारा र दार्शनिक व्यवस्थाको आधार हो यो कलात्मक कृतिको अभिव्यक्तिभन्दा पृथक् अस्तित्व हुन्छ तर कलात्मक संरचना र यसका विभिन्न अङ्गका बीच समन्वयको मूल सिद्धान्त हो" (उद्धृत गोल्डम्यान २३) । मार्क्सवादी र सिमिअलजिस्टले विश्वदृष्टिलाई विचारधारा या मिथ्या चेतना मानेका छन् तर गोल्डम्यानका लागि विश्वदृष्टि ग्राम्चीलेझैं क्रियात्मक 'एक्सन फडसन्' सिद्धान्त मानेका छन् । यसले सीमान्तीकृत वर्गहरूको सहज चेतनालाई बैद्धिक, विश्लेषणात्मक, व्यवस्थित र एकात्मक बनाउँछ । गोल्डम्यान र ग्राम्ची दुबैजनाले उपरि संरचनाको तहलाई वास्तविक संरचनका रूपमा महत्त्व दिएका छन् । वास्तवमा ग्राम्चीको सहज ज्ञानको विचार र गोल्डम्यानको विश्वदृष्टि एवम्

सत्यचेतना उस्तै धारणा हुन् । लेखक नै पहिलो व्यक्ति हो जसले मानव र प्रकृतिबीचको सम्बन्ध, अन्तरमानव सम्बन्ध, समाज विश्वसंरचनाबीचको सम्बन्धलाई बुझेर आफ्नो कृतिमा उतार्छ । सर्जकको सृजना र मौलिकता समाजसितको सम्बन्धमा हेर्नुपर्छ । सांस्कृतिक व्यवस्था जसबाट सर्जकले भाषा लिन्छ उसले छुट्टयाउँछ कति कुरा समाज र संस्कृतिबाट लिने कति छाड्ने । विभिन्न कृतिका विषयवस्तु अलग अलग हुन्छन् तर समान विश्वदृष्टिबाट प्रेरित हुन्छन् ।

गोल्डम्यानले कृतिको संरचना र साहित्य सृजना गर्ने माध्यम जसले विश्व दृष्टिलाई समाहित गरेको हुन्छ, यी दुईका बीच सूक्ष्म विश्लेषणात्मक तादात्म्य स्थापित गर्दछ । यो साहित्यको संरचना र साहित्यिकताबीच सम्बन्धित हुन्छ । यसले भाषाका संकेतमाथि अर्थको महत्त्वलाई स्थापित गर्छ । उनले ल्याङ्ग्वेज अफ् क्रिटिसिज्ममा भनेका छन् "अमूर्त भाषावैज्ञानिक र शैलीगत स्वरूपहरूलाई एकैठाउँमा ल्याउन सकिन्छ र तिनलाई विषयवस्तुको स्वरूप 'फर्म अफ् कन्टेन्ट' भन्न सकिन्छ" (१०८) ।

गोल्डम्यानको पुस्तक द फिलसफी अफ् इन्लाइटेन्मन्टमा विश्वदृष्टिका चर्चामा बर्नार्ड ग्रोथसिनको प्रभाव देखिन्छ । लुकासको द सोल एण्ड फोर्मस्को चर्चा उनले आफ्नो कृति द हिडन् गडमा गरेका छन् । उनी भन्छन् लुकासको दुःखान्त विश्वदृष्टि कान्तबाट प्रभावित रहेको छ र यसको इतिहाससित कुनै आन्तरिक सम्बन्ध छैन (२३-२५)

## ५. संभव चेतना - उद्देश्यात्मक संभावना ' पसिबल् कन्सस्नेस् -अब्जेक्टिभ् पसिबिलिटि'

संभव चेतना - उद्देश्यात्मक संभावना 'पसिबल् कन्सस्नेस्-अब्जेक्टिभ् पसिबिलिटि'को धारणा गोल्डम्यानले लुकासको कृति हिस्ट्री एण्ड क्लास कन्सस्नेस्बाट लिएका हुन् । लुकास भन्छन् वर्गचेतनाले वर्गको आफ्नो सामाजिक ऐतिहासिक एवम् आर्थिक अवस्थाप्रतिको अचेतनालाई पनि संकेत गर्छ । यस अवस्थाले सारा जीवन प्रभावित हुन्छ । व्यक्तिका तात्कालिक क्रियाकलापले वर्गको निर्माण गर्दछ यसले संरचनात्मक सम्बन्धलाई उपेक्षा गरेको हुन्छ । गोल्डम्यानले व्यक्तिको बहुल तहको चेतनालाई वास्तविक चेतना भनेका छन् ।

समुदायहरू आफ्नो वर्तमान अवस्थाका लागि अन्य समुदायमाथि निर्भर रहन्छन् । उनीहरूबीचको सम्बन्ध निरन्तर परिवर्तन भइरहन्छ । समग्र समाजको प्रक्रियामा

उनीहरूको सम्बन्ध उच्च तादात्म्यपूर्ण समझदारीमा पुग्न गाहारो हुन्छ । गोल्डम्यानले यस्तो व्यवहारलाई धेरैमात्रामा अचेतन भनेका छन् । कुनै समुदायको मानसिक प्रवर्गको संरचना सामान्यतः अन्तर्निहित र भित्री हुन्छ ।

व्यक्तिहरूलाई परावैयक्तिक विषय बनाउने सम्बन्धमा कलाकार नै संरक्षक या सुरक्षागार्ड हो । उसले मनसायसहित वा रहित, यथार्थतालाई चिर्दै परावैयक्तिक विषयको मानसिक प्रवर्गमा अन्तर्निहित संभव दृष्टि निर्माण गर्दछ । संभव चेतनामा केही मूल्यहरूलाई लगिन्छ किनभने विश्वदृष्टिको अभिव्यक्ति कलाकारका लागि अप्ठेरो काम हो, यो शून्यतामा हुन सक्दैन । निश्चित तथ्य परिवेशमा मानव आवश्यकताका रूपमा व्यक्तिगत आकाङ्क्षाका अभिव्यक्ति वा स्वैरकाल्पनिक अतिरञ्जित अभिव्यक्ति पराऐतिहासिक दृष्टिका रूपमा आँउछन् । संभव चेतनाका हिसाबले कुनै विश्वदृष्टिलाई समाजको व्यवहारबाट अलग्याउन मिल्दैन । अर्थात् उद्देश्यात्मक संभावनाबाट, यदि अलग्याइयो भने त्यो स्वैच्छिक ज्ञानशास्त्रीय द्वैधता हुन्छ । कुनै चेतना समग्रताभन्दा बाहिरबाट बोल्न सक्दैन । यसलाई अडोर्नो समीक्षात्मक चेतना र हसरल ट्रान्सेन्डेन्टल इगो भन्छन् ।

कलाकारले समाजको भावी दृश्यको कल्पना समाजभित्रबाट नै गर्न सक्छ, आफू वरिपरि र अलि परको परिवेशलाई आधार बनाउँछ । निश्चित संस्कृतिभित्र कलाकारको कल्पना उद्देश्यात्मक संभावनाले निर्धारित गर्दछ । परावैयक्तिक विषयहरूले इतिहासको निर्माण गर्छन्, विश्वदृष्टि बनाउँछन् र परिवर्तन संभव पार्छन् । विषयहरूको संरचनात्मक प्रवृत्ति बुझेर मात्र यो संभव छ । समकालिक वास्तविक चेतना लेखकको अभिव्यक्तिको आधार हो । लेखकले वास्तविक चेतनाको तात्कालिक विषयको तहलाई संरचनात्मक सामाजिक वर्गको विश्व प्रवृत्तिको चेतनासँग गाँस्दछ । यही हो गोल्डम्यानको काव्यसिद्धान्त 'पोइसिस्' ।

कलाकारले पुरातत्त्वविद्का रूपमा व्यक्तिका सम्बन्धहरूलाई उद्देश्यीकरण गर्दै निस्कर्षमा पुर्‍याउँछ । लुकास भन्छन् वर्गचेतनाको उद्देश्य, उद्देश्यात्मक संभावनाको सिद्धान्त हो । सापेक्षिक समग्रताका दृष्टिले कलाकार आफूलाई व्यक्तिको चेतनाबाट दूरी कायम गर्दै उद्देश्यात्मक सम्भावना र संभव चेतनामा पुर्‍याउँछ । लेखक एउटा तन्तु समातेर त्यसको स्रोतसम्म पुग्छ । व्यक्तिको मानसिक प्रवर्गका संरचनाहरूको उद्गम सामाजिक व्यवहार हो । बहुल विषयका विश्वदृष्टिलाई व्याख्या गरेर कुनै योजना विचारणीय वा अविचारणीय हो त्यो निश्चय गर्न सकिन्छ । दुई कारक तत्त्वले व्यक्तिको उद्देश्यात्मक संभावना निर्माण गर्छन् । ती हुन् : बाह्य अवस्था (सामाजिक सम्बन्धको समुच्चय जो बहुल विषयको आधार हो र व्यक्ति बहुल विषयसित सम्बन्धित हुन्छ) र मानसिक प्रवर्गहरू । एउटा वर्गका सम्बन्धको समुच्चयलाई जानेपछि संरचनात्मक

संभावनाको सीमालाई बुझिन्छ । संरचनात्मक स्वरूपहरू मानिसको परिवेशसितको अन्तक्रियाका बिन्दुहरू हुन् जसले मानिसको बाह्य र आन्तरिक स्वभावको उद्देश्यलाई निश्चित गर्दछ, इतिहासको सत्व त्यसैमा अन्तर्निहित हुन्छ ।

साहित्यको इतिहास, साहित्यिक तथ्यहरूको परिणाम मात्र होइन, पाठहरूको क्रमिकता र एक आपसमा सापेक्षिक स्वतन्त्रता र महत्त्वपूर्ण तथ्यहरूको प्रतिनिधित्व हो ।

## ६. सादृश्यता 'होमोलजि'

सादृश्यताको धारणाकासाथ गोल्डम्यानको मोडेल पूरा हुन्छ । उनले कला र समाजको अन्तर्सम्बन्ध केन्द्रित मोडेल बनाए । सिद्धान्त र व्यवहारको अन्तर्निभरता । उनको पुस्तक टुआर्ड ऊ सोसिअलजि अफ् नोभेल्मा गोल्डम्यान साहित्यिक निश्चित्तताको 'लिटरेरी डिटर्मिनिस्म' शिकार भएको आरोप छ, खासगरी सादृश्यताका धारणाका आधारमा । हामीले उनले दिएको चेतावनीमा ध्यान दिनुपर्छ । कलाकार र समाकालिक रेफाइड समाजबीच सक्रिय मध्यस्थताको अभाव छ । सादृश्यता भनेको साहित्यिक कृति अनुकरणको तहमा झर्‍यो भनेको होइन । कुनै प्रवर्गको प्रयोग संभव चेतनामा भर पर्छ । प्रवर्गको प्रयोग र संभव चेतना संरचनाका दुई तह एक आपसमा अन्तर्निर्भर रहेका छन् । इतिहासको विषयवस्तु सोझै साहित्यमा आउनुपर्छ भन्ने कुरा होइन, साहित्यिक कृतिको काल्पनिक संरचना समाजका वर्गहरूको सामूहिक चेतनासित सम्बन्धित हुनुपर्छ ।

लटम्यान र उस्पेन्किज्ले पनि गोल्डम्यान जस्तै गरी सादृश्यताको धारणाको प्रयोग गरेका छन् । उनीहरूले कला र उद्देश्यबीच मर्फोलजिकल सादृश्यता स्थापित गरेका छन् । कला, संस्कृतिको भाषावैज्ञानिक उपव्यवस्था हो, घटनाहरूलाई चयन गरेर भाषा माध्यमले साहित्यकृति बन्छ । यी संस्कृतिका संभावनाहरूका अनुभूति हुन् । घटनालाई संरचनामा परिणत भाषाले गर्दछ । रोसील्यान्डीले पनि सादृश्यताको प्रयोग भाषिक उत्पादन र पदार्थको उत्पादनबीचको सम्बन्ध देखाउन गरे । तर उनले सिमिअलजि केन्द्रित सम्बन्ध देखाए । मानव र सबै खाले उत्पादनबीच छुट्टयाउन नमिल्ने एकता छ । चार अन्तर्सम्बन्धित बुँदाहरूले दुई उत्पादन व्यवस्थाबीचको सम्बन्धमा सादृश्यता देखाउँछ ।

क. मानिसले दुई व्यवस्था क्रमशः बनाउँछ, एक विना अर्काको अस्तित्व हुँदैन ।

ख. मानिस पशुभन्दा भिन्न सामाजिक प्राणी भएको कुरालाई उपर्युक्त दुई व्यवस्थाले आधार दिन्छन् ।

ग. भाषावैज्ञानिक सम्प्रेषणले संसारमा यथार्थ वस्तुहरूको उपस्थिति जनाउँछ र संकथनले व्याख्या गर्छ ।

घ. दुबै उत्पादन उस्ता उस्तै छन् र यिनको सामाजिक प्रयोग रहेको छ ।

सादृश्यताको धारणा सहितको गोल्डम्यानको मोडेल समाजशास्त्रका लागि र संस्कृतिको संकेतशास्त्र दुबैका लागि महत्त्वपूर्ण छ । उनी लेख्छन् "साँच्चिकै महत्त्वपूर्ण काम र सामाजिक समूहबीचको सम्बन्ध सृजनाको असली विषयवस्तु हो–सर्जकका माध्यमले – कृतिका विभिन्न तत्त्वहरू र समग्र सृजनाबीचको सम्बन्ध, दुबै सम्बन्ध महत्त्वपूर्ण छन् " (टु स अफ् नोभेल, १५८, उद्धृत ३१) । समालोचकहरूले सादृश्यतालाई विभिन्न अर्थमा बुझे जस्तै प्यारेललिज्म, सुपरइम्पोजिसन्, जक्टापोजिसन्, इमानेसन्, कन्भर्जिड एक्सन्, रेसिप्रोसिटि वा एनालजि । वास्तवमा गोल्डम्यानले सादृश्यतालाई 'आवश्यक' 'उल्लेख्य' सम्बन्धका रूपमा लिएका छन् । प्यारेलेलिज्म र जक्टापोजिसन्ले संकेत गरेझैं समाज र साहित्यिक कृतिबीचको स्वेच्छाचारी सम्बन्धसित सादृश्यताको कुनै सम्बन्ध छैन । गोल्डम्यानको मोडेलमा द्वन्द्वात्मकता महत्त्वपूर्ण आधार हो । गोल्डम्यानको सादृश्यता क्रियात्मक आवश्यकता भएको द्वन्द्वात्मक निर्माणवादी सिद्धान्त हो । बृहत्तर संरचनाअन्तर्गत यसमा क्रियात्मक तादात्म्यता हुन्छ । सादृश्यतालाई महत्त्वपूर्ण संरचनाको धारणाबाट हेर्नुपर्छ । यसरी सादृश्यता, संरचना र कार्यबीचको सम्बन्ध हो । सादृश्यता पद्धतिगत प्राक्कल्पना हो । यो पिआजेट् र लुकास्को दार्शनिक र मानवशास्त्रीय विचारबाट लिइएको हो ।

सादृश्यताको सिद्धान्तअनुसार कुनै पूर्ण वस्तु या अवस्थालाई अंशहरूको जोडमात्र भन्न सकिन्न, यो त अंशहरूबीचका सम्बन्धको परिणाम हो । साहित्यिक कृतिमा समग्र समाज हुन्छ त्यसलाई सन्दर्भबाट छुट्टयाउन मिल्दैन । सादृश्यताको प्राक्कल्पनामा संरचनाको वर्णन हुन्छ । गोल्डम्यानले विकास गरेको कलाको मानवशास्त्रीय दृष्टि यही हो । सिद्धान्तका हिसाबले वर्ग वा वर्गहरूको सामूहिक चेतनाको सादृश्यता हो साहित्यिक कृति । लोट्म्यानले यसलाई संस्कृति समग्रताको व्यवस्था भनेका छन् । गोल्डम्यानअनुसार सादृश्यताको सम्बन्ध केवल सचेत विचारधाराको तहमा मात्र होइन कृतिको काल्पनिक विश्वको अचेत तह र समग्रताभित्र समूहको सामूहिक चेतनासित पनि हुन्छ ।

तादात्म्यको धारणा साहित्यिक कृतिको संरचना र समूह मानसिक प्रवर्गको संरचनाभन्दा भिन्न हुन्छ । हुन त यी दुबै सादृश्य हुन् । गोल्डम्यानका दृष्टिले प्रत्येक महान् कृतिमा नकारात्मकता र परलौकिकताको 'ट्रान्सेन्डेन्स' तत्त्व आवश्यक हुन्छ, र तिनको अभिव्यक्ति ऐतिहासिक अवस्थाले विशिष्टीकृत हुन्छ, सामाजिक सम्बन्धले कलाकारको आत्म अभिव्यक्तिलाई पनि उद्देश्यात्मक संभावनाले डोस्याउँछ ।

यसरी उपर्युक्त छ प्रवर्गहरूले गोल्डम्यानको जेनेटिक मोडेल तयार हुन्छ ।

## सन्दर्भग्रन्थ


- ❑ लुसियन गोल्डम्यान, एसेज् अन् मेथड इन् द सोसिअलजी अफ् लिटरेचर्, अनुवादित र सम्पादित
- ❑ विलियम क्यू बोल्होवर १९८० ।


ooo


**गुल्मी अस्पताल सामाजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूहरू :**

*गरिब, असहाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसापीडित (बालबालिकासमेत), महिला स्वास्थ्य स्वयंसेविका, प्राकृतिक प्रकोप (भू-कम्प, बाढी, पहिरो, आगलागि आदि), शहिद परिवार, कुपोषित बालबालिका, प्रहरीले ल्याएका थुनुवा, दुर्घटनामा परेका आकस्मिक बिरामी (अभिभावक नभएको), सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाति*

**माथि उल्लिखित लक्षित समूहका बिरामीहरूलाई उनीहरूको आर्थिक अवस्थाको मूल्याङ्कन एवम् परिचय-पत्रका आधारमा अस्पतालमा उपलब्ध सेवाहरूमा छुट प्रदान गरिनेछ । तर लैङ्गिक हिंसापीडित व्यक्तिका हकमा भने उपलब्ध हुने सबै स्वास्थ्य सेवाहरू निःशुल्क रुपमा पाउने व्यवस्था मिलाइनेछ । अस्पतालले छुट्याएका १०% निःशुल्क शैयचामा बेवारिसे लोपोन्मुख अति गरीब, ज्येष्ठ नागरिक आदिलाई प्राथमिकताका आधारमा सुविधा उपभोगको अवसर प्रदान गरिनेछ ।**

**गुल्मी अस्पताल**

**सामाजिक सेवा एकाइ**

**तम्घास, गुल्मी**

# गजल

✍ **बूँद राना**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

छु आजाद भन्छौं र गर्छौं गुलामी
कहाँसम्म लाछी भयौं आज हामी !

जुझारूहरू बिर्सिई बिर्सिंदैनन्
दिएकै छु दिन्छू गजलको सलामी !

यथास्थानमा आज भेटिन्न कोही
बनेछन् कि क्या हो सबै अग्रगामी !

यहाँ व्यक्तिको स्वास्थ्यको के कुरा भो !
म देख्तै छु ऐले छ देशै बिरामी !!

छ बाँकी कसिङ्गर हिंजै फाल्नु पर्ने
सबै पर्खिंदैछन् गजबको सुनामी !

यतिन्जेल यो बूँदको भार धान्यौं
दिऊँ के म भन्छु - सबैमा नमामी !!

ooo

**सार्वजनिक सन्देश**

- सडक तथा पुल हाम्रो साझा सम्पत्ति हो, त्यसैले सडक तथा पुलको संरक्षण गरौं ।
- सडक अतिक्रमण गर्ने काम अपराध हो । सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐनअनुसार कारबाही हुने सबैमा जानकारीका लागि अनुरोध छ ।
- पुलहरूमा जथाभावि दिसा, पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।
- पुलको तलमाथि खोलाबाट बालुवा, गिटी, ढुङ्गा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा आदि नझिकौं । पुलमाथि सकभर सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।

**मदन भण्डारी राजमार्ग योजना कार्यालय**

**तम्घास, गुल्मी (फोन : ०७९-५२००५२)**

# श्राद्धसम्बन्धमा केही जानकारी

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**बौद्ध, रामहिटी, काठमाडौं**

श्राद्धसम्बन्धी विषयमा सबैजसो धर्मशास्त्रका पुस्तकहरूमा र धेरैजसो पुराणहरूमा पनि उल्लेख भएको पाइन्छ । त्यसो त रामायण र महाभारतजस्ता बृहत् महाकाव्यहरूमा पनि उक्त विषयमा चर्चा गरिएको भेटिन्छ ।

स्कन्दपुराणको नागरखण्डमा श्राद्धकल्प उल्लेख गरिएको देखिन्छ । त्यसमा बताएअनुसार – महाराज हरिश्चन्द्रका छोरा राजा रोहिताश्वले श्राद्धकल्पका विषयमा जान्न खोजेपछि मार्कण्डेय ऋषिले महाराज ! म हजुरलाई उहिले आनर्त देश (अहिलेको गुजरात प्रदेश)का राजाले सोधेको बेला भर्तृयज्ञ नामका विद्वान्ले यस विषयमा बताएको कुरा जस्ताको तस्तै सुनाउँछु । जुन सुनेरमात्रै पनि मनुष्यले श्राद्धको फल पाउन सक्छ । आफ्ना पितृको श्राद्ध हरेक महिनाको अमावास्या तिथिमा अवश्य गर्नुपर्छ । जस्तो किसिमले जाडोले आत्तिएका मनुष्यले आगो ताप्न र कम्बल ओढ्न चाहन्छन्, गरीबीले आत्तिएका मान्छेले जस्तो धन प्राप्तिको चाहना गर्छन्, खेती गर्ने किसानहरूले जस्तो आकाशको जल, वर्षा चाहन्छन् त्यस्तै अमावास्याको दिनमा पितृहरूले पनि आफ्ना सन्तति वा उत्तराधिकारीको हातले दिएको अन्नजल चाहन्छन् । अमावास्याको दिनमा पितृहरू कुनै न कुनै रूपमा अथवा वायुको रूपमा आफ्ना सन्तानहरूको घरमा आइपुग्छन् र सूर्यास्त नहुँदासम्म भोक प्यासले आत्तिएका पितृहरू त्यहाँ पर्खेर बस्छन् । सूर्यअस्त हुँदासम्म पनि केही पाउन सकेनन् भने लामो सास फेर्दै आफ्ना वंशजहरूलाई गाली गर्दै निराश एवं दुखी भएर जान्छन् । त्यसकारण अमावास्याको दिनमा तथा आफ्ना पितृको क्षयतिथिमा र महालयपक्षमा पनि पितृहरूका वंशज वा उत्तराधिकारीहरूले पितृहरूको अक्षय्य तृप्तिका लागि विधिपूर्वक श्राद्धकर्म गर्नुपर्दछ भन्ने कथा सविस्तार सुनाउँछन् ।

अहं ते कीर्तयिष्यामि श्राद्धकल्पमनुत्तमम् ।
यं श्रुत्वाऽपि महाराज लभेच्छ्राद्धफलं नरः ॥

श्राद्धमिन्दुक्षयेऽवश्यं सदा कार्य विपश्चिता ।
यदि ज्येष्ठतमः सर्गः सन्तानं च तथा नृप ॥

शीतार्ता यद्वदिच्छंति वह्निं प्रावरणानि च ।
पितरस्तद्वदिच्छंति क्षुत्क्षामाश्चन्द्रसंक्षयम् ॥

दरिद्रोपहता यद्वद्धनं वाञ्छन्ति मानवाः ।
पितरस्तद्वदिच्छन्ति क्षुत्क्षामाश्चन्द्रसंक्षयम् ॥

यथा वृष्टिं प्रवाछन्ति कर्षुकाः सस्यवृद्धये ।
तथात्मप्रीतये तेऽपि प्रवाछन्तीन्दुसंक्षयम् ॥

यथोषश्चकवाक्यश्च वान्छन्ति रविदर्शनम् ।
पितरस्तद्वदिच्छन्ति श्राद्धं दर्शसमुद्भवम् ॥

जलेनापि च यः श्राद्धं शाकेनापि करोति वा ।
दर्शस्य पितरस्तृप्तिं यान्ति पापं प्रणश्यति ॥

अमावास्यादिने प्राप्ते गृहद्वारं समाश्रिताः ।
वायुभूताः प्रवान्छन्ति श्राद्धं पितृगणा नृणाम् ॥

यावदस्तमयं भानोः क्षुत्पिपासासमाकुलाः ।
ततश्चास्तं गते भानौ निराशा दुःखसंयुताः ॥

निश्वस्य सुचिरं यान्ति गर्हयन्ति स्ववंशजम् ।
आनर्त उवाच–

किमर्थ क्रियते श्राद्धममावास्यादिने द्विज ।
विशेषेण ममाचक्ष्व विस्तरेण यथातथम् ॥

मृताश्च पुरुषा विप्र स्वकर्मजनितां गतिम् ।
गच्छन्ति ते कथं तस्य सुतस्याश्रयमाययुः ॥

एष नः संशयो विप्र सुमहान् हृदि संस्थितः ।
(नागरखण्ड अध्याय २१६, श्लोक ३१–४२)

श्राद्धका प्रसङ्गमा भतृयज्ञ नामका विद्वान्ले महाराज आनर्ताधिपतिलाई पितृहरू दुई प्रकारका हुन्छन् भनेर यस्तो कुरा सुनाएका थिए ।

जसका सन्तति वा उत्तराधिकारीहरूले आफ्ना पितृहरूलाई अमावास्या आदि पर्वहरूमा र महालय पक्षमा तथा क्षयतिथिमा पनि श्राद्ध गरेर अन्नजलादि अर्पण गर्नेगर्छन् ती पितृहरू देवलोकमा देवताहरूका साथमा अत्यन्त प्रसन्नतापूर्वक हाँसी खुशी रहन्छन् । जसका वशंज वा उत्तराधिकारीहरूले अमावास्या तिथिमा महालय पक्षमा र क्षयतिथिमा पनि श्राद्ध गर्दैनन् तिनका पितृहरू भोक प्यासले व्याकुल हुन्छन् र धेरै आत्तिन्छन् । यस्तो देखेर अग्निष्वात्तादि पितृहरू सबै मिलेर

स्वर्गमा इन्द्र महाराजसँग गएछन् । इन्द्र महाराजले पनि सम्मानपूर्वक उनीहरूको पूजा गरेपछि सबै पितृहरू त्यहाँबाट फर्केर पितृलोकमा आएछन् । यसरी दिव्य पितृहरू स्वर्गमा सम्मानित भएर खुशी हुँदै आएको देखेपछि पितृलोकमा दुःख पाएका र भोक प्यासले व्याकुल भएका मनुष्य पितृहरूले बडो दुःखसाथ उनीहरूलाई स्तुति गर्दै यस्तो कुरा निवेदन गरेछन् – हे महाराज ! हजुरहरू सम्मानित भएको देखेर हामी अति खुशी भएका छौँ । हामी मनुष्य पितृहरू हौँ । हामी पनि यस्तै प्रसन्नतापूर्वक खुशी भएर रहन चाहन्छौँ तर के गर्नु हामीलाई भोक प्यासले सताइरहेको छ । त्यसैले अहिले हामी अति दुखी छौँ । हामीले नन्दनवनमा फलेका वृक्षहरूमा राम्रा, मीठा फल त देख्छौँ तर ती टिपेर खान सक्दैनौँ । त्यस्तै, नदीमा बगिरहेको निर्मल जल पनि देख्छौँ परन्तु त्यो लिएर पिउन सक्दैनौँ । त्यसैले हामी अति नै आत्तिएका छौँ । हजुरहरूले हाम्रो भोक प्यास मेटाउने उपाय गरिदिनुभएमा हामीलाई तृप्ति र शान्ति हुनेथियो । त्यसैले हामी हजुरको शरणमा आएका छौँ । यस्तो बिन्ती गरेछन् ।

पितरो अन्येऽपि मर्त्या निवसन्ति त्रिविष्टपे ।
द्विविधास्ते प्रदृश्यन्ते सुखिनोऽसुखिनः परे ॥

येभ्यः श्राद्धानि यच्छन्ति मर्त्यलोके स्ववंशजाः ।
ते सर्वे तत्र संहृष्टा देववन्मुदिताः स्थिताः ॥

येपां यच्छन्ति ते नैव किञ्चित् किञ्चित् स्ववंशजाः ।
क्षुत्पिपासाकुलास्ते च दृश्यन्ते बहुदुःखिताः ॥

कस्यचित्त्वथ कालस्य पितरः सुरपूजिताः ।
अग्निष्वात्तादयः सर्वे त्रिदशेन्द्रमुपस्थिताः ॥

भक्त्या दृष्टा महाराज सहस्राक्षेण पूजिताः ।
तथान्यैर्विबुधैः सर्वैः प्रस्थिताः स्वे निकेतने ॥

पितृलोकं महाराज दुर्लभं त्रिदशैरपि ।
तान् दृष्ट्वा प्रस्थितान् राजन् पितरो मर्त्यसंभवाः ॥

क्षुत्पिपासार्दिता ये च त ऊचुर्दैन्यमाश्रिताः ।
स्तुत्वाऽथ सुस्तवैर्दिव्यैः पितृसूक्तैश्च पार्थिव ॥

वेदोक्तैरपरैश्चैव पितृतुष्टिकरैः परैः ॥
तत प्रोचुश्च संहृष्टाः पितरस्तान् सुरोद्भवाः ॥ इत्यादि....
(नागरखण्ड अध्याय २१६ । श्लोक १४–२१)

यस्तो भएपछि यसको कारण के हो भनेर बुझ्नका लागि उनीहरू ब्रह्माजीको शरणमा गएर सबै पितृहरूले हामी भोक प्यासले सताइएका छौँ तर पनि केही खान, पिउन सक्दैनौँ के कारणले हो भनेर सोध्न लागेछन् । उनीहरूको कुरा बुझेपछि ब्रह्माजीले भन्नुभएछ तिमीहरू मनुष्यका पितृ भएका र आफ्ना शुभकर्मले स्वर्गमा आउन पाएका भए पनि तिमीहरूको तेज भनौँ शक्ति अल्प छ । त्यसैले स्वर्गीय भोजन गर्न तिमीहरू सक्दैनौ । अतएव भोक प्यासले तिमीहरूलाई सताउने गर्दछ । जबसम्म तिमीहरूका वशंजहरूले तिमीहरूलाई पिण्डपानी गर्दैनन् तबसम्म तिमीहरूको अवस्था यस्तै हुन्छ । हामीले दिएको खानापिनाबाट तिमीहरूलाई तृप्ति हुँदैन । ब्रह्माजीको यस्तो कुरा सुनेर हाम्रा सन्ततिहरूले अबदेखि हामीलाई जसरी खान देलान् त्यस्तो व्यवस्था गरिदिनुहोस् भनेपछि ब्रह्माजीले फेरि भन्नुभयो कलियुगका मानिसहरू दुष्ट भएका छन् । त्यसैले पितृहरूलाई अन्नपानी नदिएका हुन् । त्यसैले तिमीहरूको अवस्था कष्टपूर्ण भएको हो । अबदेखि मैले सजिलोसँग पितृहरूले पाउने उपाय बताउँछु । जसबाट तिमीहरूलाई ठूलो तृप्ति मिल्नेछ । त्यो के हो भने तिमीहरूका आफ्ना वंशज उत्तराधिकारी तीन पुस्तासम्मका सन्तानहरूले (छोरा, नाति र पनाति) पिण्डपानी दिनेछन् । उनीहरूको हातबाट त्यो अन्नपानी पाएपछि तिमीहरूलाई तृप्ति र आनन्द हुनेछ ।

पितरः ऊचु :–

वयं हि पितरः ख्याता मनुष्याणामिहागताः ।
स्वर्गे स्वकर्मणा नित्यं निवसामः सुरैः सह ।।

विमानेषु विचित्रेषु संस्थिताः सर्वतो दिशम् ।
वांछितेषु च लोकेषु यामो ध्वजपताकिषु ।।

हंसबर्हिणजुष्टेषु संसेव्येप्वप्सरोगणैः ।
गन्धर्वैर्गीयमानाश्च स्तूयमानाश्च गुह्यकैः ।।

परं सन्तिष्ठमानानामस्माकं त्रिदशैः सह ।
अत्यर्थ जायते तीव्रा क्षुत्पिपासा सुदारूणा ।।
(अध्याय २१६ । श्लोक २३–२६)

पितृहरूको यस्तो स्थिति देखेर ब्रह्माजीले भन्नुभएछ– अबदेखि मैले तिमीहरूलाई सजिलो गरी बस्नसक्ने सुखको उपाय बताउँछु, सुन – त्यो के भने तिमीहरूका वंशज, सन्तति वा उत्तराधिकारीहरूले आफ्ना तीन पुस्तासम्मका पितृहरूलाई (पिता, पितामह, प्रपितामह तथा मातामह, प्रमातामह, वृद्धप्रमातामहसमेत

सपत्नीक) तीन पुस्ता तलका सन्तानहरू वा उत्तराधिकारीहरूले (क्रमशः छोरा, नाति र पनातिहरूले) आफ्‌ना पितृहरूले पाउन् भन्ने उद्देश्य गरी श्रद्धापूर्वक पितृहरूलाई अन्नजल (पिण्डपानी) दिएर भक्तिपूर्वक ब्राह्मणहरूलाई भोजन गराउने गरे भने

तस्मादहं करिष्यामि सुखोपायं शरीरिणाम् ।
येन सन्तर्पिता यूयं परां तृप्तिमवाप्स्यथ ॥

पितुः पितामहस्यैव तत्पितुश्च ततः परम् ।
समुद्देशेन दत्तेन ब्राह्मणेभ्यः प्रभक्तितः ॥

सर्वेषां स्यात् परा तृप्तिर्यावन्मां पितरोऽधुना ।
तथा मातामहानां च पक्षे नास्त्यत्र संशयः ॥

त्रिभिः सन्तर्पितास्तेऽपि तर्पिताः स्युर्ममाऽवधि ।
युष्माकं तृप्तये यश्च सुखोपायो भविष्यति ॥

तं शृणुध्वं महाभागा गदतो मम साम्प्रतम् ।
पितृनन्नेन येनैव समुद्दिश्य द्विजोत्तमान् ॥

तर्पयिष्यन्ति तेनैव पिण्डान् दास्यन्ति भक्तितः ।
तन्नाम्ना तेन वस्तृप्तिः शाश्वतीः संभविष्यति ॥

तस्माद् गच्छत सन्तुष्टाः स्वानि स्थानानि पूर्वजाः ।
ततस्ते सहितास्तैस्तु स्वानि स्थानानि भेजिरे ॥

विमानैः सूर्यसंकाशैर्गता पार्थिवसत्तम ॥ इत्यादि....
(नागरखण्ड अध्याय २१६ । श्लोक ६६–७३)

यसरी जो सन्तानहरूले श्राद्धमा पिण्डपानी दिएर पितृहरूलाई तृप्त पार्छन् तिनीहरूका धनधान्य बढ्‌नेछन् र सबै शत्रुहरू हट्‌नेछन् । अपमृत्युबाट दुःख हुन्‌छैन । यो मेरो कुरा निःसन्देह चरितार्थ हुनेछ ।

तथापि च करिष्यामि युष्मदर्थमसंशयम् ।
उपायं लघु सन्तृप्तिर्येन वोऽत्र भविष्यति ॥

अमानाम रवे रश्मिसहस्रप्रमुखः स्थितः ।
तस्मिन् वसति येनेन्दुरमावास्या ततः स्मृता ॥

तस्मिन्नहनि ये श्राद्धं पितृनुद्दिश्य चात्मनः ।
करिष्यन्ति नरा भक्त्या ते भविष्यन्ति सुस्थिताः ।।

धनधान्यसमोपेताः सर्वशत्रुविवर्जिताः ।
अपमृत्युपरित्यक्ता मम वाक्यादसंशयम् ।।
(नागरखण्ड अध्याय २१६ । श्लोक ८२–८५)

यसरी उक्त कथाको संवादबाट औँसी तिथिहरूमा, महालयपक्षमा र क्षयतिथिमा तथा तीर्थमा समेत वंशजहरूले श्राद्धगर्ने र पितृहरूले पिण्डपानी पाउने व्यवस्था भएको बुझिन्छ ।

सर्वप्रथम श्राद्ध के हो ? भन्ने कुरा संक्षेपमा जानिराखौँ । आफ्ना पितृ–पितामह आदि पितृहरूले पाउन् भन्ने उद्देश्यले विधिपूर्वक श्रद्धाले संकल्प गरेर ब्राह्मणलाई प्रदान गरिने अन्न जल आदि पदार्थहरूको त्याग नै श्राद्ध हो । उक्त परिभाषाभित्रै पितृपिण्ड पनि पर्न आउँछ किनभने त्यो पनि कुशवटुरूप ब्राह्मणलाई संकल्पपूर्वक प्रदान गरिन्छ । यतिमात्र होइन श्राद्धकर्ताले श्राद्धगर्ने समय, श्राद्धगर्ने ठाउँ र पात्रको समेत विचार गरी विधिअनुसार श्रद्धापूर्वक पितृहरूलाई जो दिइन्छ त्यो श्राद्ध हुन्छ भन्नेसमेत बताइएकोले यी कुराहरूको पनि राम्रोसँग विचार गर्नुपर्दछ । निर्णयसिन्धुमा श्राद्धको परिभाषा यस्तो बताइएको छ –

प्रेतान् पितृंश्च निर्दिश्य भोज्यं यत्प्रियमात्मनः ।
श्रद्धया दीयते यत्तु तच्छ्राद्धं परिकीर्तितम् ।।

देशे काले च पात्रे च श्रद्धया विधिना च यत् ।
पितृनुद्दिश्य विप्रेभ्यो दत्तं श्राद्धमुदाहृतम् ।।

तिलैर्दर्भैश्च मन्त्रैश्च श्राद्धं स्याच्छ्रद्धया युतम् ।। (पराशर)
संस्कृतं व्यञ्जनाद्यञ्च पयोमधुघृतान्वितम् ।

श्रद्धया दीयते यस्माच्छ्राद्धं तेन निगद्यते ।। (बृहस्पति)
ब्राह्मणस्वीकारान्तश्चतुर्थ्यन्तपदोपनीतपित्राद्युद्देश्यकस्त्यागः श्राद्धमित्यर्थः ।।

(नि.सि.तृतीयपरिच्छेद, श्राद्धप्रकरण)

श्राद्ध शब्दको व्युत्पत्ति यसरी गरिएको देखिन्छ –

श्रद्धया कृतं सम्पादितमिदम्, श्रद्धया दीयते यस्मात् तच्छ्राद्धम्, श्रद्धार्थमिदं श्राद्धम् इत्यादि अर्थमा अण् प्रत्यय गरेपछि श्राद्धशब्दको निष्पत्ति हुन्छ ।

पिता पितामहश्चैव तथैव प्रपितामहः ।
त्रयो ह्यश्रुमुखा ह्येते पितरः परिकीर्तिताः । (ब्रह्मपुराण)

अहिले यहाँ निर्णयसिन्धु, धर्मसिन्धु तथा स्कन्दपुराणको नागरखण्डमा उल्लेख भएअनुसार श्राद्धसम्बन्धी केही विशेष जानकारीका कुराहरू लेख्ने प्रयास गरिएको छ । प्रत्येक गृहस्थले आफ्ना पितृहरूको उद्देश्य गरेर एक वर्षभित्र विभिन्न तीन किसिमका श्राद्धहरू गर्नुपर्दछ । ती हुन् – १. नित्यश्राद्ध २.नैमित्तिकश्राद्ध ३. काम्यश्राद्ध ।

एकोद्दिष्टश्राद्ध आफ्ना पिताको मृततिथिमा प्रतिवर्ष गर्नुपर्ने एकोद्दिष्टश्राद्ध तथा अमावास्या तिथिमा गर्नुपर्ने श्राद्धहरू नित्यश्राद्ध हुन् । यी श्राद्धहरू छोड्नुहुँदैन । छोडेमा कर्तालाई दोष लाग्नेमात्र होइन अनिष्ट पनि हुन्छ भनिएको छ ।

कर्ताको घरमा परिआउने व्रतबन्ध, विवाह आदि माङ्गलिक कार्यमा र विशेष सप्ताहयज्ञ, तीर्थयात्रा आदि धार्मिक कार्य प्रारम्भ गर्नुभन्दा अगाडि गर्नुपर्ने आभ्युदयिकश्राद्ध नैमित्तिक हुन् ।

आश्विन कृष्णपक्षका तिथिहरूमा गर्नुपर्ने महालयश्राद्ध र अन्य अमावस्या तिथिहरूमा गरिने युगादि, मन्वादि, अष्टका र अन्वष्टका तिथिमा गरिने श्राद्धका साथै अन्य विभिन्न पर्वहरूमा गरिने पार्वणश्राद्धहरू नित्य एवं काम्यश्राद्ध दुबै हुन् । यस्ता श्राद्धहरूको संख्या धर्मशास्त्रमा धेरै पाइन्छ । हाम्रो समाजमा धेरै श्राद्धहरू गर्ने चलन देखिँदैन । केवल एकोद्दिष्टश्राद्ध र पार्वणश्राद्ध गर्ने र कुनै माङ्गलिक एवं धार्मिक काम गर्नुपर्दा आभ्युदयिक श्राद्धसम्म गर्ने प्रचलन छ । देवीभागतवले बताएको – जीवतो वाक्यकरणाद् क्षयाहे भूरिभोजनात् । गयायाम् पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥ देवीभागवत ६ । ४ । १५ (जीवित रहेका पितृले भनेको आज्ञा मान्नाले, पितृको मृत्यु भएका दिनमा श्राद्ध गर्ने र ब्राह्मणभोजन गराउने काम गर्नाले तथा गया तीर्थमा गएर पिण्डदान गर्नाले, यति तीनवटा काम गरेपछि पुत्रको पुत्रत्व सार्थक हुन्छ) । यस्तो वचन भएकाले र यो सुनेका जनहरूले, सक्नेले अमावास्या तिथिमा गर्नुपर्ने दर्शश्राद्ध र तीर्थमा पुगेको बेला तीर्थश्राद्ध पनि अझै गर्दैछन् ।

## १. श्राद्धको आवश्यकता

हरेक गृहस्थहरूका घरमा उनीहरूका आफ्ना पिता, माता आदि विभिन्न पितृहरू आफ्ना सन्तान (छोरा नाति)का घरमा प्रत्येक दिन बिहानै केही अन्नजलआदि पाउने आशाले आइपुग्छन् भन्ने कुरा धर्मशास्त्रहरूमा उल्लेख भएका देखिन्छन् । त्यसैले उनका सन्तानहरूले (घरमा उपस्थित मुख्य व्यक्तिले) प्रत्येक दिन बिहान

आफ्ना नित्यकर्म स्नान, जप र देवपूजा सकेपछि नित्यश्राद्ध एवं नित्यतर्पण संक्षेपमा भए पनि गर्नु आवश्यक छ । नित्यश्राद्ध गर्न नसक्नेले नित्यतर्पणमात्र भए पनि गरेर पितृहरूलाई सन्तुष्ट पार्नु राम्रो हो । यस्तो गर्ने गरेमा पितृहरू निराश भएर फर्कन पाउँदैनन् । फलतः आफ्ना सन्तानहरूलाई श्राद्धपद्धतिमा उल्लेख भएअनुसारका दीर्घायु, नैरूज्य आदि आशीर्वाद दिने गर्छन् । यसरी दैनिक नित्यश्राद्ध गर्न नसक्नेले चान्द्रपक्षअनुसार बाह्रैमहिनाका अमावस्या तिथिहरूमा तथा आफ्ना पितृहरूका क्षयाह तिथिमा र महालयपक्षका तिथिहरूमा पनि तोकिए अनुसारका विधिले श्राद्ध गर्नुपर्दछ । यतिसम्म गर्न सके पनि पितृहरू सन्तुष्ट भएर फर्कन्छन् भन्ने कुरा शास्त्रमा उल्लेख गरिएको छ ।

यस्ता श्राद्धहरू किन गर्नुपर्छ ? भन्ने प्रश्नमा जबसम्म गतात्मा पितृहरूका छोरा, नाति र पनाति यस मर्त्यलोकमा जीवित रहन्छन् ती पितृहरू (पिता, पितामह, प्रपितामह तथा मातामह, प्रमातामह, वृद्धप्रमातामहसमेत सपत्नीक) स्वर्गलोकमा गएका भए पनि अथवा यमलोकमा गएका भएपनि भोक प्यासले सधैँ व्याकुल हुन्छन् । त्यसैले उनीहरू आफ्ना सन्तानहरूका घरमा केही अन्नपानी देलान् र खान पाउँला भन्ने आशाले आउने गर्छन् त्यसैले उनीहरूका सन्तुष्टिका निमित्त श्राद्ध गर्नुपर्छ भन्ने व्यवस्था गरिएको कुरा धर्मशास्त्रहरू तथा पुराणहरूले बताएका छन् । उक्त पितृहरू सूक्ष्मशरीरले आएर श्राद्धकालमा ब्राह्मणको शरीरमा बसी श्राद्धमा प्रदान गरिएको अन्नजल आदि ग्रहण गर्दछन् । यस विषयमा वाल्मीकि रामायणमा उल्लेख भएको एउटा कुरा यहाँ सम्झनलायक छ । त्यो के भने त्रेतायुगमा श्रीरामचन्द्रले आफ्ना पिता दशरथको श्राद्धगर्दा श्राद्धगराउन आएका वशिष्ठ ऋषिको शरीरमा रहेबसेका पितृ महाराज दशरथलाई वशिष्ठ ऋषिले भोजन गर्दैगर्दा उनको शरीरमा रहेका दशरथले नै भोजन गर्दैगरेको भोजन गराउँदै गरेकी सीताजीले स्वयं देखेकी थिइन् । त्यस्तै महाभारतमा उल्लेख भएको प्रसङ्गअनुसार भीष्मपितामहले आफ्ना पिता महाराज शन्तनुको श्राद्ध गरिसकेर पिण्ड सेलाउन लाग्दा स्वयं शन्तनु महाराज उपस्थित भई आफ्नो हात थापेका थिए भन्ने कुराको उल्लेख भएबाट पनि आफ्ना सन्तानहरूले गरेको श्राद्धमा कुनै न कुनै किसिमले भए पनि पितृहरू आउने गर्छन् भन्ने कुरा सिद्ध हुन्छ अथवा ब्राह्मणहरूले अन्नजल आदि भोजन ग्रहण गरिसकेपछि त्यो पितृहरूका समीपमा उनीहरूकै भोज्य पदार्थका रूपमा पुग्दछ । यसरी तृप्त गरिएका पितृहरूले श्राद्धकर्तालाई मनोवाञ्छित फल दिन्छन् भन्ने कुरा पनि श्राद्धविधिहरूमा उल्लेख गरिएकै छ । श्राद्धपद्धतिमा नै लेखिएको छ –

आयुः पुत्रान् यशः स्वर्गं कीर्तिं पुष्टिं बलं श्रियम् ।
पशून् सौख्यं धनं धान्यं प्राप्नुयात् पितृपूजनात् ॥ तथा –

आयुः प्रजां धनं विद्यां स्वर्गमोक्षसुखानि च ।
प्रयच्छन्ति तथा राज्यं पितरः श्राद्धतर्पिताः ॥

पितृहरूका उत्तराधिकारी घरमा भएका छोरा वा नातिहरूले किन श्राद्ध गर्नुपर्दछ ? भन्ने प्रश्नमा पितृहरूले आफ्ना सन्तान वा उत्तराधिकारीलाई आफूले कमाएको घरजग्गा, धनसम्पत्ति दिएर छोडेका हुन्छन् । त्यसैले आफ्ना उत्तराधिकारीबाट आफूले केही पाउने आशा गरी हरेक दिनमा र विशेषगरी आफ्नो क्षयतिथि एवं आश्विन कृष्णपक्षका तिथिहरूमा र पर्वहरूमा पनि पितृहरू आफ्ना छोरा, नाति वा उत्तराधिकारीको घरमा आउने गर्छन् । त्यसैले जसको सम्पत्ति वा धन खाएको छ ती पितृहरूको श्राद्ध उत्तराधिकारीले अनिवार्य रूपमा गर्नुपर्दछ किनभने अंगिरास्मृति र स्कन्दपुराणमा उल्लेख गरिएको कुरा निर्णयसिन्धुमा दिइएको छ –

दुष्कृतं हि मनुष्याणामन्नमाश्रित्य तिष्ठति ।
यो यस्यान्नं समश्नाति स तस्याश्नाति किल्विषम् ॥

मलमेतन्मनुष्याणां द्रविणं यत्प्रकीर्तितम् ।
इत्युक्त्वा ऋषिभिस्तस्य निष्कृतिः पावनी परा ।
आदेहपतनात् तस्य कुर्यात् पिण्डोदकक्रियाम् ॥
(नि.सि.श्राद्धप्रकरण)

## श्राद्ध गर्ने दिन, समय र स्थान

आफ्ना पितृहरूको क्षयतिथि जुन परेको थियो त्यसै तिथिमा कर्ताले पितृहरूको एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । जस्तै कसैका पितृ पौषशुक्ल पक्षको पूर्णिमा तिथिमा निधन भएका थिए भने कर्ताले प्रतिवर्ष आउने सोही तिथिमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । यदि कसैका पितृ मलमास परेको महिनाको शुक्ल पक्षको कुनै तिथिमा निधन भएका थिए भने कर्ताले प्रतिवर्ष आउने त्यही शुद्धमासको त्यही तिथिमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । परन्तु अघिल्लो वर्ष मलमास परेको महिनाको कृष्णपक्ष मलमास प्रारम्भ हुनुभन्दा अगाडि पर्नगएको हुनाले मलमासको कृष्णपक्षको कुनै तिथिमा निधन भएको भए त प्रतिवर्ष आउने पल्लो महिनाको कृष्णपक्षको सोही तिथिमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । मलमास परेको अठार वर्षपछि भने सोही महिनामा मलमास पर्न आउँछ । त्यस्तो भएको महिनामा मलमासको जुन पक्षको जुन तिथिमा मृत्यु भएको थियो त्यही महिनाको त्यही पक्षमा नै एकोद्दिष्ट श्राद्ध गर्नुपर्दछ । यस्तै गर्नु उचित हो ।

अब महालय भन्नाले आश्विनकृष्ण पितृपक्षमा भने सकेसम्म सोह्रै दिनसम्म लगातार पार्वणश्राद्ध गर्नुपर्ने हो । त्यसोगर्न हाम्रो सामर्थ्य नहुनेहुँदा आफ्ना पितृ जुनसुकै महिनाको जुन तिथिमा मरेका थिए आश्विन कृष्णपक्षको सोही तिथिमा सकृन्महालयश्राद्ध गर्नुपर्दछ तर यदि आफ्ना पितृको मृत्यु जुनसुकै महिनाको पूर्णिमा तिथिमा भएको रहेछ भने त आश्विन कृष्णपक्षको अष्टमी तिथिमा गर्नुपर्दछ । त्यसमा पनि सम्भव नभएमा अमावास्या तिथिमा सकृन्महालयश्राद्ध गर्नुपर्दछ ।

यसरी गरिने सकृन्महालयश्राद्धमा आफ्ना पितृ–पितामह– प्रपितामहका साथै मातामह–प्रमातामह र वृद्धप्रमातामहको समेत षट्पिण्डात्मक श्राद्ध गर्नुपर्दछ । षट्पिण्डात्मक भन्नाले उहाँहरूका पत्नीहरूलाईसमेत पिण्ड दिनुपर्दछ भन्ने कुरा बुझ्नुपर्दछ । यस्तो गर्नमा प्रमाण छ कि –

पितरो यत्र पूज्यन्ते तत्र मातामहा ध्रुवम् ।
अविशेषेण कर्तव्यं विशेषान् नरकं व्रजेत् ॥

यसपछि एकोद्दिष्टगणीय पितृहरू भन्नाले पितृव्य–मातुलादिलाई पनि पिण्डदान गर्नुपर्छ, साथै आफ्ना गुरु एवं सासुससुराहरूलाई पनि पिण्डदान गर्नुपर्ने प्रमाण छ । गुरुसँग उसले वेदविद्या पढेको वा गायत्रीमन्त्र सुनेको हुँदा उसले गुरुको ऋण तिर्नुपर्ने र ससुरा पनि उसका गुरु नै भएकाले उहाँहरूलाई समेत पिण्डदान गर्नुपर्छ । यस विषयमा–

हाम्रो जीवनमा गुरुको धेरै ठूलो महत्त्व छ । हामीमध्ये धेरैलाई थाहा छ कि – हाम्रा लागि गुरु नै ब्रह्मा हुन्, गुरु नै विष्णु हुन् र गुरु नै महेश हुन् । यति मात्र कहाँ हुनु गुरु त साक्षात् परब्रह्म हुन् । यस्ता गुरुलाई हामी नमस्कार गर्छौं । जसले अज्ञानरूपी अन्धकारलाई हटाएर हाम्रो हृदयको आँखा खोलिदिनुहुन्छ । त्यस्ता गुरुलाई हामी नमस्कार त गर्छौं नै, साथै, महालय श्राद्धमा एकोद्दिष्टगणीय पितृहरूका साथमा श्रद्धापूर्वक उहाँलाई पिण्डदान एवं जलाञ्जलि पनि गर्नेगर्छौं ।

अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ॥

स्त्रीहारी धनहारी च कुर्यात् पिण्डोदकक्रियाम् (श्राद्धमयूख ३४) भनिएकोले ससुराकी छोरीलाई विवाह गरेको कारणले नै उहाँहरूलाई पिण्डदान गर्नुपर्दछ भन्ने कुरा तातम्बात्रितयं सपत्नजननी मातामहादित्रयम् आदि श्लोकार्थबाटै बुझ्नुपर्दछ ।

फेरि यस्ता पितृहरूलाई पिण्डदान नगर्दा के हुन्छ ? भन्ने प्रश्नमा शास्त्र भन्छ – जसले पितृहरू छैनन् भन्ने ठानेर उनीहरूको निश्चित तिथिमा श्राद्ध गर्दैन भने त्यस्ता श्राद्ध नगर्ने अकर्ताहरूको रगत नै पितृहरूले पिउँछन् भन्ने समेत लेखिएको देखिन्छ –

न सन्ति पितरश्चेति कृत्वा मनसि यो नरः ।
श्राद्धं न कुरूते तत्र तस्य रक्तं पिबन्ति ते ॥

परन्तु यहाँ एउटा कुरा के विचारणीय छ भने आश्विनकृष्ण पितृपक्षमा सकृन्महालयश्राद्ध गर्नुपर्ने श्राद्धकर्ताले महालय श्राद्धगर्ने अधिकार सिद्धिका लागि आश्विनकृष्ण पितृपक्ष आरम्भ हुनुभन्दा एकदिन अगाडि पर्नआउने भाद्रशुक्लपक्षको पूर्णिमा तिथिमा आफ्ना पितृ पितामह र प्रपितामहभन्दा माथिका तीनपुस्ता अर्थात् आफ्ना प्रपितामहका पितृ पितामह र प्रपितामहका लागि त्रिपिण्डात्मक प्रौष्ठपदीश्राद्ध गर्नुपर्ने कुरा अनिवार्य छ ।

अब आयो समयको कुरा– हरेक वर्षको एकोद्दिष्टश्राद्ध मध्याह्न कालमा गर्नुपर्दछ । महालय (पार्वण)श्राद्ध भने अपराह्न कालमा गर्नुपर्दछ । त्यस्तै वृद्धिश्राद्ध भन्नाले आभ्युदयिकश्राद्ध प्रातःकालमा गर्नुपर्दछ । त्यस्तै दैविकश्राद्ध भने पूर्वाह्नमा नै गर्नुपर्दछ । यसको प्रमाणका लागि

पूर्वाह्ने दैविकं श्राद्धं अपराह्ने तु पार्वणम् ।
एकोदिष्टं तु मध्याह्ने प्रातर् वृद्धिनिमित्तकम् ।

भनिएको छ । त्यस्तै, गया आदि तीर्थश्राद्ध गर्नका लागि यस्तो भनिएको पनि देखिन्छ –

शुक्लपक्षे तु पूर्वाह्ने श्राद्धं कुर्यात् विचक्षणः ।
कृष्णपक्षेऽपराह्ने च रौहिणं न विलङ्घयेत् ॥
(वायुपुराण, उ. २१/८०)

शुक्लपक्षमा पुर्वाह्नमा तीर्थश्राद्ध गर्नु राम्रो हुन्छ किन्तु कृष्णपक्षमा भने अपराह्नसम्म तीर्थश्राद्ध गर्न त हुन्छ परन्तु रौहिण नामको नवौँ मुहूर्त कटाउन हुँदैन । (एक दिनमा पन्ध्र मुहूर्त हुन्छन् भन्ने हिसाबले नवौँ मुहूर्तलाई रौहिण भन्दछन् । त्यो कटाउनु हुँदैन अर्थात् अठार घडीभित्रै तीर्थश्राद्ध गरिसक्नुपर्छ भन्ने आशय हो ।)

तीर्थश्राद्धका विषयमा बदरीनाथ मन्दिरको नजिकमा रहेको ब्रह्मकपाल तीर्थमा तीर्थश्राद्ध गरिसकेपछि त्यहाँका पण्डाले (तुम्हारा पितर मुक्त हो गए, अब श्राद्ध करना नहीं पडेगा) भन्ने गर्छन् । धेरै श्राद्धकर्ताहरूलाई पण्डाको उक्त कुरा सुनेर

भ्रान्ति हुने गरेको छ । पण्डाले भनेको उक्त वाक्य आंशिक रूपमा सत्य हो किन्तु सर्वांशमा सत्य होइन । यसको अर्थ के हो भने ब्रह्मकपाल तीर्थमा तीर्थश्राद्ध गरेर फर्केपछि श्राद्धकर्ताले अन्य तीर्थहरूमा गएर श्राद्ध गर्नुपर्दैन भनेको हो । परन्तु घरमा गर्नुपर्ने एकोद्दिष्ट श्राद्ध, पार्वणश्राद्ध तथा दर्शश्राद्धहरू भने शक्ति भएसम्म आजीवन गर्नुपर्दछ, छोड्नुहुँदैन । उक्त कुराको प्रमाण सनत्कुमार संहितामा उल्लेख गरिएको छ भनेर अन्त्यकर्म श्राद्धप्रकरणमा बताइएको देखिन्छ जो यस्तो छ–

> शिरः कपालं यत्रैतत् पपात ब्रह्मणः पुरा ।
> तत्रैव बदरीक्षेत्रे पिण्डं दातुं प्रभुः पुमान् ॥
>
> मोहाद् गयायां दद्याद् यः स्वपितृन् पातयेत् स्वकान् ।
> लभते च ततः शापं नारदैतन्मयोदितम् ॥

कसैले यस्ता तिथिश्राद्धहरू गर्दा समयको व्यवस्थापन गर्नुपर्छ भन्छन् । त्यस्तो समयको व्यवस्थापन त शास्त्रले नै गरेका छन् । हामी कर्ताहरू त ठीक समयमा आफू व्यवस्थित भएर बस्ने हो । हामीले समयको व्यवसथापन गर्ने होइन समय त आफ्नै गतिले आउँछ नै । आफू त्यही समयमा तयार भएर बस्नुपर्दछ र श्राद्ध सम्पादन गर्नुपर्दछ ।

श्राद्धमा ठाउँको पनि विचार गर्नुपर्दछ । आभ्युदयिकश्राद्ध, एकोद्दिष्टश्राद्ध, पार्वणश्राद्ध, दर्शश्राद्ध, अविधवामातृनवमीश्राद्ध र शस्त्रहतचतुर्दशीश्राद्ध एवं प्रौष्ठपदीश्राद्धहरू कर्ताकै घरमा गर्नुपर्ने श्राद्धहरू हुन् । घरमा पनि शुद्धस्थान अर्थात् भुइँतलामा गाईको गोबरले लिपेर पवित्र गरिएको भरसक दक्षिणपट्टि ढल्किएको ठाउँ हुनुपर्दछ ।

> दक्षिणप्रवणे देशे तीर्थादौ च गृहेऽपि वा ।
> भूसंस्कारादिसंयुक्ते श्राद्धं कुर्यात् प्रयत्नतः ॥

श्राद्ध गर्ने ठाउँमा कोलाहल, झगडा, इत्यादि हुनुहुँदैन । भरसक घरभित्रै गर्नु राम्रो हो किनभने घरको बाहिर खुला आकाशमुनि र बाटो हिँड्ने मानिसहरूले, अन्त्यजातिहरूले तथा रजस्वलाहरूले पनि नदेख्ने ठाउँ हुनुपर्दछ भनिएको छ । बाहिरै गर्नुपर्ने स्थिति भएमा तुलसीको बोटमुनि वा अमलाको बोटको छायाँ पर्ने ठाउँमा आकाशतिर कुनै प्रकारको पाल बनाएर श्राद्ध गर्नुपर्दछ किनभने गिद्ध, कौवाहरूले पनि नदेख्ने ठाउँ हुनुपर्छ भन्ने उल्लेख गरिएको छ । यस्तोमा पनि पक्की ढलान गरिएको ठाउँ भएमा श्राद्धगर्न निषेध गरिएको छ । परन्तु तीर्थश्राद्धमा भने खुला ठाउँमा गर्नुपरेमा पनि दोष छैन । यस्ता तीर्थश्राद्धहरू

देवघाट, रिडी, कागवेणी एवं वराहक्षेत्र, गया, बनारस, प्रयाग, हरिद्वार, ब्रह्मकपाल आदि प्रसिद्ध ठाउँमा ठूला हिमस्रोतोवहानदी भन्नाले गण्डकी, गङ्गा, यमुना, अलकनन्दाजस्ता प्रसिद्ध महानदीहरूका किनारमा गर्नुपर्छ भनिएको छ ।

यहाँनिर हाम्रा पितृहरू हाम्रा घरहरूमा आउनु त स्वाभाविक हो, यति टाढाका तीर्थहरूमा, पर्वतका टाकुराहरूमा किन कसरी पुग्छन् भन्ने प्रश्नमा शास्त्र भन्छ –

गिरिषु ख्याततीर्थेषु नदीषु च विशेषतः ।
साकाङ्क्षाः पितरो नित्यं तिष्ठन्ति सलिलार्थिनः ॥
(तीर्थप्रकाश ६८)

देवता पितरो यस्माद् गङ्गायां सर्वदा स्थिताः ।
आवाहनं विसर्गश्च तेषां तत्र ततो न हि ॥
(स्कन्दपुराण, काशीखण्ड २८/९)

अर्थात् हाम्रा पितृहरू सधैँभरि प्रसिद्ध तीर्थहरूमा, गिरिपर्वतहरूमा, गण्डकी, गङ्गाजस्ता महानदीहरूमा, मानससरोवर तीर्थमा, ब्रह्मपुत्र र सिन्धु नदमा जहाँ देवताहरूको वास हुन्छ त्यहाँ आफ्ना वंशजहरूबाट जलतर्पणादि पाउने इच्छाले रहने, बस्ने गर्छन् । त्यसैले त्यस्ता ठाउँमा पितृश्राद्ध गर्दा त्यहाँ पितृहरूलाई आवाहन र विसर्जन पनि गर्नुहुँदैन, गर्नुपर्दैन ।

## श्राद्धका प्रकारहरू

श्राद्धहरू धेरै प्रकारका छन् । तिनलाई तल लेखिएअनुसार बाह्र प्रकारमा बाँडिएको छ । ती यसप्रकार छन् –

१. नित्यश्राद्ध, २. नैमित्तिकश्राद्ध ३. काम्यश्राद्ध ४. वृद्धिश्राद्ध ५. सपिण्डन श्राद्ध, ६. पार्वणश्राद्ध, ७. गोष्ठीश्राद्ध, ८. शुद्धिश्राद्ध ९. कर्माङ्गश्राद्ध, १०. दैविकश्राद्ध, ११. यात्राश्राद्ध, १२. पुष्टिश्राद्ध ।

१. नित्यश्राद्ध

दिनदिनै गरिने श्राद्धलाई नित्यश्राद्ध भनिन्छ । यो श्राद्धमा वैश्वदेव राख्नुपर्दैन । अशक्त व्यक्तिले जलद्वारामात्र भएपनि नित्यश्राद्ध गर्नुपर्दछ ।

२. नैमित्तिकश्राद्ध

माता पिता आदिमध्ये कसैको मृत्युतिथिमा गरिने एकोद्दिष्ट श्राद्धलाई नैमित्तिकश्राद्ध भनिन्छ । यसमा पनि वैश्वदेव राख्नुपर्दैन र बिजोडा ब्राह्मणलाई भोजन गराउनुपर्ने हुन्छ ।

३. काम्यश्राद्ध

अभीष्ट कार्यसिद्धिका लागि गरिने श्राद्धलाई काम्यश्राद्ध भनिन्छ ।

४. वृद्धिश्राद्ध

अभ्युदय वा वृद्धि हुँदा तथा कुनै माङ्गलिककार्य गर्दा वा धार्मिक कार्य गर्दा गरिने श्राद्धलाई वृद्धिश्राद्ध, नान्दीश्राद्ध वा आभ्युदयिकश्राद्ध भनिन्छ ।

५. सपिण्डनश्राद्ध

यो श्राद्ध मानिस मृत्यु भएको समयमा गरिने मलिन षोडशीपछि एकादशाहमा गर्नुपर्ने सबै काम सकेपछि बाह्रौँ दिनमा गर्नुपर्ने श्राद्ध हो । यसमा गन्ध, जल र तिलमिश्रित चारवटा पात्र तयार गर्नुपर्छ । यी पात्रहरूमा "ये समानाः समनसः पितरो यमराज्ये" इत्यादि मन्त्रबाट प्रेतपात्रको जल आदि मिसाउनुपर्दछ । अरू कर्म नित्यश्राद्धसमान हुन्छ । यसलाई प्रेतश्राद्ध पनि भन्ने गरिन्छ ।

६. पार्वणश्राद्ध

बाह्रै महिनाका अमावास्या तिथिमा गरिने श्राद्धलाई तथा आश्विन कृष्णको महालयपक्षमा र अन्य विभिन्न पर्वहरूमा गरिने श्राद्धलाई पार्वणश्राद्ध भनिन्छ । (विष्णुपुराणमा उल्लेख भएअनुसार अष्टमी, चर्तुदशी, पूर्णिमा, अमावस्या र संक्रान्तिलाई पर्व भनेर मानिएको छ ।)

७. गोष्ठीश्राद्ध

अनेक विद्वान्हरूले परस्परमा मिलेर सुख, सम्पत्ति र पितृहरूको तृप्तिका लागि सामूहिक रूपमा गर्ने श्राद्धलाई गोष्ठीश्राद्ध भनिन्छ ।

८. शुद्धिश्राद्ध

शुद्धि एवं शान्तिका निमित्त ब्राह्मणभोजन गराई सम्पन्न गरिने श्राद्धलाई विद्वान्हरूले शुद्धिश्राद्ध भनेका छन् ।

९. कर्माङ्गश्राद्ध

गर्भाधानको समय, सोमयज्ञको आरम्भ, सीमन्तोन्नयन र पुसंवन आदि कर्ममा गरिने श्राद्धलाई कर्माङ्गश्राद्ध भनिन्छ ।

१०. दैविकश्राद्ध

देवताहरूको उद्देश्यले गरिने श्राद्धलाई दैविकश्राद्ध भनिन्छ ।

११. यात्राश्राद्ध

देशान्तरमा जानेबेला अथवा तीर्थयात्रामा जाँदा घिउद्वारा गरिने श्राद्धलाई यात्राश्राद्ध भनिन्छ । यो श्राद्ध यात्रा सम्पन्न गरेपछि घर फर्किंदा पनि गरिन्छ ।

१२. पुष्टिश्राद्ध

शरीर र अर्थको वृद्धिका लागि वा पुष्टिका लागि गरिने श्राद्धलाई पुष्टि श्राद्ध भनिन्छ । यसको अर्को नाम औपचारिक श्राद्ध पनि हो ।

१३. छयानब्बे श्राद्धका नामहरू यसप्रकारका छन् –

१३.१ बाह्र महिनाका १२ औँसी (अमावास्या)– दर्शश्राद्ध (सपिण्डक) १२

१३.२ युगादि (अपिण्डक) ४ = (क) सत्ययुगादि कार्तिकशुक्ल नवमी, (ख) त्रेतायुगादि वैशाखशुक्ल तृतीया, (ग) द्वापरयुगादि माघकृष्णऔँसी (घ) कलियुगादि भाद्रकृष्ण त्रयोदशी ।

(प्रमाण) - माघे पञ्चदशीकृष्णा नभस्ये च त्रयोदशी ।
तृतीया माधवे शुक्ला नवम्युर्जे युगादयः ॥

१३.३ मन्वादिश्राद्ध- १४– चैत्रशुक्ल तृतीया, चैत्रशुक्ल पूर्णिमा, आषाढशुक्ल द्वादशी, आषाढशुक्ल दशमी, श्रावणकृष्ण अष्टमी, ज्येष्ठशुक्ल पूर्णिमा, भाद्रशुक्ल तृतीया,

आश्विनशुक्ल नवमी, कार्तिकशुक्ल द्वादशी, कार्तिकशुक्ल पूर्णिमा, पौषशुक्ल एकादशी, माघशुक्ल सप्तमी, फाल्गुनशुक्ल पूर्णिमा, फाल्गुनकृष्ण अमावस्या – (अपिण्डक) ।

१३.४ संक्रान्ति– १२ (अपिण्डक)

१३.५ वैधृति १३ (अपिण्डक)

१३.६ व्यतीपात १३ (अपिण्डक)

१३.७ महालय १६ (सपिण्डक)

१३.८ अष्टकाश्राद्ध – ४ = मार्गकृष्ण अष्टमी, पौषकृष्ण अष्टमी, माघकृष्ण अष्टमी, भाद्रकृष्ण अष्टमी (अपिण्डक)

१३.९ अन्वष्टका (नवमी)– ४ = मार्गकृष्ण नवमी, पौषकृष्ण नवमी, माघकृष्ण नवमी, भाद्रकृष्ण नवमी (अपिण्डक)

१३.१० पूर्वेद्युश्राद्ध (सप्तमी) ४– मार्गकृष्ण सप्तमी, पौषकृष्ण सप्तमी, माघकृष्ण सप्तमी, भाद्रकृष्ण सप्तमी अथवा अष्टका तिथिश्राद्धका अघिल्ला सप्तमी (अपिण्डक)

(प्रमाण)– आमायुगमनुक्रान्तिधृतिपातमहालयाः ।
अष्टकान्वष्टकौ पूर्वेद्युः श्राद्धैर्नवतिश्च षट् ॥ धर्मसिन्धु

यी त श्राद्धका मोटामोटी प्रकारहरू हुन् । यीबाहेक श्राद्धका अन्य प्रकारहरू पनि छन् । जस्तै कसैका माता वा पिता जुनसुकै महिनाको त्रयोदशी तिथिमा मृत्यु भएका रहेछन् भने तिनका उत्तराधिकारीले महालयपक्षको त्रयोदशी तिथिमा मघा नक्षत्र पर्नआएको छ भनेर श्राद्ध नगर्नेगरेको देखिएको छ । परन्तु त्यो दिन मघानक्षत्र परेको भएमा पनि महालयश्राद्ध गर्नैपर्दछ, छोड्नुहुँदैन । त्यस्तै कसैका पिता वा माता कुनै घटना विशेषमा परेर शस्त्रादिबाट हननभएका कारणले वा गाडी दुर्घटनामा परेर वा भीरबाट लडेर वा पानीमा डुबेर वा नदीले बगाएर वा सिंह, बाघ, चितुवा आदि हिंस्रक जन्तुको आक्रमणमा परेर मृत्यु भएका रहेछन् भने तिनका उत्तराधिकारीले आफ्ना पितृको शस्त्रादिहत–चतुर्दशीश्राद्ध गर्नुपर्दछ, छोड्नुहुँदैन । त्यसैगरी कसैकी माताको वा पत्नीको सधवा अवस्थामा मृत्युभएको रहेछ भने तिनका उत्तराधिकारीले आफ्नी माता वा पत्नीको अविधवा मातृनवमी श्राद्ध गर्नुपर्दछ । यसरी सधवा महिलाको श्राद्धमा पिण्डदान गरिसकेपछि उनका लागि रातो टीका, चुरा सिन्दुर, पोतेहरू पनि पिण्डमा चढाउनुपर्दछ । साथै, त्यो दिन भरसक उनकै उमेरकी सधवा महिलालाई निमन्त्रणा गरी शृङ्गार सामग्री र वस्त्रादिसहित दक्षिणादान गरी भोजनसमेत गराएर पठाउनुपर्दछ । परन्तु यस्तो श्राद्ध उनका पतिको मृत्यु भइसकेपछि भने नगर्दा हुन्छ ।

आश्विन कृष्णपक्षको त्रयोदशी तिथिमा धेरैजसो मघा नक्षत्र पर्न आउँछ । यस्तो दिनमा मघाश्राद्ध गर्नुपर्दछ । शास्त्रमा मघाश्राद्ध गर्नेका लागि ठूलो पुण्य मिल्ने कुरा बताएको छ । परन्तु मघाश्राद्ध गर्ने कर्ता अपुत्र भएमा उसले पुत्र कामनाका लागि संकल्पमा अद्य.....अमुकफल सिद्धये मघाश्राद्धं करिष्ये भनेर संकल्प गर्ने र सकृन्महालय श्राद्ध गर्ने हो । यस्तो श्राद्ध सपुत्र व्यक्तिले भने गर्नुपर्दैन ।

यहाँ त मघानक्षत्र पर्न आएको छ भनेर श्राद्ध गर्नुपर्ने कर्ताले पनि श्राद्धगर्न डराएर नगर्ने गर्छन् । आफ्ना पितृहरूको तिथिश्राद्धका लागि त मघानक्षत्र भएर केही गर्दैन, श्राद्ध छोड्नुहुँदैन, गर्नुपर्दछ ।

महालयश्राद्धका सम्बन्धमा विधवाले विचार गर्नुपर्ने कुरा केही विशेष छन् । ती हुन्–पुत्रहीन विधवाले पतिको मृततिथिमा एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ । औंसी र महालयका तिथिमा निधन भएको छ भने एकपार्वणविधिले स्वभर्तृतत्पितापितामहप्रपितामहानां आदि भनेर गर्नुपर्छ । विधवाले गर्ने महालयचाहिँ

अलि जटिल प्रकृतिको छ । यस्तो श्राद्धमा सशक्तभए चतुष्पार्वण र अशक्तभए द्विपार्वणको व्यवस्था धर्मसिन्धुले स्मृतिवचनका आधारमा गरेको छ । श्राद्धप्रकाशमा चत्वारः पार्वणाः प्रोक्ता विधवायाः सदैव हि जस्ता वचन पाइन्छन् । जसअनुसार विधवाले गर्ने चतुष्पार्वणश्राद्ध यसप्रकार छन् ।

१) स्वभर्तृ, तत्पितृ, पितामह, प्रपितामहानाम्

२) स्वभर्तृमातृ, पितामही, प्रपितामहीनाम्

३) स्वपितृ, पितामह, प्रपितामहानाम् सपत्नीकानाम्

४) स्वमातामह, प्रमातामह, वृद्धप्रमातामहानाम् सपत्नीकानाम् ।

यदि विधवाले आफूलाई अशक्त अनुभूति गरेर द्विपार्वणमात्र गर्न चाहेमा एक नं. र तीन नं. मात्र गर्नुपर्छ । दुई नं. र चार नं. छाड्नुपर्छ । यहाँ पनि बुझ्नुपर्ने कुरा के छ भने यस्तो श्राद्ध सङ्कल्पसम्म आफूले गरेर बाँकी सम्पूर्ण काम ब्राह्मणद्वारा गराउनुपर्छ ।

पुत्रादि नभएका विधवा स्त्रीजातिले आफ्ना पतिको श्राद्ध गर्नुपर्दा एकोद्दिष्ट क्षयाह श्राद्धमा एउटै ब्राह्मणस्थापना गरिनेहुनाले वचनमात्र मिलाउनूपर्छ, जस्तै – (प्रथमान्त) पिताको ठाउँमा धवः, (सम्बोधन) पितः को ठाउँमा धव, (षष्ठ्यन्त) पितुः को ठाउँमा (धवस्य), (चतुर्थ्यन्त) पित्रे को ठाउँमा धवाय, भने पुग्दछ । तर्पण गर्दा – धव, श्वशुर, प्रश्वशुर, श्वश्रू, प्रश्वश्रू, आदिलाई पनि तर्पण दिनुपर्छ । पार्वण श्राद्धमा भने पति र पतिका बाबुबाजेसमेत नभएका विधवा स्त्रीजातिले श्राद्ध गर्नुपर्दा विश्वेदेव ब्राह्मणपट्टि तीन र पितृब्राह्मणपट्टि तीन गरी जम्मा छवटा ब्राह्मण स्थापना गर्नुपर्छ । तीमध्ये १/१ ब्राह्मण धव, श्वशुर, प्रश्वशुरका निमित्त हुन् भने अरू २/२ ब्राह्मण पितृ, पितामह, प्रपितामह र मातामह, प्रमातामह, वृद्धप्रमातामहका निमित्त छँदैछन् र यी दुई पक्षको विधि पार्वणश्राद्ध विधिमा उल्लेख छँदैछ । उल्लेख नभएको धव श्वशुर, प्रश्वशुर (पति, ससुरा, बूढा ससुरा)का निमित्तको निमन्त्रणादेखि दक्षिणासम्म गर्दा जान्नुपर्ने वाक्यहरू बेग्लाबेग्लै ढङ्गले मिलाएर उच्चारण गर्नुपर्दछ ।

(द्रष्टव्य–विधवाकर्तृक श्राद्धविधिमा उल्लेख गर्नुपर्ने वाक्यहरू महेन्द्रसंस्कृतविश्वविद्यालयद्वारा २०५७ सालमा प्रकाशित श्राद्धविधि नामको पुस्तकको २१९ देखि २२६ सम्मका पृष्ठहरूमा उल्लेख गरिएका छन् ।)

श्राद्धका उक्त भेदहरू बताइएको भए तापनि एकोदिष्ट, पार्वण, सपिण्डीकरण र आभ्युदयिकसमेत गरी चार श्राद्ध नै मुख्य हुन् ।

श्राद्धकर्मको प्रथमकृत्य ब्राह्मण निमन्त्रणा हो । यद्यपि एकोद्दिष्टश्राद्धमा १. पितृब्राह्मण (कुशनिर्मित) र महालयश्राद्धमा २. विश्वेदेवब्राह्मण तथा ३. पितृब्राह्मण (कुशनिर्मित) स्थापना गर्नुपर्दछ । यिनै ब्राह्मणका प्रतिनिधिरूप ब्राह्मण पनि श्राद्धकै अघिल्लो दिनदेखि निमन्त्रणा गर्नुपर्दछ किनकि श्राद्धमा बोल्ने ब्राह्मणको आवश्यकता पर्दछ । यद्यपि द्वापरयुगसम्म निमन्त्रित ब्राह्मणहरूकै पूजागर्ने चलन थियो परन्तु कलियुग लागेपछि सदाचारी वैदिक ब्राह्मणको अभाव हुने देखेर उनीहरूकै प्रतिनिधिका रूपमा कुशनिर्मित ब्राह्मणको पूजा गर्ने गरिएको हो । त्यसैले भरसक निमन्त्रित ब्राह्मण पनि कम्तीमा पाँच जना हुनुपर्दछ । यसको प्रमाण पनि शास्त्रमा उल्लेख गरिएको छ ।

द्वौ दैवे प्राक् त्रयः पित्र्ेय उदगेकैकमेव वा ।
मातामहानामप्येवं तन्त्रं वा वैश्वदेविकम् ॥

या.व. स्मृति

श्राद्धमा कस्ता ब्राह्मणलाई बोलाउनुपर्छ भन्ने विषयमा निर्णयसिन्धुकार विद्वान् कमलाकर भट्ट स्वयं लेख्नुहुन्छ –

त्रिणाचिकेतस्त्रिमधुश्च बह्वृचोऽप्याथर्वणो याजुषसामगौ च ।
षडङ्गविच्च त्रिसुपर्णवेत्ताऽप्यथर्वशीर्ष्णोऽध्ययने रतश्च ॥

शतायुवेदार्थविदौ प्रवक्ता स्याद् ब्रह्मचारी च तथाग्निचिच्च ।
सीदद्वृत्तिः सत्यावाक्पुरुषैः स्वैर्मातापित्रोः पञ्चभिः ख्यातवंशः ॥

पत्नीयुक्तो ज्येष्ठसामा पुराणवेत्ता पुत्री चेतिहासेष्वभिज्ञः ।
योगी भिक्षुः सामगो ब्रह्मवेत्ता पञ्चाग्निश्च श्रोत्रियस्तत्सुतो वा ॥

शम्भुध्यायी श्रीशपादाब्जसेवी पान्थश्चैते तूत्तमाः सम्प्रदिष्टाः ।
भिक्षुर्योगी पान्थ एते त्वलभ्या भाग्याल्लब्धाश्चेत्तदा भोजनीयाः ॥

श्राद्धे विप्रेषूपविष्टेषु पश्चात्सम्प्राप्ताश्चेत्तदा विप्रपङ्तौ तु भोज्याः । अत्र मूलं हेमाद्रौ ज्ञेयम् ।

श्राद्धमा कस्तो ब्राह्मणलाई बोलाउन हुँदैन भन्ने विषयमा पनि लामो छलफल गरिएको छ । जो कुनै पनि अङ्गहीन छ अथवा अधिकाङ्ग छ, जो सर्वभक्षी छ, जो गाउँबाट निकालिएको छ, जसका दाँत काला छन् अथवा दाँत फुक्लिएका छन्, जो वेदविद्यालाई बेच्ने (ट्युशन फी लिएर पढाउने) गर्छ, जसले यज्ञविधिलाई नष्ट गर्दछ, जसमा वेदशास्त्रको ज्ञान छैन, जसका नङ्हरू बिग्रेका छन्, जो रोगी तथा निर्धन भिक्षु छ, जो अन्य प्राणीको हिंसा गरेर जीविका चलाउँछ, जसले अन्य व्यक्तिलाई दोष लगाउँछ, जो नास्तिक छ, जो नर्तनवृत्ति

गर्दछ, जो रूपियाँ ब्याज लगाएर जीवनवृत्ति गर्दछ, जो नराम्रा कामहरूमा संलग्न छ, जो अदालतको झगडामा लागेको छ, जो झगडियाको पक्षविपक्षमा वकालत गर्नेगर्दछ, जो नक्षत्रविद्या (ज्योतिष) पढेर जीवनवृत्ति गर्दछ, जो शौचाचारमा शून्य छ, जो चिकित्सावृत्ति गर्दछ, जो जुवा खेल्ने गर्दछ, जो अतिलम्बु शरीरको छ, जो अतिदुर्बल छ, जो अति मोटो छ, जो अधिक रोमवाला छ, जो रोमरहित छ, जो खल्वाट छ, यस्ता ब्राह्मणहरूलाई श्राद्धमा निमन्त्रणा गर्नुहुँदैन । त्यस्तै जो परायी स्त्रीमा आसक्त छ, जो शूद्रजातीय स्त्रीमा सम्पर्क राख्दछ, जो नपुंसक छ, जो मलिन छ, जो चोर छ, त्यस्तोलाई र जो क्षत्रिय तथा वैश्यको वृत्ति गर्दछ, जो आफ्ना मातापितालाई त्याग गर्दछ, जो गुरुस्त्रीगामी छ, जो निर्दोष पत्नीलाई छोड्दछ, जो कृतघ्न छ, जो अरूको जग्गामा खेतीगरेर (अधियाँ खाने) जीविका चलाउँछ, जो सिकर्मी काम गर्दछ, जो नकर्मी काम (फलामका हतियार खुडाँ खुकुरी आदि हतियार बनाउने) गर्दछ, जो मरेका पशुको छाला अथवा हड्डीको व्यापारबाट जीवन निर्वाह गर्दछ जसले ल्याइता (संगृहीता) स्वास्नी ल्याएको छ, जसले परिवार नियोजन गरेको छ र जो अज्ञात कुलशीलको छ त्यस्ता ब्राह्मणलाई पनि श्राद्धमा निमन्त्रणा गर्नुहुँदैन ।

यस्ता अरू पनि धेरै कुरा छन् जसलाई राम्ररी विचार गरेर श्राद्धमा निमन्त्रणा गर्ने ब्राह्मणको छनोट गर्नुपर्दछ । यस विषयमा निर्णयसिन्धुकार पं. कमलाकर भट्टको भनाइ यस्तो छ–

वर्ज्यान् प्रवक्ष्ये त्वथ रोगिवैरिहीनाधिकाङ्गान् कितवान् कृतघ्नान् ।
नक्षत्रशास्त्रेण च जीवमानान् भैषज्यवृत्त्यापि च राजभृत्यान् ॥

सङ्गीतकायस्थकुसीदवृत्त्या वेदक्रयेणापि कवित्ववृत्त्या ।
देवार्चनेनापि च जीवमानान् स्वाध्यायदाराग्निसुतोज्झकाणान् ॥

दुर्बालखल्वाटकुनख्यधर्मिनटाँश्च पौनर्भवकृष्णदन्तान् ।
अगारदाही गरदः समुद्रयायी च कुण्डाश्यथ कूटकारी ॥

बालाँश्च योऽध्यापयते स्वपुत्रादवाप्तविद्यस्त्वथ कुण्डगोलौ ।
अग्रेदिधिष्वाः पतिरस्त्रकर्ता सोमक्रयी तैलिककेकराक्षौ ॥

युद्धाचार्यः पक्षिणां पोषकश्च स्रोतोभेत्ता वृक्षसंरोपकश्च ।
मेषाणां वा माहिषाणां च पुष्ट्या स्वीयस्त्रीषु प्रहितैर्यश्च जारैः ।
जीवत्यध्येतुश्च दत्तानुयोगाद् द्रव्यप्राप्त्यै वेदमुद्घाटयन्तः ॥

ग्रामयाजिपशुकेशविक्रयिस्तेन शिल्पिपितृवादकारकान् ।
अर्थकामरतशूद्रयाजकश्मश्रुहीनजटिमुण्डनिर्घृणान् ॥

यस्य चैव गृहिणी रजस्वला स्वार्थपाकरतशापदायकान् ।
क्लीबकुष्ठ्यतिविलोहितेक्षणान्कुब्जवामनमृषाभिशापिनः ॥

पुत्रहीनमथकूटसाक्षिणं प्रातिहाविकमयाज्ययाजकम् ।
स्वात्मदातृपरिवेतृयाजकस्तेनहिंस्रकमुखान् विवर्जयेत् ॥

अत्र मूलं हेमाद्रौ पृथ्वीचन्द्रोदये च ज्ञेयम् ।

यहाँ श्राद्धमा कस्तो ब्राह्मणलाई बोलाउनुपर्छ भन्ने विषयमा यति लामो कुरा गर्नुको आशय के हो भने कलियुगमा वेदवेदाङ्ग पढेका र शौचाचार पालन गर्नेगरेका शुद्ध ब्राह्मणहरू भेट्टाउन धेरै गाह्रो हुन्छ भन्ने विचारले नै शास्त्रकारहरूले उक्त विषयमा यति लामो समीक्षा र छलफल गरेका हुन् । यसै कारणले नै श्राद्धमा कुशनिर्मित ब्राह्मण बनाएर निमन्त्रणा गर्ने र उनैलाई पूजा र प्रार्थना गरी उनैलाई साक्षी राखी पितृहरूको नाम गोत्रादि उच्चारण गरेर पिण्डदान आदि गर्ने चलन पनि चलाएका हुन् । तथापि श्राद्धमा बोल्ने ब्राह्मणको पनि आवश्यक पर्ने हुँदा जतिवटा कुशनिर्मित ब्राह्मणको पूजा गरिन्छ भरसक त्यतिवटा नै (एकोद्दिष्ट श्राद्धमा भए एकजना, पार्वण श्राद्धमा भए कम्तीमा पाँचजना कुशनिर्मित ब्राह्मणका प्रतिनिधिका रूपमा) ब्राह्मणहरूलाई निमन्त्रणा गर्नुपर्दछ । यसरी निमन्त्रणा गरिने ब्राह्मणहरू भरसक वेदवेदाङ्ग विद्या पढेका, शौचाचारयुक्त एवम् ज्ञात कुलशील भएका हुनुपर्छ भन्ने कुराको विचार गर्नुपर्दछ किनभने श्राद्धमा कुण्ड/गोलकलाई पनि निषेध गरिएको देखिन्छ ।

अब श्राद्धमा गर्नुपर्ने श्राद्धाङ्ग तर्पणका विषयमा पनि थोरै कुरा गरौँ । एकोद्दिष्टश्राद्धमा श्राद्धकर्म सकिएपछि श्राद्धाङ्गतर्पण गर्नुपर्दछ । यो श्राद्धमा आवाहन गरिएका पितृ एकजना मात्र हुने हुँदा तर्पणमा पनि देवतर्पण, ऋषितर्पण, मनुष्यपितृतर्पण तथा दिव्यपितृतर्पण सकिएपछि सो पितृहरूमा एकजनामात्र जसलाई एकोद्दिष्टश्राद्धमा पिण्डदान गरिएको छ उहाँलाईमात्र तर्पण दिएर तर्पणविधिका अरू काम सक्नुपर्दछ । जसलाई आवाहन गरेर पिण्डदान गरिएको छ उहाँलाई जलदान भन्नाले तर्पण पनि गर्ने हो । आवाहन नगरिएका पितृलाई जलदान गर्नुको औचित्य छैन । त्यस्तै महालय श्राद्धमा भने धेरैजना पितृहरूलाई आवाहन गरिने हुनाले अर्थात् त्यहाँ पार्वणश्राद्धगणीय र एकोद्दिष्टश्राद्धगणीय पितृहरू दुबै आउने हुनाले उहाँहरू सबैलाई तातात्म्बात्रितयं सपत्नजननी मातामहादित्रयम्.....यस कवितामा उल्लेख गरिएको क्रमअनुसार पिण्डदान दिइसकेर पछिबाट जलदान भन्नाले तर्पण गर्नुपर्दछ । यस विषयको प्रमाणका रूपमा –

तर्पणं कुरूते पित्रोः श्राद्धात् पूर्वं मृतेऽहनि ।
निराशाः पितरो यान्ति स च गच्छेदधोगतिम् ॥

(लघ्वाश्वलायनस्मृति)

यच्छ्राद्धे यावन्तः पितरस्तर्पिताः (पिण्डेन तृप्तीकृताः) तावत्पितृगणोद्देशेन तच्छ्राद्धाङ्गत्वेन तिलैस्तर्पणं कार्यम् । ध.सि.मूल ३६२

एउटा अर्को के कुरा पनि सम्भन लायक छ भने नित्यतर्पण गर्नेहरूले घरमा श्राद्ध भएको दिन बिहानको नित्यतर्पणमा तिलको प्रयोग गर्नुहुँदैन ।

वार्षिकश्राद्धदिने नित्यतर्पणं तिलैर्न कार्यम् । (ध.सि. मूल ३६२)

पित्रोश्राद्धदिने नित्यतर्पणें तिला निषिद्धाः । (ध.सि. २५८)

नैव श्राद्धदिने कुर्यात् तिलैस्तु पितृतर्पणम् ।
श्राद्धं कृत्वाऽपराह्ने च तर्पणं तु तिलैः सह ।।

इति वचनात् श्राद्धदिने नित्यतर्पणे तिलमात्रनिषेधो न तु तपर्णस्य ।। (नि.सि ३४५)

कतिपय श्राद्धाङ्गतर्पणहरूमा पिण्डदान गर्नुभन्दा पहिले नै तर्पण गर्ने व्यवस्था पनि छ । जस्तै प्रत्येक महिनाका अमावस्या तिथिमा गरिने दर्शश्राद्ध र तीर्थमा पुगेको बेलामा गरिने तीर्थश्राद्धमा पनि पितृहरूलाई पिण्डदान गर्नुभन्दा पहिले नै संकल्पपूर्वक श्राद्धाङ्गतर्पण गर्नुपर्दछ । त्यस्तै, धेरै मानिसहरूले श्राद्धाङ्गतर्पणको अन्तमा भीष्मतर्पण पनि गर्नेगर्छन् । त्यस्तो गर्नु आवश्यक छैन र गर्नुपर्दैन । केवल घरबाहिर नदी आदिमा गरिने स्नानाङ्ग तर्पणमा र माघशुक्ल पक्षको अष्टमी तिथिमा गरिने नित्यतर्पणमा समेत भीष्मतर्पण गर्नुपर्दछ । अरू बेलाका एकोद्दिष्टश्राद्ध, तीर्थश्राद्ध र पार्वणश्राद्धहरूमा पनि भीष्मपितामहलाई तर्पण गर्नु आवश्यक छैन । यस विषयमा यस्तो प्रमाण बताइएको छ –

केवलं स्नानाङ्तर्पणे, माघशुक्लाष्टम्यां नित्यतर्पणे च भीष्मतर्पणं कुर्यात् ।
न तु तीर्थश्राद्धाङ्गतर्पणे / अन्यदिने नित्यतर्पणे च ।।

त्यस्तै, तर्पणको अन्त्यमा राजालाई पनि तर्पण गर्नुपर्छ भन्ने व्यवस्था छ । धेरैले गर्ने गरेका पनि छन् । यसमा कसैको मत छ कि राजा हाम्रो बन्धुवर्ग होइनन् किन गर्ने भन्ने पनि एकथरी छन् । नरपतिः सर्ववर्णानां बान्धवः (इति पा.गृ.टी. ४६२ वचनात्) भनिएकोले राजालाई तर्पणगर्नु उचितै हो ।

यस्तै यस्तै श्राद्धमा विचार गर्नुपर्ने धेरै कुराहरू छन् । ती सबैको यहाँ उल्लेख गरीसाध्य छैन । सबै कुराको उल्लेख गर्न लाग्यो भने यहाँ एउटा पुस्तकै तयार हुन्छ । यो सानो लेखमा त पाठकहरूमा श्राद्धसम्बन्धी थोरै भए पनि जानकारी दिने मात्र उद्देश्य रहेको छ । यससम्बन्धी जिज्ञासा भएमा श्राद्धसम्बन्धी विषयका अन्य पुस्तकहरू हेर्नुहुन पनि अनुरोध गरिन्छ । ॐ ॐ ॐ

०००

# मान्छे हरायो कता ?

✍ **ठाकुर शर्मा भण्डारी**
**जुहाङ्ग, गुल्मी**

भाका भिन्न हुँदा सबै मलिन भो मान्छे हरायो कता ?
आस्था छिन्न हुँदा सबै विषयमा सङ्घर्षका छन् व्यथा ।
लौ भ्यायो ! सब मासियो ! वचनले बाटो हरायो कता ?
आशाका कण छन् विचारसँगमा आए बिलाए कता ? । १ ।

कोही ढुक्छ ढुकाइमा ढलिमली उर्लिन्छ उर्लाइमा
कोही भुक्छ भुकाइमा मिलिजुली गर्जिन्छ गर्जाइमा ।
कोही दिक्क चुसाइमा व्यथित छन् पेलिन्छ पेलाइमा
काला बादलका छटा गगनमा हेर्दै छु यो कालिमा । २ ।

झर्को मिल्छ सुसाइमा स्खलित छन् स्वार्थीपना ढल्मल
फुर्किन्छन् कति फुर्किंदा ढलित छन् बिक्ने भई खल्बल ।
नेता खै ! सुविचार खै ! सुजनता देखिन्न खै ! निर्मल
धेरै वर्ष बिते बिताइ हुनगो नेतृत्व भो चञ्चल । ३ ।

मान्छे खोज्न कहाँ कहाँ घुमिसक्यौँ देखिन्न खै सज्जन !
केही स्वार्थी विचारले ग्रसित छन् दुराग्रही रञ्जन ।
के यस्तै व्यभिचारमा ग्रसित भै बाँच्ने कला बिर्सियौ ?
खग्रासी मनको विचार गतिले यो शून्यता अर्पियौ । ४ ।

आफ्नो संस्कृति-सभ्यता-सृजनता मेट्ने भयौ मानव !
साराको मनमाझमा बसिदिने यो राष्ट्रको गौरव ।
यो हो सुन्दर साधना स्थल सदा संसारमा वन्दित
कस्तो राहु पस्यो सबै निलिसक्यो स्रष्टा भयो चिन्तित । ५ ।

ooo

कालजयी अमेरिकी कथा

# मेजाईको उपहार

✍ **अनुवादक : जयदेव गौतम**
**दर्लमडाँडा, पाल्पा**
**हाल : भर्जिनिया, अमेरिका**

**कथाकार - ओ. हेनरी**

*(न्वारनको नाम विलियम सिडनी पोर्टर हो तर उनी अङ्ग्रेजी वाङ्मयमा आफ्नो उपनाम 'ओ.हेनरी' अथवा 'ओलिभर हेनरी' को नामले स्थापित र कालजयी भए । आफ्नो जीवनकालमा जम्मा ३८१ वटा कथा लेखेका ओ.हेनरी आफ्ना कथाहरूमा आलङ्कारिक एवम् लाक्षणिक भाषा र विशिष्ट लेखनशैलीका निम्ति अनि नाटकीय र विस्मयकारी अन्त्यका लागि संसार-प्रसिद्ध छन् । प्रस्तुत कथा 'गिफ्ट अफ दि मेजाई' सर्वप्रथम १० डिसेम्बर सन् १९०५ मा 'द न्युयोर्क सन्डे वर्ल्ड' पत्रिकामा र अर्को वर्ष सन् १९०६ मा लेखकको कथा-सङ्ग्रह 'द फोर मिलियन' मा प्रकाशित भएको थियो । साहित्य-संसारमा खासगरी क्रिसमस चाडसम्बन्धी कथा-किस्साहरूमध्ये ओ.हेनरीको प्रस्तुत कथा सर्वश्रेष्ठ मानिन्छ । किन पनि भने उपहार आदान-प्रदान हुने वा गर्ने सम्बन्धमा अन्य कुनै पनि चाडभन्दा क्रिसमस पर्व विशेष उल्लेखनीय मानिन्छ । - अनुवादक)*

एक डलर सतासी सेन्ट । जम्मा रकम त्यति नै थियो । त्यसमध्ये पनि साठी सेन्ट त पेनीहरूमा मात्र थियो । पेनी अर्थात् अमेरिकी मुद्राको सबैभन्दा सानो एकाइ, अझ भनौं, अमेरिकी एक पैसाको द्याक । धेरैवटा पेनी गनेर किनकान गर्ने किसिमका ग्राहक आइलाग्दा किराना वा तरकारी र मासु पसलेहरूलाई सधैं हत्तु-हैरान हुने गर्दथ्यो । पसलेलाई पैसा तिर्नु पर्दा धेरै पेनी दिंदा कहिलेकाहीं दुई-चार पेनी कम दिए पनि खासै फरक पर्दैन्थ्यो । त्यसो गरेर केही पेनी बचाउन पनि सकिने हुन्थ्यो । डेलाले तीनपटक त्यो रकम गनेकी थिई । एक डलर सतासी सेन्ट । भोलिपल्ट क्रिसमसको चाड थियो ।

अब गर्नुपर्ने थप अरू केही बाँकी थिएन, सिवाय पुरानो सोफामा थचक्क बस्ने र खुइय्य आवाज सुसेल्नेबाहेक । डेलाले पनि त्यही गरी । जीवनयापनसम्बन्धी एउटा नैतिक प्रश्न उसमा बेलाबखत उठिरहने गर्थ्यो । जीवनका आरोह-अवरोह, हाँसो-रूवाइ, सुविधा-असुविधा आदि सबै कुराले उसलाई नराम्ररी जकडेका थिए । खासमा उसलाई अप्ठ्यारा, असहजता र असुविधाले धेरै अँठ्याएका

थिए । खुसीभन्दा अवसादका क्षणहरू नै धेरै थिए । यसले गर्दा ऊ जीवनसित सन्तुष्ट पनि त थिइन ।

यसरी घरकी लक्ष्मी, स्वयम् गृह-स्वामिनी, को अवस्था नै थकित, गलित, क्लान्त र क्रमशः खस्कँदै गइरहेको थियो भने घरको स्थितिप्रति पनि एक नजर लगाउनु उचित हुन्छ । प्रतिसाता आठ डलर तिर्नुपर्ने गरी लिइएको औसत फर्निचरसहितको एउटा फ्ल्याट । ठ्याक्कै हेर्दा त्यो आवास कुनै भिखारीको बासस्थान जस्तो नै त थिएन तापनि आफ्नो दयनीय अवस्थाले गर्दा अमेरिकी नगरहरूमा भिखारी अथवा जथाभावी गर्दै हिँड्ने घरबारविहीनहरूलाई पक्राउ गर्ने दायित्व बोकेको प्रहरी जत्थालाई आमन्त्रण गर्ने किसिमको भने पक्कै थियो ।

भवनको प्रवेशद्वार ठूलो थियो । त्यसमा एउटा थोत्रो पत्र-मञ्जूषा थियो तर त्यसमा कुनै पनि किसिमको चिठी-पत्र खसाल्न मिल्दैन्थ्यो । त्यही सानो मञ्जूषामाथि बिजुलीबाट चल्ने एउटा संकेत-घण्टी (डोर बेल) पनि थियो, त्यो पनि कति पुरानो र खिइसकेको थियो भने कसै गरी पनि बज्दैन्थ्यो, कसैले बजाउन त के कुरा छुनै समेत सक्दैन्थ्यो । योसँगै त्यहाँ एउटा नामपाटी पनि झुण्डिएको थियो र त्यसमा लेखिएको थियो, 'श्री जेम्स डिलिङ्गम योङ । '

त्यसो त 'डिलिङ्गम' भनेर लेखिएको शब्द कुनै बेला कायम सम्पन्नताको क्षणमा हावाको लहरसँगै यता र उता लहरिने पनि गर्थ्यो, यो त्यो बेला थियो जतिखेर त्यसको मालिकले प्रतिसाता तीस डलर रकम पाउने गर्थ्यो । अहिले, जतिखेर साप्ताहिक आय घटेर बीस डलरमा खुम्चिएको थियो, 'डिलिङ्गम' भनेर संकेत गर्ने अक्षरहरू पनि धमिलिएका र खिइएका देखिन्थे । र, मानौं ती अक्षरले अब केवल अत्यन्त साधारण किसिमले 'डी' अक्षरसित मात्र नयाँ सम्झौता गर्न चाहिरहेका थिए ! तर, जति जति बेला श्री जेम्स डिलिङ्गम योङ घर आइपुग्थ्यो र आफ्नो फ्ल्याटमा प्रवेश गर्थ्यो, ऊ 'जिम' भनेर पुकारिन्थ्यो र श्रीमती जेम्स डिलिङ्गम योङ -जसलाई हामीले यसअघि नै डेला भनेर चिनिसकेका छौं- ले न्यानो आलिङ्गनले स्वागत गर्थी । यो सबै कुरा स्वाभाविक थियो र सुन्दर पनि ।

डेलाले खुइय्य गर्न छोडिन, सुँक्कसुँक्क पनि गरिन । बरू अनुहारमा पाउडर आदिले शृङ्गार गरी, झ्यालनिर उभिन पुगी र बाहिरतिर हेर्न थाली । बाहिरको वातावरण पूरै म्लान त थिएन तापनि डेलाको मन अनि हृदयभित्रको नैराश्य र उत्साहहीनता जस्तै अनाकर्षक भने थियो, उमंगहीन थियो, कुनै स्फूर्ति जगाउने किसिमको थिएन । भोलि क्रिसमसको दिन थियो तर पैसाको नाममा ऊसित केवल १.८७ डलर मात्र थियो र त्यही रकमबाट उसले जिमका लागि केही उपहार किन्नुपर्ने थियो । उसले पेनी-पेनी गरेरै भए पनि आफूले जोगाउन सक्ने

जति रकम महिनौंदेखि जोगाउँदै आइरहेकी थिई । बीस डलरमा एक साताभरि घरको सम्पूर्ण खर्च-पर्च चलाएर केही बचत पनि गर्न खोज्नु त्यत्ति व्यावहारिक थिएन । त्यसमा पनि साप्ताहिक खर्च उसले सोचेभन्दा जहिल्यै धेरै हुने गर्थ्यो । भएको रकमभन्दा साप्ताहिक खर्च नै बढी हुन्थ्यो । अब अहिले जिमका निम्ति क्रिसमस उपहार किनिदिनका लागि ऊसित केवल १.८७ डलर मात्र संकलन हुनसकेको थियो । उसको आफ्नो 'जिम' । उही जिमका लागि केही अत्यन्त राम्रो, कुनै अति सुन्दर उपहार किनिदिने अनेक योजना बनाउँदै उसले घण्टौं सुखद समय बिताएकी थिई । उसले किन्ने उपहार सुन्दर, विशिष्ट र मूल्यवान् हुनेछ- केही त्यस्तो उपहार जुन चाहिँ जिमले प्रयोग गर्ने वस्तुको गरिमाअनुकूल हुनुपर्नेछ ।

उनीहरू बस्ने कोठामा दुईवटा झ्याल थिए । ती झ्यालहरूको बीचमा रहेको भित्ताको खाली भागमा एउटा अग्लो तर साँघुरो सस्तो ऐना मिलाएर राखिएको थियो । सायद तपाईं पाठकले पनि यस किसिमको लामो साँघुरो ऐना देख्नुभएको होला । कुनै दुब्लो अथवा सुगठित शरीर भएको मानिसले यो ऐना हेर्नुपर्‍यो भने उभिएकै ठाउँमा घुम्दै र पटकपटक गर्दै मात्र त्यसमा आफ्नो प्रतिबिम्ब हेर्न सक्थ्यो । डेला पातली थिई, त्यस कारणसमेत उसले त्यसरी ऐना हेर्ने कलामा निपुणता हासिल गरिसकेकी थिई ।

अचानक ऊ मख्ख पर्दै झ्यालबाट फनक्क फर्किई र हतार हतार ऐनाअगाडि उभिन पुगी । उसका आँखामा गज्जबको चमक थियो तर लगत्तै उसको अनुहार भने ओइलाएजस्तो भयो । छिटो छिटो उसले आफ्नो बाँधेको कपाल फुकाई, त्यसलाई पूरा खुलै छोडीदिई र ऐना हेर्न थाली ।

यहाँनिर, जेम्स डिलिङ्गम योङ्हरूसित दुई कुरा थिए र ती दुबै कुरामाथि उनीहरूलाई गज्जबको गर्व पनि थियो । ती दुईमध्ये एउटा थियो- जिमको सुनौला घडी, जुन उसको पिताको थियो र पिताका पनि पिताको थियो । र, अर्को थियो- डेलाको बाक्लो, लामो अनि सुन्दर कपाल । उसको कपालको सुन्दरताको त के कुरा गर्नु ? शीबा प्रदेशकी अपूर्व सुन्दरी महारानी नै आएर यदि उनीहरू बस्ने फ्ल्याटकै वरिपरि बसोबास गरिरहेको भए पनि मौसूफ सरकारका तमाम गर-गरहना र उपहारहरूलाई मात गर्ने गरी डेलाले आफ्नो लामो कपाल त्यही झ्यालबाहिर तलसम्मै आउने गरी सुकाउने थिई । महाराजा सोलोमनले आफूसित भएजतिका स्वर्ण-आभूषणसहितको तमाम खजाना त्यही फ्ल्याटको तल्लो भाग -बेसमेन्ट- मा राखेको भए पनि जिम त्यस ठाउँ वरिपरिबाट भएर आउजाउ गर्दा उसले हरेकपटक खल्तीबाट आफ्नो घडी बाहिर झिक्थ्यो र हेर्थ्यो, उता दाह्री मुसार्दै महाराजा सरकार ईर्ष्यापूर्वक उसलाई हेरिरहेका हुन्थे ।

डेलाको सुन्दर कपाल अब मानौं उसैमाथि खसेको थियो, लहराउँदै र झरनाबाट खसिरहेको जलप्रवाह जस्तै चम्किइरहेको । कपाल उसको घुँडालाई ढाक्दै अझ तलसम्म पुग्यो र उसका लागि त झन्डै सर्लक्कको वस्त्र जस्तै हुन गयो । उसलाई रमाइलो लाग्यो र मक्ख पर्दै फेरि एकपटक त्यस्तै गरी । त्यसो गर्दा-गर्दै ऊ एकपटक लडखडाई र लगत्तै एकछिनसम्म उभिएर यताउता हेरी, दुई थोपा आँसु खस्यो र भूईंको रातो गलैंचामा बिलायो ।

डेलाले आफ्नो पुरानो खैरो ज्याकेट लगाई, अनि पुरानै खैरो ह्याट पनि । ज्याकेट सुहाउँदो स्कर्ट फर्फराउँदै र आँखामा उही अघिकै चमक यथावत् राख्दै ऊ ढोकाबाहिर निस्की । लगत्तै भऱ्याङबाट ओर्लेर ऊ बाहिर पसलहरूतिर जाने सडकमा फूर्तिसााथ हिँडिरहेकी थिई ।

जुन पसलअगाडि पुगेर ऊ रोकिएकी थिई, त्यसमाथि राखिएको साइनबोर्डमा लेखिएको थियो, 'म्याडम सोफ्रोनी । सबै किसिमका कपाल पाइने ठाउँ ।' हस्याङ-फस्याङ गर्दै डेला पसलभित्र पसी । स्वाँ-स्वाँ गर्दै त्यहाँ पुगेकी उसले अब स्वयम्लाई सामान्य अवस्थामा रहेको देखाउने प्रयास गरी । साहुनी अर्थात् म्याडम सोफ्रोनी ठूलो ज्यान, औधी श्वेत वर्ण र ठाडो स्वभाव भएकी महिला थिई । नामको सुन्दरतासित उसको शरीर औ अनुहारको कुनै साइनो थिएन ।

'तपाईंले मेरो कपाल किन्नुहुन्छ ?' डेलाले सोधी ।

'मैले कपाल किन्ने गरेकी छु,' साहुनीले भनी, 'तपाईंले आफ्नो ह्याट झिक्नुस् । तपाईंको कपाल कस्तो भनेर एक नजर हेर्न त पऱ्यो ।'

डेलाले ह्याट झिकी । साहुनीले कपाल हेरी- झरनाको बग्दो पानीजस्तो सुन्दर, बाक्लो, मुलायम, लामो खैरो कपाल ।

'बीस डलर', आफ्नो 'व्यावसायिक सीप' देखाउँदै साहुनीले भनी ।

'ल, ल, हुन्छ । मलाई छिटै त्यो रकम दिनुस्', डेलाले भनी ।

मेरी बास्सै, त्यसपछिका दुई घण्टा त मानौं मलमलका पखेटा फिँजाएर उडेजस्तो पो बिते । यहाँ प्रयुक्त रूपक र लक्षणलाई भुलिदिनुस् । खासमा डेलाले त जिमका लागि उपहार किन्ने भनेर त्यहाँ भएभरका पसल चहारेकी थिई ।

अन्ततः आफूले खोजेको जिनिस उसले फेला पारी । डेलालाई लाग्यो- त्यो जिनिस वास्तवमा जिमकै लागि भनेर बनेको थियो, अरू कसैका लागि भनेर होइन । अन्य कुनै पनि पसलमा यस किसिमको सामान थिएन, उसले सबै

पसलमा भित्र-बाहिर गएर उत्सुकता, सतर्कता एवम् हार्दिकतापूर्वक हेरेकी थिई । त्यो जिनिस गोजी घडीमा लगाउन मिल्ने प्लाटिनमको सानो सिक्री थियो, आवरणबाट अत्यन्त आकर्षक तर भित्रबाट प्रायः, केही नभएको- जस्तो, अक्सर सबै राम्रा वस्तु हुने गर्दछन् । यसो भए तापनि यो वस्तु घडीका लागि अत्यन्त सुहाउँदो र बढी सुन्दर पनि थियो । त्यो सिक्री देख्ने बित्तिकै डेलालाई थाहा भइसक्यो, यो चाहिँ निश्चय पनि जिमकै लागि बनेको हो । यो ऊ (जिम) जस्तै पनि त छ । शान्त, स्निग्ध र गुणवत्ता- दुबैमा उत्तिकै मिल्ने प्रवृत्ति । पसलेले त्यसका लागि ऊसित एक्काइस डलर लियो, र ऊ बाँकी ८७ सेन्ट लिएर हतारिँदै घर फर्की । उसलाई लागिरहेको थियो- आफ्नो गोजी घडीमा त्यो सिक्री राखेपछि जिम जहाँ भए पनि, जहाँ पुगे पनि समयका बारेमा यथोचित तवरबाट चनाखो भइरहनेछ । उसले घडीजस्तै भव्य एवम् आकर्षक त्यो सिक्रीलाई घरिघरी नियालिरहनेछ किनभने अहिलेसम्म उसले सिक्रीको ठाउँमा छालाको पुरानो र सस्तो फित्ता प्रयोग गरिरहेको छ ।

डेला जति बेला घर पुगी, झल्याँस्स उसलाई केही कुराले ब्युँझाएजस्तो भयो । उसले आफ्नो कपाल सजाउन प्रयोग गर्ने कर्लिङ आइरन निकाली, ग्यास चुल्हो बाली र प्रेममा समर्पण गर्नका लागि देखाएको उदारताबाट मिलेको असरलाई सकेसम्म मिलाउने र काँटछाँट गर्न थाली । पाठक मित्रहरू, यो चाहिँ जहिले पनि जबर्जस्त काम हो, दारूण अनि बृहत् काम हो ।

चालीस मिनेटभित्रैमा उसको टाउको साना-साना र घुँघराला रौंले ढाकियो, यसले गर्दा ऊ स्कुलमा अक्सर अनुपस्थित रहने उटुङ्ग्याहा विद्यार्थीजस्तो देखिन पुगी । उसले ऐनामा आफूलाई लामो समयसम्म हेरी रही, सतर्कतापूर्वक, र आलोचक बनेर पनि ।

'यदि जिमले मलाई मारेन भने, ' उसले आफैंसित कुरा गर्दै भनी, 'उसले ममाथि दोस्रोपटक हेर्नुभन्दा पहिले नै म न्युयोर्कको चर्चित कोनी आइल्यान्डका 'कोरस गर्ल्स' नर्तकीहरू जस्तो देखिएकी छु भनेर भन्नेछ । तर, तर मैले के गर्न सक्छु र- हरे ! जम्मा एक डलर सतासी सेन्ट रकमबाट मैले के नै पो गर्न सक्छु र ? '

सात बजे कफी तयार भयो र चप पकाउनका लागि ताबा तातै रहने गरी चुल्होको पछाडिपट्टि राखियो ।

जिम कहिल्यै ढिलो गर्दैन थियो । डेलाले गोजी घडीको सिक्री दोब्रयाउँदै हातमा राखी र ऊ सधैं भित्र छिर्ने ढोका छेउमा राखिएको टेबलको कुनातिर गएर बसी । त्यही बेला उसले बाहिर तल भऱ्याङको पहिलो खुड्किलोमा जिमका पाइतालाको आवाज सुनी, निमेषभरका लागि उसको अनुहार सेतो भएर आयो ।

उसको एउटा बानी थियो, दैनिक जीवनका सबै झिना-मसिना कुराहरूलाई लिएर मौन प्रार्थना पुटपुटाउने । र, अहिले पनि उसले आफूले मात्र सुन्ने गरी पुटपुटाउँदै भनी, 'हे दैव, कृपया उसलाई म अझै उस्तै राम्री छु भनेर सोच्ने बनाइदेऊ । '

ढोका खुल्यो । जिम भित्र पस्यो र ढोका बन्द गर्‍यो । ऊ दुब्लो थियो र निकै गम्भीर देखिन्थ्यो । बबुरो, भर्खर बाइसौं वर्षमा टेकेको थियो र पनि परिवारको बोझ बोकिरहेको थियो ! उसलाई नयाँ ओभरकोट चाहिएको थियो, त्यसमाथि ऊसित हात छोप्न पञ्जा पनि थिएन ।

जिम ढोकाबाट भित्रतिर हिँड्न खोज्यो तर अनायास स्तब्ध भयो र अवाक् एकै ठाउँ उभिइरह्यो, सिकार देखेर त्यसमाथि झम्टिन तम्तयार एकटक अडिएको सिकारी जस्तो भएर । उसका आँखा डेलामाथि एकोहोरिएका थिए । ती आँखामा केही थियो जसलाई उसले बुझ्न पनि सकिन र पढ्न पनि, ऊ त बरू भयभीत भई, र आतंकित जस्तै पनि । आँखाको त्यो भाकामा न रिस थियो न विस्मय, न असहमति थियो न आतंक र न त्यस्तो कुनै पनि भाव थियो जसको सामना गर्ने भनेर ऊ तयार भएरै बसेकी थिई । जिमले अनुहारमा उही विशेष भावाभिव्यक्ति यथावत् राख्दै उसैलाई एकोहोरो हेरिरह्यो ।

डेलाले टेबल सरक्क सारेजस्तो गरी र जिम भएतिर गई ।

'जिम, मेरो प्यारा, ' उसले भनी, 'मलाई त्यसरी न हेर न । मैले आफ्नो कपाल काटें र त्यसलाई बेचिदिएँ किनभने क्रिसमसको बेला तिमीलाई कुनै उपहार नदिईकन म त बाँच्न पनि सक्दिन थिएँ । यो त फेरि पनि बढ्दै जान्छ र लामो पनि भइहाल्छ- तिमीले यसलाई अन्यथा लिँदैनौ नि, होइन त ? कसो गरूँ, मैले यसो नगरी धरै पाइन के ! मेरो कपाल त एकदम छिटो पो बढ्छ । ल त जिम, 'मेरी क्रिसमस' भन अनि हामी दुबैजना खुसी होऔं, रमाऔं । तिमीलाई अझै थाहा छैन, मैले तिम्रा लागि भनेर कति राम्रो, कति सुन्दर र कति आकर्षक उपहार ल्याइदिएकी छु । '

'तिमीले त आफ्नो कपालै काटिछौ ? ' जिमले गाहारो मानी मानी सोध्यो, मानौं कठिनतम मानसिक परिश्रमपछि पनि ऊ अझै डेलाले कपाल काटेको यथार्थ पत्याउन सकिरहेको थिएन ।

'हो त, मैले यसलाई काटें र बेची पनि दिएँ, ' डेलाले भनी, 'यस्तो जे भए पनि तिमीले मलाई पहिले जस्तै गरी मन त पराइरहन्छौ नि ? कपाल नभए पनि म मजस्तै त छु नि, होइन र ? '

अत्यन्त उत्सुक हुँदै जिमले कोठाको चारैतिर नजर दौडायो ।

'के भनेको तिमीले, कता गयो तिम्रो कपाल ? ' उसले सोध्यो, अनुहार र आवाजमा लगभग पटमूर्ख भावभंगिमा भरेर ।

'तिमीले यतातिर हेर्दै नहेरे हुन्छ र केही सोच्दै नसोचे हुन्छ, ' डेलाले भनी, 'यो त बिक्री भइसक्यो, म तिमीलाई फेरि पनि भन्छु– यो बिक्री भइसक्यो र लोप पनि भइसक्यो । आज क्रिसमसको पूर्वसन्ध्या हो, साथी । मप्रति राम्रो बन र त्यस्तै राम्रो व्यवहार पनि गर किनभने यो कपाल त तिम्रै लागि लोप भएको हो । हुनसक्छ, मेरो टाउकोमा भएको रौं गन्न सकिने संख्यामा थियो होला', अचानक उसको आवाजमा गम्भीर मिठास भरिएर आयो, 'तर तिम्रालागि मभित्र रहेको प्रेमलाई कसैले गन्न सक्दैन । जिम, के मैले अब चप पकाउन बसाल्दा हुन्छ ? '

लगत्तै आफ्नो अचेतन अवस्थाबाट जिम चाँडै ब्युँझियो । उसले आफ्नी डेलालाई अँगालोमा बेऱ्यो । दस सेकेन्डका लागि हामी दुई फरक दिशा र भिन्न धारमा भएका कुनै कम आवश्यक वस्तुहरूको सचेत एवम् सन्तुलित जाँच-परख गरौं । प्रतिसाता आठ डलर अथवा प्रतिवर्ष दश लाख डलर– फरक के छ ? यसको प्रतिउत्तरमा कुनै पनि अंकगणितशास्त्री अथवा कुनै चतुर विद्वान्ले तपाईंलाई गलत जवाफ दिनेछ । मेजाईहरूले एकअर्काका लागि भनेर अमूल्य उपहार ल्याएका थिए तर त्यसको उपादेयता स्वयम् उनीहरूका लागि भने थिएन । यो अँध्यारो पक्ष कथामा पछि उज्यालोमा आउनेछ ।

जिमले आफ्नो ओभरकोटको खल्तीबाट एउटा सानो प्याकेट झिक्यो र टेबुलमा हुत्याएजस्तो गऱ्यो ।

'मेरोबारेमा अन्यथा केही नसोच, डेल' उसले भन्यो, 'मलाई के लाग्दैन भने कसरी कपाल काट्ने अथवा दाह्री-जुँगा खौरिने अथवा कुन साबुन-स्याम्पू प्रयोग गर्ने भन्ने कुनै कुराले पनि मलाई आफ्नी प्रेमिकाभन्दा न्यूनतर तुल्याउन अथवा कमजोर देखाउन सक्छ । तर, त्यो प्याकेट खोल्यौ भने थाहा पाउने छ्यौ, सुरूमै तिमीले मलाई किन र कसरी विस्मित पारेकी छौ । '

डेलाको हातका औंला चल्मलाउन थाले, तिनले त्यो प्याकेट बाँधेको डोरी र बेरेको कागज च्याते । उपहार देखेर डेला हर्षातिरेकले चिच्याउन पुगी, अनि लगत्तै, हे दैव ! तत्कालै उसको हर्ष-ध्वनिमा नारीसुलभ परिवर्तन आयो र ऊ क्वाँ-क्वाँ रून थाली । उसलाई फकाउन जिमलाई आफूसित भएभरको क्षमता र सम्पूर्ण शक्ति लगाउनुपर्ने अवस्था सिर्जना हुन गयो ।

त्यो प्याकेटभित्र केही काँगियाहरू थिए– काँगियोको झुप्पा, अर्थात् सिङ्गो सेट, छेउबाट हेर्दा पनि र पछाडिबाट हेर्दा पनि सबैतिरबाट अत्यन्त चित्ताकर्षक, यो त्यस्तै काँगियो-सेट थियो जस्तो डेलाले घरको खुला झ्यालमा बसेर धेरै-धेरैपटक त्यसकै प्राप्तिका लागि भनेर लामो समयदेखि ईश्वरलाई पुकारा गर्दै आएकी थिई । ती अति आकर्षक र सुन्दर काँगिया थिए, शुद्ध कछुवा-खोलबाट निर्मित र सबै किनारा आभूषणले मण्डित– उसको लुप्त भइसकेको सुन्दर खैरो कपाल कोर्न पनि र त्यसमा खिप्न पनि सर्वोत्तम । ती काँगिया निकै महँगा थिए, डेला जान्दथिई, र, उसलाई कहिल्यै यी पाउन सकिन्छ भन्ने झीनो आशासमेत थिएन तापनि उसले हृदयबाटै त्यो प्राप्तिको लालसापूर्ण कामना भने गर्दै आएकी थिई । र अहिले, तिनै काँगिया उससँग थिए, जसलाई उसले मन लागेअनुसार प्रयोग गर्न सक्थी तर त्यो चिर-इच्छित आभूषणले सजाउनुपर्ने लामो खैरो सुन्दर कपाल अब त्यहाँ थिएन, कतै हराइसकेको थियो ।

उसले तिनलाई अँगालो हालेजस्तो गर्दै छातीमा टाँसी, र बिस्तारै आफ्ना अँध्यारिएका आँखा माथितिर उठाई, हलुकासित मुस्कुराई र भनी, 'मेरो कपाल त कत्ति छिटो बढिसक्छ, जिम !'

अनि त्यसपछि डेला खुसीले बुरूक्क बुरूक्क भई । उसको मुखबाट अनायासै निस्कियो, 'आहा, आहा !'

उसले किनेको उपहार जिमले अझै हेरिसकेको थिएन । ऊ अत्यन्त उत्सुकता र उत्साहपूर्वक जिमका अगाडि उभिई र आफ्नो खुल्ला हत्केलामा राखेको वस्तु उसलाई देखाई । भित्रैदेखि उसमा पलाएको असीम उत्साह र उज्यालोको प्रतिबिम्बमा परेर मानौं त्यो बहुमूल्य निष्प्राण धातु-टुक्रा पनि अनौठो तरिकाले चम्किन थालेको थियो ।

'यो बिछट्टै राम्रो छैन त, जिम ? यसलाई खोज्दा-खोज्दै मैले झण्डै सिङ्गो सहर पो चाहारें, बाबै । तिमी अब यसलाई दिनहुँ सयौं चोटी हेरी बस्ने छौ । मलाई तिम्रो घडी देऊ त । मैले हेर्नु छ, तिम्रो घडीमा यो कस्तो देखिँदो रहेछ । '

तत्काल जिमले डेलाको आग्रह स्वीकार गरेन, त्यसको सट्टा ऊ सोफामा अझ बढी ढल्किन पुग्यो अनि आफ्ना दुबै हात टाउकोमुनि राख्यो र मुसुमुसु मुस्कुरायो ।

'डेल' उसले भन्यो, 'हामीले एकअर्काका लागि भनेर ल्याएका क्रिसमस उपहारहरू केही समयका लागि अलग्गै राखौं । ती उपहार अहिले नै प्रयोगमा ल्याइहाल्नका

लागि त्यति उपयुक्त छैनन् । मैले तिम्रा लागि काइँयो किन्ने भनेर आफ्नो घडी बेचिसकेको छु । ल, बरू अब खाना खाऔं होला । '

मेजाई, तपाईं पाठकहरूलाई थाहा भएजस्तै, ती बुद्धिमान् मानिस -गज्जबका तीनजना बुद्धिमान् मानिस थिए जसले डुँडमा राखिएको शिशु (नवजात येशू ख्रिष्ट - अनु.) का लागि सर्वप्रथम उपहारहरू ल्याएका थिए । उनीहरूले नै क्रिसमसको अवसरमा उपहार लिने-दिने कलापूर्ण प्रचलनको सुरूआत पनि गरे । बुद्धिमान् भएकैले, निःसंदेह, उनीहरूले ल्याएका उपहार पनि विशिष्ट थिए, सम्भवतः एकै किसिमका हुन गए भने तिनलाई साटफेर गर्न मिल्ने विशेष सम्भाव्यता तिनमा रहन्थ्यो । र, यहाँनिर म तपाईंहरूलाई एउटा फ्ल्याटमा बस्ने त्यस्ता दुईजना 'केटाकेटी'ले गरेको अनाकर्षक कार्य-व्यवहारका सम्बन्धमा बताइरहेको छु जसले केवल आफू एकअर्काका लागि भनेर सर्वाधिक मूर्खतापूर्ण ढङ्गले घरका सबैभन्दा मूल्यवान् वस्तुकै परित्याग गरिदिए । यसो भए तापनि अचेलका बुद्धिमान्हरूका लागि के भन्न सकिन्छ भने त्यसरी उपहार दिनेहरूमध्ये उनीहरू दुईजनाले दिएको उपहार सबैभन्दा बुद्धिमानीपूर्ण थियो । उपहार दिने र लिनेहरूमध्ये उनीहरू जस्ता दुईजना नै सर्वाधिक बुद्धिमान् पनि थिए । सर्वत्र उनीहरू नै सर्वाधिक बुद्धिमान् हुन्छन्, सबैभन्दा जानिफकार ठहरिन्छन् । उनीहरू मेजाई हुन् ।

ooo


# अनुरोध

- सडक तथा मोटरबाटो हाम्रो साझा सम्पत्ति हो । सडक भत्काउनु अपराध हो, त्यसैले सडक तथा मोटरबाटो नभत्काऊँ र भत्काउन नदेऊँ ।
- सडक अतिक्रमण गर्ने काम अपराध हो, सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐनअनुसार कारबाही हुने सबैमा जानकारीको लागि अुनरोध छ ।
- सडक तथा पुलमा दिसापिसाब नगरौं, नगराऔं ।
- जथाभावी सावारीसाधन पार्किङ्ग नगरौं ।
- सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।
- जथाभावी खानेपानीको पाइप सडकमा नबिच्छ्याऔं ।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**सडक पूर्वाधार विकास कार्यालय**
**गुल्मी**

# गजल

✍ **लीलाराज दाहाल**
**बागमती–११, कर्मैया, सर्लाही**

बेइमानीको बात म के जानूँ
चोरी ठगीको भात म के जानूँ

विश्वास विश्वासमै हुर्कें, बढें
अविश्वासको लात म के जानूँ

कस्तो तातो हो ! कस्तो नशालु
प्रशंसाको मात म के जानूँ

सहयोगी देखिए पहिले निकै
कोखामा छन् दाँत म के जानूँ

फुकाले तिनले त इज्जत् सबै
नग्नताको खात म के जानूँ

मलाई यसरी बिगार्नु बिगारे
यो मान्छेको जात म के जानूँ

ooo

## अनुरोध

**विद्युतीय दुर्घटना हुन सक्ने कतिपय जोखिम स्थानका बारेमा यस कार्यालयलाई जानकारी नभएको वा जानकारी गराउँदै पनि जोखिम न्यूनीकरणका लागि मर्मतका कार्यहरू नभएको हुनसक्छ । विद्युतीय दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि आफूसँग भएका सूचना वा जनगुनासो कार्यालयको सम्पर्क नं. ०७९–५२०२०८ र मोबाइल नं. ९८५७०२६२७५ मा जुनसुकै समयमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछौं । साथै विद्युत प्रवाह भइरहने संरचनाहरूको नजिकमा जाने छुने वा कार्यालयलाई जानकारी नगराई मर्मत सम्भार गर्ने कार्य नगर्नसमेत अनुरोध गर्दछौं ।**

अनुरोधक

**नेपाल विद्युत प्राधिकरण**

गुल्मी वितरण केन्द्र, तम्घास, गुल्मी

# के भुल्दथें त्यो घर

✍ **कृष्ण पन्थी**
**वैज्ञानिक युनिभर्सिटी अफ् टेक्सास, अस्टीन**
**एड्जंट प्रोफेसर**
**सेन्ट एड्वार्डस् युनिभर्सिटी, अस्टीन**

आएँ दूर विदेशमा म कसरी आमा भुली आखिर ।
छोडी गाउँ समाज देश सहजै दाजु दिदी जागिर ॥
छोडेँ लौ कसरी म जन्म घर त्यो पत्नी र छोरा तर ।
सम्झी मात्र रहन्छ मन् हरघडी के भुल्दथेँ त्यो घर ॥ १ ॥

सोचेथेँ कसरी सिगारूँ घर यो पोती कमेरो अनि ।
सानो गोठ बनाई गाई र सगैँ भैसी र बाख्रा पनि ॥
के के गर्न अझै थियो मन उतै छोडेर आएँ पर ।
के सक्थेँ म कठै रमाउन यहाँ के भुल्दथेँ त्यो घर ॥ २ ॥

छोडी गाउँ समाज देश सहजै पर्देश आएँ यहाँ ।
भोग्दैछु जति भोग्न पर्छ नियती टारेर टर्थ्यो कहाँ ॥
इच्छा छैन पुग्यो पराइसँगको रम्झम् पनि आखिर ।
हेर्छु सोच्दछु गम्दछु घरतिरै के भुल्दथेँ त्यो घर ॥ ३ ॥

खोज्छु सुख्ख कतै म देख्दिन यहाँ यस्तो धनी देशमा ।
भौंतारिन्छु यता उता सबतिरै एक्लो म छु भीडमा ॥
ए. सी., जागिर, कार, फोन, घर, छन् मिल्दैन शान्ती तर ।
जाऊँ भुर्र उडेर भन्छ मन यो के भुल्दथेँ त्यो घर ॥ ४ ॥

आएको म त हैन है रहरले छोडेर आफ्नो घर ।
मेरो देह अमेरिका मन भने नेपालको त्यै घर ॥
जाऊँ झट्ट उडेर भन्छ मन यो सक्तिनँ हिंड्नै तर ।
पल्पल् यो मन घुम्छ जन्मघरमै के भुल्दथेँ त्यो घर ॥ ५ ॥

ooo

# किसुनजी र स्वप्नभङ्ग

✍ **हरिराज भट्टराई**
**सिल्भर स्प्रिङ्ग, मेरीलैण्ड, २०९०६, सं.रा. अमेरिका**

नेपाली काँग्रेसको सम्मेलन भयो । विदेशबाट पनि नेता आमन्त्रित थिए । सर्वमान्य नेता गणेशमान सिंहको बस्ती-परिसरमा पाहुनाहरूले भीषण गर्जना गरे, दरबार थर्काए । नेपालमा पञ्चायती व्यवस्थाप्रति तिनको आक्रोश थियो । सम्मेलनका संचालक-उद्घोषक थिए - योगप्रसाद उपाध्याय । यो दृश्य २०४६ सालको आन्दोलनमा सशक्त आधारशिला बन्यो ।

फागुनको पहिलो सातामा आन्दोलन थालियो कर्फ्यू पनि लाग्यो । म जस्तो अस्थिर-चञ्चल तत्व आफैं बाँचिएको अनुभव भो । अनि केही गर्ने पर्‍यो भनेर कथा लेख्ने सोच बनाएँ । कथा लन्दनबाट शुरू हुने भो किनभने प्रोफेसर जे. रिचर्डस पनि कांग्रेसको सम्मेलनमा भाग लिन आउँदै थिए । फेरि उनी त हाम्रा महाराजाधिराज श्री ५ वीरेन्द्रका गुरु पनि । कथाको आरम्भ रोचक बन्ने भो । समय, उडान र यात्रा संस्कृतिबारे वसन्त गौतमबाट ज्ञान ऊर्जा लिदैरहें ।

काशी हिन्दू विश्वविद्यालयमा म १९८५-८७ दुई वर्ष नेपाल चियरमा रहें । त्यहाँको विद्यार्थी आन्दोलनको परिवेशले मलाई कथा लेखायो । अनिश्चित कालतक बन्दमाथि मैले 'साइनी डाइ' लेखें । त्यसैले मेरो हात बसिसकेको र रस पसिसकेको हुनाले कलम दौड्यो । कर्फ्यू सकिंदा कथा पनि टुँगियो । आन्दोलन पनि लक्ष्यमा पुग्यो । कथा टाइपिङ्मा दिएर त्रि.वि. को परीक्षा सञ्चालन गर्न दिक्तेलतर्फ लागें । मैले 'स्वप्नभङ्ग' लाई आन्दोलनको अमूल्य उपलब्धि ठानें ।

टाइप भएको प्रति लिएर मित्र हरिहर दाहाल (सचिव बार एसोशिएशन) को कार्यालयमा पुगें । चिन्तन, साहित्य र युगपरिवेशका सन्दर्भबाट उनी अब्बल भए मेरा लागि । प्रक्रित्या उनी प्रतिभाशाली उदात्त र दूरदर्शी थिए । धन्न म त्यहाँ जान चुकिंनछु भन्ने लाग्छ ।

अर्को दिन उनले स्वप्नभङ्गमा देशको नाम फेर्ने सल्लाह दिए । कथाभित्र एउटा देश छ । नाम फेरियो 'नग साम्राज्य' भयो । पर्वतीय क्षेत्र भएको भूमि भन्ने अर्थमा यो नाम गृहीत भयो । प्रभु जोडिहालौ हरिहरजीको पठन अत्यन्त द्रुतगतिले चल्छ । मलाई यो अद्भुत दैवी गुण हो भन्ने लाग्छ । कुशल पाठक भएको हुनाले म आफ्ना सिर्जना लिएर आज पनि उहाँसमक्ष उपस्थित हुन्छु ।

अब छाप्नु पर्नेमा उत्साहित छु । कभर पेजमा सुन्दर कला चाहियो । लैनसिंह बाङ्देल समक्ष, हाजिर भएँ । एकेडेमीले २५ वर्षको सन्दर्भमा प्रकाशित पुस्तकमा

वाङ्देलको कलाको आकर्षणले म प्रभावित थिएँ । उनले कुची कलमलाई निकै पहिलेदेखि विश्राम दिएका रहेछन् । उनकै परामर्शअनुसार म मुखियाकहाँ पुगे । मुखियाले चारथान कला तयार गरेर देखाए । मैले एउटा छानें । पुस्तक छापियो दीपक प्रेस बनारसमा । तर स्वप्नभङ्गको कलाकार को हो कोही जान्दैन । मुखियाले 'मु' 'म' लेख्न मानेनन् । उनले मबाट द्रव्य लिन पनि चाहेनन् । कथाको प्रकृतिले गर्दा हो कि उनी प्रकट हुन चाहेनन् भन्ने अर्थ बुझें । म आज पनि आभारी छु । यो सन् १९९१ को कुरा हो ।

'स्वप्नभङ्ग' लोकार्पण गर्नुपर्‍यो ।

कृष्णप्रसाद भट्टराई, त्यसबेला प्रधानमन्त्री । भेट्ने कहाँ ? मौका जुर्‍यो । दशैंको बेला गणेशमानजीको निवासमा भेटघाटको कार्यक्रम हुन्थ्यो । चियापानको शुभकामना आदानप्रदानको । प्रेम थपलियाले आदेश दिए, हरि थपलियाले मोटरव्याकमा राखेर पुर्‍याइदिए । ढल्केको अपराह्न किञ्चित खुकुलो परिवेश देखें ।

सिधै म हरिप्रसाद नेपालछेउ पुगें । मलाई देख्नासाथ उनले भने 'हरि भाइ, किन ढिलो ? के बोकेर आयौ ? पुस्तक हो कि ?

'ज्यू, लोकार्पण गर्नुपर्ने । किसुनजीसँग समय लिनपर्‍यो ।' 'किसुनजी, यो हरि भाइको अनुरोध सुन्नुभो ? भाइ तिमी यतै आऊ, किसुनजीलाई पुस्तक देऊ । मैले दिएँ र छेउमा बसें । 'माथि यो पुस्तक तिमी राखिदेऊ । तिमी पनि आफ्ना लागि एक प्रति माग । उहाँलाई यो पुस्तकका लागि समय देऊ ।' अनि म फलानो दिन पुस्तक लोकार्पण गर्न निमन्त्रणा-पत्र लिएर आउँछु भनेर त्यो समारोहबाट निस्किएँ । कस्तो उदात्तभाव र युगबोध भएका नेता हाम्रा भन्दै म गद्गद भावले भरिँदै रहें । शायद आन्दोलन सफल भएको सुखद प्रतिफल थियो मेरा लागि ।

पुस्तक लोकार्पण गर्ने कार्यक्रमको निमन्त्रणा-पत्र लिएर प्रधानमन्त्री कार्यालय पुगें । सिंहदरबारमा माथवंरले भनिहाले - 'किसुनजीले पुस्तक लोकार्पण गर्नुहुन्न । मलाई यही भन्नुभयो ।

'म एक पटक कुरा गरौं कि ?'

'जानुहोस्, एक्लै हुनुहुन्छ । ' उनले फोनबाट संकेत गरिदिए ।

म अभिवादन गर्दै भित्र प्रधानमन्त्रीको कार्यकक्षमा पसें । अनि हाम्रो संवाद भयो ।

'हरि भाइ, बस्नोस् । माथवरले तपाईंलाई भनेनन् ?

'भने, म त निमन्त्रणा नै बाँड्दै छु । ' मैले निमन्त्रणा पत्र दिएँ । उहाँले नै पुस्तक लोकार्पण गर्ने कार्यक्रम छ । अनि उहाँले भन्नुभयो ।

'हरि भाइ, तपाईंले मलाई सहयोग गर्नुपर्‍यो । मलाई तपाईंको सहयोगको खाँचो छ अहिले । '

अब मेरो चिन्तनले काम गरेन । मैले यस वाक्यमा अर्थ बुझिनँ ।

उनले थपे - 'मैले एउटा हातले गाईलाई हरियो घाँस देखाएर अर्को हातले दूध दुहुनु छ । आफूले चाहेजत्ति । त्यसैले तपाईंको सहयोग चाहिन्छ मलाई । '

एउटा देशको प्रधानमन्त्री आफ्नो कार्यालयमा बसेर मसँग सहयोग माग्दै छ । मैले संकेत अझै बुझिनँ । मेरो चिन्तन प्रणालीमा बादल लाग्यो । म अलमल्ल परें । शायद म विमूढ देखिएँ क्यार । त्यसैले उहाँले अभिधामा भन्नु भो- मलाई यो पुस्तक लोकार्पण गर्न नलगाउनुस् । यही नै तपाईंबाट सहयोग हुनेछ ।

मैले अभिधाजस्तो बुझें तर ध्वनि वा व्यञ्जनासम्म पुग्ने अभिव्यक्ति रहेछ । किसुनजीका जब उहाँले सन्दर्भको खोलुवा दिँदै भन्नुभयो - 'मैले यो पुस्तक लोकार्पण गरें भने समाज यसैका पछि लाग्छ । संविधान जन्माउन, बाधा पर्छ, सक्तिनँ । त्यसैले मलाई यहीनेर तपाईंको सहयोग चाहिएको हो । '

उहाँले थप्नुभयो । 'तपाई कसलाई चाहनुहुन्छ, म फोन गरिदिन्छु । तपाईंको काम रोकिदैन । भन्नुहोस् कोबाट गराउन चाहनुहुन्छ ?'

अब मैले के भन्ने के नभन्ने गणित लगाउने स्थिति थिएन । धन्यवाद चढाएर म निस्किएँ । कार्ड/निमन्त्रणा बाँडिसकेको हुनाले कार्यक्रम निस्पन्न त गर्ने पर्ने भयो । अर्को दिन बिहान निस्केर छाउनीतर्फ लागें ।

'ज्वाइँ साहेब किन ?' यो उपकुलपति वासुदेवचन्द्र मल्लको प्रश्न थियो । मैले किसुनजीको नाम छापिएको निमन्त्रा-कार्ड टक्र्याएँ र परिस्थिति बोध गराएँ अनि उहाँले थोरै शब्दमा भन्नुभयो कि - २:०० बजे कार्यक्रम रहेछ, मलाई २:०० बजे नै फोन गर्नुहोला, म २.३० मा लोकार्पण गर्न आइपुग्छु । '

'स्वप्नभङ्ग' उपन्यासको लोकार्पण भयो । विशेष वक्तामा दुर्गाप्रसाद भण्डारी र नरहरि आचार्य थिए । डी.पी. भण्डारीको पाण्डित्यपूर्ण संबोधन र व्यङ्ग्य - विनोद नेपाली बौद्धिक राजनीतिक क्षेत्रमा प्रिय र चर्चित थियो । उहाँको आफ्नै स्थान छ । अर्को वक्ता नरहरि आचार्य, उहाँ त २०३६ सालको आन्दोलनको हाम्रो प्रमुख अग्रणी नै हुनुभो - विश्वविद्यालय परिवार र बुद्धिजीवी वर्गको छाता ।

पुतली सडकको सोभियत सांस्कृतिक संघको सभाकक्षमा कार्यक्रम सम्पन्न भयो ।

किसुनजी संविधान जन्माउन सफल हुनुभयो तर उहाँका उत्तराधिकारी र परवर्तीहरूले थाम्न सकेनन् । पछि आफैँ आफ्नो चौतारी छोडेर निस्कनुभयो । वृक्षले उहाँलाई छहारी दिन सकेनछ । गणेशमानजीको स्थिति पनि त्यस्तै रह्यो ।

स्वप्नभङ्ग उपन्यासका सम्राट् धर्मध्वज र साम्राज्ञी अग्निगर्भाको अन्त भएको दृश्य १२ वर्षपछि साकार भो । उपन्यासको घटना यथार्थमा साकार हुँदा आश्चर्य पनि लाग्छ । सुसूचित त गरेकै हो । पछि पनि अनिष्ट हुने संकेत दिएकै हो तर प्रियजन, सुसूचित गर्दा रहेनछन् कि ! को विश्वास-पात्र कसको लागि ? अनि माटो जीवन र संस्कृतिको रक्षा गर्ने को ? जातीय स्वाभिमानले ब्युँझने को ? के वृक्षले छहारी दिन छोडेको हो ? पलायन किन ? अब ?

ooo

---

*// लघुकथा //*

# नाता

**✍ कल्पना पौडेल 'जिज्ञासु'**
**खजुरा, बाँके**

... बेडको बिरामीको मान्छे खोइ ? नर्सले बोलाउँदै थिइन् । कोही बोलेनन् ! प्रतीक्षाकक्षमा बसेका बिरामी कुरूवाहरू मुखामुख गर्दै थिए । निर्मलाले सिकिस्त भएका पति प्रेमलाई अस्पतालमा भर्ना गरेर आफन्तलाई फोन लगाउँदै थिइन् ।

नर्सले फेरि चिच्याइन् प्रेम शर्माको मान्छे आउनुस् त 'निर्मला हतासिदै नर्स छेउ पुगिन् । बिरामीसँग अरू को हुनुहुन्छ ? अप्रेसन गर्दा रतगको जरूरत पर्न सक्छ । एक पोका रगतको तुरून्तै व्यवस्था गर्नुस् ।

खबर गरेकी छु आउँदै होलान् मनमनै सोचिन् "उनीहरूलाई आपत् पर्दा सहयोग गरेकै थियो कहिले सुन त कहिले जग्गा धितो राखेर" ! फेसबुकमा पनि अस्पतालमा भएको जानकारी गराएकै छु ! ढुक्क मन बनाउदै बाटो हेरिन् । लौ प्रेमको मान्छे यहाँ सही गर्न आउनुस् । अब अप्रेसन शुरू हुन्छ । 'नर्सले' भनिन् । 'रगत दिने मान्छे आउँदै हुनुहुन्छ । पर्खनुस् सिस्टर । निर्मलाले भनिन् । ल तपाईंको मान्छे आएर रगत दिइसक्नु भो त भन्दै निर्मलालाई प्री अप्रेटिभ वार्डमा लगिन् । त्यहाँ प्रेमकी पूर्व प्रेमिका सारिकाले रगत दिइरहेकी थिइन् ।

ooo

# मलाई नमान्ने ?

✍ **धनराज गिरी**
**वैकुण्ठनगर, बछौली, चितवन, नास्तिक टोल**

"आहा, कति रमाइलो धाम !" ऊ, प्रोफेसर तिलकराम बुढाथोकीको अनुज, प्रोफेसर जगमोहन आजादको मित बा, प्रोफेसर पूर्णनारायण पदमोपाध्याय कलमश्री आनन्द, सबैको आनन्द सर, धेरैको भर, अराजक फेसबुके, मन सफा, नौलो ठाउँमा आइपुग्यो । एक्लै छ । साथमा मोबाइल छ । सुन्दर दृश्य कैद गरेर एउटा भिडिओ बनायो, हिन्दी गीतसहित । अलि पर ताल, निर्मल, कञ्चन, विमल पानी, उसको बानी जस्तै । एउटा वृक्ष, देवदह र निर्मल, श्याम, गङ्गा, सरस्वती सम्झियो । रुखमुनि बस्यो, घाम छेलेर । प .... र मन्दिरमा घण्टी बजेको सुनियो । हरि भजनसहित । गगनमा रवि, विश्वलाई प्रकाश पार्न नसकी बादलभित्र उल्लाप गर्दै । सायद, त्यतै थियो पत्रकार सम्मेलन । प्रचण्ड गर्मी थिएन । सुस्तायो प्रोफेसर ।

"तिमी नास्तिक हो आनन्द बाबू ?" एउटा आवाज आयो, अपरिचित, परिचित । परिचित यस अर्थमा कि आफ्नै दाजी मोतीकान्त मेहर राजजीको जस्तो लाग्यो, तर होइन । लागेको मात्र ।

"हजुर को हो र ? " उल्टो प्रश्न गर्‍यो ।

"म निराकार निरन्जन प्रभु, गीतावाचक, तीन लोकको पाचक !"

"म वनमाली निराकार दाजी, मिस्टर लण्डन रिटर्न बाहेक अरू कुनै निराकारलाई चिन्दिनँ । मेरा लागि सबै परशु प्रधान र शैलेन्द्र साकार !"

"तिमी नास्तिक नै हो त ? "

"मेरो लागि आस्तिक हुनु र एमाले राष्ट्रपति हुनु उस्तै हो । म यो जीवनमा न आस्तिक हुनसक्छु, न कुनै आस्थादास, म बिन्दास, नो उदास । को हो हजुर ? सामुन्नेमा आउन मिल्दैन ? " अनुरोध गर्‍यो ।

"म निराकार, तिमीले अर्जुन र सञ्जयको जस्तो दृव्यदृष्टि पाएमा मात्र मलाई देख्न सक्छौ !" आवाज आइरह्यो ।

"मलाई त्यो काल्पनिक कथाको पात्र बन्नु छैन । म वास्तविक दुनियाँको वास्तविक मान्छे । साकार मान्छे ! हजुर अनील कपूर त होइन नि, मिस्टर इन्डियाको ? "

"हेर, म दश अवतारधारी, दुनियाँले मान्छ, म एक रूप अनेक । तिमीले मलाई नमान्ने ? मलाई नमान्ने ? मेरो रचनाले मलाई नमान्ने ? मलाई नमान्ने ? ऊ मान्छे, ऊ ए, प्रोफेसर जगमोहन आजादको मित बा मलाई नमान्ने ? " अलि झोक्कियो निराकार आवाज ।

"हे जादूगर, मान्छेले पैसा र ईश्वर बनायो, पर्यायवाची बने, एक साकार र अर्को निराकार । तिम्रो अस्तित्व नै छैन त के मान्ने ? किन मान्ने ? नमान्ने !" आनन्द पनि आफ्नै अडानमा ।

"ए महा नास्तिक ! के भएमा आस्तिक बन्ने त ? म तिमीलाई आस्तिक बनाउन कमलपोखरीबाट काजमा खटिएको । तिमी यति अघोरी, यति मस्ताना ? यति ढुक्क ? यत्रो अडान ? के भएमा मान्ने ?" अलि नरम भयो निराकार स्वर । बोल्यो आनन्द, "मेरो जीवनले अति इमानदार मानेका दुई असल मान्छेहरू रोग लागेर अति दुःख पाए । इमानको सगरमाथा सम्पूर्णबहादुर नेपाल र छन्दराज प्रमोदी, मेरो एक अति सज्जन मित्रको पच्चीस तोला नम्बरी सुन वञ्चकलालहरूले लुटे, पचाए ! मेरा एक सज्जन "रामभक्त दाजी" जीवनाथनन्दन, अति सुगरले दिक्क, दुःख पाए, ल तिम्रो लीला सत्य हो भने यी पात्रहरूलाई निरोगी बनाऊ, धनी अझ धनी, गरीब अझ गरीब हुने दुनियाँमा तिमी लक्ष्मीकान्त रे ! यही हो न्याय ? खोइ, लेऊ पच्चीस तोला कनक ! सन्चो बनाऊ ती सज्जनहरूलाई, अनि हुन्छु म आस्तिक । मूर्ख बनाउने मलाई ? अलि अलि मूर्ख त हो, छु, बढी मूर्ख बनाउने ? साम्यवाद लागू गर संसारभरि । सक्छौ ? निराकार प्रभु ! तिमी कहानीको लागि हो । जाऊ नितीश भारद्वाज बनेर लीला गर !"

"यो त सबै प्रारब्धको खेल हो, विधिको विधान हो, सबै कुरा मैले चाहे अनुसार पनि हुन्न सज्जन बालक !"

"यो उम्किने तर्क हो । वकालत हो । हे नभएका निराकार प्रभु, म यस्तै छु । परिवर्तन सम्भव छैन । आस्तिक हुन्न । विवेकी नास्तिक बनेको हो, यही ओक्के छ त !"

"ए बूढा, ऊ बूढा, कति घुरेको ? पाँच बज्यो । छोरीको फोन आउने बेला भो । खोइ आज गजल, कविता, कथा ? आइकावा होटेलको निम्तो छ होइन ? सुखलाल काकाको घर जाने होइन ? तातो पानी आयो । अल्छी बूढा ! कुन-कुन पुतली आए सपनामा ?" सीताजीको स्वरले साकार दुनियाँमा आइयो । तिलक दाजीलाई सम्झिन पुगेछु । विनोदी गुरु, पूर्ण सर र खकुरेल बा सम्झिएर कथा लेख्न थाल्छु ।

ooo

# चमजुम्रो

✍ **शेखर अर्याल**

**मदाने-३, सिर्सेनी, गुल्मी (हाल : कीर्तिपुर-४, ढल्पा, काठमाडौं)**

प्रजातन्त्रपूर्व निमिट्यान्न भएका चमजुम्रा प्रजातन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा पुनः उदाउन तँछाडमछाड गर्दै थिए । यसै समय हजुरबुबाले नातिलाई यही विषयमा शिक्षादीक्षा दिँदै गर्दा सुल्फे साहिँला टुप्लुक्क आइपुग्यो ।

"हैन, बाजे र नातिको के छलफल हो ? नातिलाई राम्रै अर्तीउपदेश दिन लाग्नुभयो कि कसो ? " साहिँलो बोल्यो ।

"त्यस्तो केही होइन साहिँला, नाति अब जन्मभूमिलाई छाडेर पश्चिमतिर बुर्कुसी मार्ने कुरा गर्छ, त्यही भएर अतीतका कुरासँग वर्तमानको कुरा छलफल गरेको मात्र । "

त्यसमा त तपाइँ खुसी नै हुनुहोला नि ? यहाँ डुल्दा डुल्दा हैरान बनेको छ नाति । समय धेरै परिवर्तन भइसक्यो । छालामा टाँसिएर दुःख दिने जमाना पनि गइसके । " साहिँलो नम्र स्वरमा बोल्यो ।

"समयसँगै परिवर्तन भएर आफ्नो स्वार्थपूर्ति गर्दा पो राम्रो हुन्छ । लगनपछिको पोते के काम ?" हजुरबुबाको गर्जन सुनियो ।

हजुरबुबाको चुरीफुरी देखेर सुल्फे अक्क न बक्क भयो । यही समयमा नातिले ओकल्यो, "हजुरबुबा, अब म फर्केर आएपछि तपाइँले भने जस्तै गर्नुपर्छ है ? गएपछि पैसा पनि कमाइन्छ अनि मानिस किन्न सकिहालिन्छ नि । त्यसो गर्दा त मालामाल हुन्छ नि, के हुँदैन र ?

"हुन्छ, नहुने त कुरै भएन । तर अब मानिसको शरीरमा टाँसिन सजिलो छैन । अब त म पनि आँखा देख्ने भएको छु नि" साहिँलो कड्कियो ।

देखिस् आँखा, तिमीहरूलाई त एकआपसमा जुधाएर, लोभ्याएर, त्रास देखाएर अनि छक्याएर तिमीहरूका आँखीभौं, काखीमा अनि गुप्ताङ्गमा टाँसिन्छु अनि हत्तुहैरान बनाउँछु । अब टाँसिन सक्ने उपयुक्त समय आउला जस्तो छ । यही समय पारेर पुनः हामी नातिबाजे प्रजातन्त्रपूर्वको सपना देख्दै थियौं भन्दै गर्दा सुल्फे एकोहोरिएको थियो ।

हैन, कतै नातिबाजेको यो सल्लाह मङ्सिर चारपछि प्रतिष्ठित चमजुम्राको बिगबिगी हुने त होइन ? भन्ने कुराको पूर्वसङ्केत जस्तो देखिन्थ्यो ।

ooo

// लेख //

# नेपालका प्रथम जगत्गुरु र कुम्भ मेला

✍ **तेजनिधि पौडेल**
**बुटवल-८, रूपन्देही**

पौराणिक कथाअनुसार प्राचीनकालमा देवता र दानवको बीचमा संघर्ष भैरहन्थ्यो । दानवहरूबाट सताइएका देवताहरू शक्ति र लक्ष्मीहीन थिए । यसैबीच देवासुर संङ्ग्राम हुँदा एउटा सहमति भयो । समुद्र मन्थन गर्ने जसबाट प्राप्त हुने वस्तु बाँडफाड गर्ने । सहमतिअनुसार देवताहरू एकातर्फ र दानवहरू अर्कोतर्फ थिए । समुद्र मन्थन गर्ने क्रममा वस्तु प्राप्त हुँदै जाँदा विष पनि निस्कियो । सो विषबाट दुबै थरीलाई नोक्सान हुने हुँदा भगवान् शिवले विषपान गरी सबैको रक्षा गर्नुभयो तर स्वयम् महादेवलाई विषको सेवनले डाहा मेट्न पहाडतिर जाँदा नेपालको रसुवा जिल्लाको गोसाइँकुण्ड पुग्नुभयो । विषको डाहा मेट्न बाणद्वारा पानी निकाल्नुभयो । जहाँ हाल गोसाइँकुण्ड छ त्यहाँ भगवान् महादेव पानीमा सुती विषको डाहा मेट्नुभएको थियो । सो दृश्य आज पनि देख्न सकिन्छ । विषको कारण महादेवको कण्ठ नीलो भएकोले भगवान् शिव नीलकण्ठको रूपमा रहनुभयो ।

अर्कोतर्फ समुद्र मन्थन गर्दा अमृतको घडा पनि निस्कियो । त्यसमा देवता र दानवमा खोसाखोस हुन थाल्यो । दानवबाट अमृत खोस्न थाल्दा भगवान्बाट मोहिनी रूप धारण गरी भगवान् विष्णुले दानवबाट खोसी देवताहरूलाई अमृतपान गराउनुभएको थियो । शक्ति र लक्ष्मीले हीन भएका देवताहरूमा शक्ति र अमरत्व प्राप्त भयो । यसै बीचमा देवताहरूको लाइनमा राहु छिरी अमृत खाइसकेको थियो । सो कुरा सूर्य र चन्द्रमाले थाहा पाएपछि विष्णु भगवान्लाई जानकारी गराएका थिए । तत्कालै विष्णु भगवान्ले राहुको शिर छेदन गर्नुभएको थियो । तर उसले अमृत खाएकोले राहु मरेन उल्टै राहु र केतु भएका थिए । सूर्य र चन्द्रमाले राहुको कुरा विष्णुलाई सुनाएकोले विष्णुबाट राहुको शिर छेदन हुँदा राहु र केतु भएकोले सूर्य र चन्द्रमाप्रति कुनै समयमा बदला लिने वाचा गरेअनुसार सूर्य र चन्द्रमालाई दुःख दिने गरी ग्रहण लागेको पौराणिक कथन मानिन्छ । वैज्ञानिक मतअनुसार पृथ्वीको गति चलायमान हुदाँ सूर्य र चन्द्रमाको पृथ्वीमा छायाँ परेको कारण ग्रहण लागेको मानिन्छ तर हामी वैदिक सनातनीहरू भने पौराणिक मान्यतामा अडिग छौं ।

अर्कोतर्फ अमृतको घडा देवता र दानवले तानातान गर्दा इन्द्रका छोरा जयन्तले खोसी आकाशमार्गबाट घडा लिएर हिड्दा भारतको प्रयाग, नासिक, उज्जैन र हरिद्वारमा एक एक थोपा खस्यो भने नेपालको प्राचीन हरिद्वार सुनसरीको

कौशिकी तटको चतराधामको नजिक धरानको माथि पहाडमा अमृतको दूधबाट बनेको नौनीको डल्लो स्थापना गरिएको थियो । सो कुरा "पौराणिक वाङ्मयमा नेपाल राष्ट्रको महिमा" भन्ने किताबमा उल्लेख भएको कुरा स्पष्ट पारिएको छ । उक्त पिण्ड आज पिण्डेश्वर महादेवको रूपमा स्थापित कुण्डमा भगवान् पिण्डेश्वर महादेवको दर्शन गरिन्छ । आज त्यही प्राचीन हरिद्वार चतरा धामको नजिक रहेको कारण नेपालका बालसन्त प्रथम जगत्गुरु मोहनशरण देवाचार्यज्यूले कुम्भ मेला सुरूवात गराउनुभयो जब कि भारतका विद्वान् धर्मगुरुबाट अघिदेखि नै १२ वर्षे कुम्भ मेला र अर्ध कुम्भ मेला लाग्ने गर्दथ्यो । हाम्रा जगत्गुरु जसले भारतको काशीपीठको विद्वत् मण्डलीबाट शास्त्रार्थका आधारमा नेपालका प्रथम जगत्गुरुको पदवी पाउनुभएपछि उहाँकै सक्रियतामा पौराणिक ग्रन्थमा उल्लेख भएका स्कन्द पुराण, वराह पुराण, मत्स्य पुराण र ती पुराणहरूका हिमवत् खण्ड, हिमाद्री खण्ड, पशुपति पुराणलगायतको अध्ययनको आधारमा अमृतको पिण्ड स्थापना भएको प्रमाणसहित नेपालमा २०५९ सालमा प्रथम कुम्भ मेलाको आयोजना गर्नुभएको थियो । जसमा देश विदेशका विद्वान्, सन्तहरूको उपस्थिति भएको थियो । यसैगरी २०६३/०६४ मा अर्द्ध कुम्भ मेला, दोस्रो पिण्डेश्वर पूर्ण कुम्भ मेला, २०७०/२०७१, मा अर्ध कुम्भ २०७५ / २०७६ मा र तेस्रो १२ वर्षे पिण्डेश्वर पूर्ण कुम्भ मेला २०८० चौत्र २७ बाट २०८१ वैशाख २८ गतेसम्म २०८०/८१ को कुम्भ मेलाको आयोजना गर्नुभएको हो । यसै बीच २०७२ पौष २१ बाट २९ गतेसम्म १८ पुराण लगाई देश विदेशका विद्वान्को रोहवरमा नेपालका विभिन्न ठाउँका धार्मिक नदीहरू, धार्मिक स्थलको समीक्षा गरी जगत्गुरुकै संरक्षकत्वमा पण्डित यादवप्रसाद गर्तौलाज्यूबाट पौराणिक अनुवाद गर्ने जिम्मा लिनुभए अनुसार "पौराणिक वाङ्मयमा नेपाल राष्ट्रको महिमा" प्रकाशित गरी नेपालमा १२ ज्योर्तिलिङ्ग छन् भन्ने प्रमाणित गर्नुभएको छ । यसमा स्वयं प्रथम जगत्गुरुबाट नेपालको पश्चिम पहाडको दार्चुला जिल्लादेखि पैदल यात्रा गरी पूर्वसम्मका धार्मिक नदी र धार्मिक स्थलको भ्रमण गरी यसको महत्त्वको बारेमा चर्चा गरी देशवासीलाई ठूलो गुन लगाउनुभएको छ । साथै वराह पुराणअनुसार भगवान् श्रीराम भगवान् शिवजीलाई भेट गर्न नेपाल आएको प्रसङ्ग र स्कन्द पुराणमा मरीचि ऋषिका पुत्र ने नामका ऋषिले १२ वर्षसम्म देवीको आरधना गरी देवीबाट नेपालमा स्थित भगवान् पशुपतिको पूजा गर त्यो क्षेत्र तिम्रो हो भनी वरदान दिइन् । उनै ऋषिबाट यो नेपालको पालनपोषण गरिएकोले नेपालनाम रहन गएको हो र सो कुरा भगवान् शिवका पुत्र स्कन्द र अगस्त्य ऋषिको संवादमा उल्लेख भएअनुसार, देवीको तर्फबाट वरदान पाई नेपालको रक्षा गरेको कुरा छ । कालान्तरमा नेपालमा वागमती नदी प्रकट हुनेछन् भनी पशुपति पुराणमा उल्लेख भएको पाइन्छ । यसरी ने नामका ऋषिबाट पालना गरिएकोले नेपाल देश रहन गयो ।

## परिचय

यस सम्बन्धमा "पौराणिक वाङ्मयमा नेपाल राष्ट्रको महिमा"बाट पौराणिक ग्रन्थहरूको अनुवाद गरी जगत्गुरु सन्देश तथा उहाँका विभिन्न लेख रचनाबाट नेपालका तीर्थस्थलको वर्णन गरिएको छ । चतराधामको नजिक रहेको धरानको माथि पहाडमा अमृतको पिण्ड स्थापना गरिएको कारण १२ वर्षे कुम्भ मेला, अर्ध कुम्भ मेला लगाउने कार्य भएको छ । पिण्डेश्वरमा अवस्थित जहाँ कुण्ड छ, सो मन्दिरको भित्री भागको कुण्डमा भगवान्को दर्शन गरिन्छ । मन्दिर इलाका स्वच्छ र सफा छ । त्यहाँ अष्टभुजा माताको दर्शन तथा अन्य देवी देवताको दर्शन गर्ने व्यवस्था छ । त्यस्तै दन्तकाली माताको त्यहाँबाट केही माथि स्थापित माताको पुजारीबाट पर्दारूप ढकन खोली दन्तकाली माताको दर्शन गराइन्छ । त्यही सेरोफेरोमा बुढासुब्बाको दर्शन गर्ने व्यवस्था छ । जहाँ श्री महादेव सिकारीको रूपमा भ्रमण गर्दै जाँदा अलप भएको र दाजुको खोजीमा बहिनीसमेत आउँदा उनी पनि त्यही अलप भई सोही ठाउँमा दाजु बहिनीको अलग अलग मन्दिर बनाइएको छ जहाँ भक्तहरूबाट ध्वजा बाँधी दर्शन गर्ने व्यवस्था छ । उक्त स्थानमा बलि चढाउने परम्परा पनि रहेछ ।

अब रह्यो वराह क्षेत्रको प्रसङ्ग :- त्यहाँ वराह भगवान्को बासस्थान कसरी रह्यो भन्ने प्रसङ्गमा यस संसारलाई सृष्टि गर्ने इच्छा लिएर आदिपुरुष भगवान् नारायणले आफू जलमाथि शयन गरी आफनो नाभिबाट कमल उत्पन्न गर्नुभयो । त्यसपछि त्यो कमलमाथि लोक पितामह ब्रह्माजीलाई सृष्टि गर्नुभयो तर ब्रह्माजी स्वयम्लाई म को हुँ, कहाँबाट आएँ भन्ने केही थाहा रहेन र स्वयम् आफ्नो उत्पत्ति स्थल पत्ता लगाउन चारैतर्फ हेर्न लाग्नुभयो । कतै केही आधार पाउनुभएन । त्यसपछि अब कहाँ होला मेरो उत्पत्ति स्थान पत्ता लगाउनुपर्‍यो भनी घरी जल र घरी कमलका डाँठभित्र र घरी बाहिर जलमाथि मात्र हुनुभयो । ब्रह्माजी निराश हुन लाग्नुभएको थियो । त्यसै समयमा जलको तरङ्गबाट एउटा दिव्य ध्वनि प्रकट भयो । क ख ग घ को १६ औं अक्षर "त" र २१ औं अक्षर "तप" । यही दुई अक्षरको शब्द जलबाट प्रकट भयो । तप यसै आधारमा उहाँ तपस्यारत रहनुभयो । ब्रह्माको कठोर तपस्याबाट भगवान् नारायण प्रकट हुनुभयो र ब्रह्माजीलाई आफ्नो प्रथमपुत्र "विधाता"नाम प्रकट गर्दै सृष्टि गर्ने आज्ञा दिनुभयो । त्यसपछि आफनो शरीरको दायाँ र बायाँ अङ्गबाट आदिमानव स्वयम्भू महाराज र आदि शतरूपा महारानी उत्पन्न गर्नुभयो र यस संसारमा सृष्टि क्रम अगाडि बढाउन आज्ञासमेत दिनुभयो । यसरी विधाता लोकपितामह ब्रह्माजीको वचनलाई शिरोधार्य गरी सृष्टिक्रम स्वयम्भूबाट गराउन खोज्दा पृथ्वी नै नहुँदा कसरी सृष्टि गर्ने भनी खोज्दा ब्रह्माजीलाई अनुरोध गर्दा ध्यानमग्न ब्रह्माजीका नाकको छिद्रबाट एक अंगुष्ट परिणामको जीव प्रकट भयो । त्यहाँ बसेका मरीचि, सनकादिले हेर्दा-हेर्दै त्यो जीव विशाल यज्ञ शुकर

वराहरूप धारण गरेको देखेर सबै आश्चर्यचकित भए । यसै क्रममा ब्रह्मादि सबै देवताहरूले भगवान्को स्तुति प्रार्थना गर्दै भने प्रभु हाम्रो सृष्टि स्थल पृथ्वीलाई हिरण्याक्ष दैत्यले समुद्रका प्रवाहभित्र लगेर डुबाएको छ । त्यसकारण हिरण्याक्षले लगेर जलमा डुबाएकी पृथ्वीलाई उद्धार गरी सृष्टिस्थल प्रदान गर्नु हवस् भनी देवताहरूको वाणी सुनी भगवान् यज्ञ वराह अत्यन्त विशाल रूप धारण गरी ठूलो तेजले ब्रह्मलोकबाट जलप्रवाहमा हाम फाल्नुभयो र पृथ्वीलाई बाहिर ल्याउनुभयो ।

बाहिर आउँदा हिरण्याक्ष जता भगवान् जानुहुन्छ उतै गई भगवान्को उपहास गर्न लाग्यो । त्यसपछि भगवान् वराह र हिरण्याक्ष बीच युद्ध हुँदै जाँदा घोर उग्र दैत्य हिरण्याक्षलाई वध गरी पृथ्वीको उद्धार गर्नुभयो । भगवान् शान्त नभई पृथ्वीको भ्रमण गर्न लाग्नुभयो । क्रोध शान्त पार्न देवताहरूले स्तुति गर्दा पनि शान्त गराउन नसकी विभिन्न हिमशृङ्खला, हिमवत् खण्डका उच्च शैल पार गर्दै हिमवत् खण्डको दक्षिण कोका र कौशिकी संगमको पूर्वपट्टि फड्को मार्दा कौशिकी तटमा खस्नुभयो । त्यसपछि भगवान् वराहको क्रोध शान्त भयो । वराह भगवान्ले कोकासँग भन्नुभयो म तिमीसँग प्रसन्न भएँ वरदान माग भन्दा कोकाले भनिन् - तपाईं प्रसन्न हुनुहुन्छ भने यही संगममा नित्य विराजमान हुनु हवस् भन्दा भगवान्ले पनि तथास्तु भनी वरदान दिनुभयो । त्यहीं वराहरूप भगवान् श्रीहरि नै कोका र कौशिकी गंगाको किनार वराहकुटमा, वराह पर्वतमा नित्यको लागि विराजमान हुनुभयो । जस्तै -

**'तस्यास्तिरे महापुण्यं क्षेत्रं वराहसंज्ञितम् ॥**
**दर्शनात्सर्वपापघ्नं वर्तते परमेश्वरि ॥ '**

***स्कन्द पुराण, हि. ख. अ. १७-३३ ।***

उनै कौशीकी नदीको तीरमा महापुण्यदायी पवित्र वराह क्षेत्र छ । यस वराह) क्षेत्रको दर्शन गर्नाले पनि सम्पूर्ण पाप नष्ट हुन्छन् । (स्रोत - जगत्गुरु सन्देश) जुन क्षेत्र कोशी नदी र कोकाको संगमको केही माथि पर्दछ । चतराधामबाट त्यहाँ पुग्न ७-८ किलोमिटर पश्चिममा वराह भगवान्को मन्दिर छ, जुन ठाउँमा अन्य देवी देवताका मन्दिरहरू पनि स्थापित छन् । सर्वप्रथम उक्त कौशिकी र कोका तटमा स्नान गरी पितृतर्पण पिण्डदान गराउने व्यवस्था पनि छ । सो कार्य पूरा गरी भगवान् वराहको दर्शन गर्ने व्यवस्थाअनुसार हामीले पनि भगवान्को दर्शन गरेका थियौं । यसरी सबैका अराध्य देव वराह भगवान्को र अन्य देवीदेवताका मन्दिरहरूमा पनि दर्शन गर्ने व्यवस्था समितिबाट मिलाइएको पाइन्छ ।

यस पटकको तेस्रो पूर्ण कुम्भ मेलाको दोस्रो शाही स्नान (शुभदिन) २०८१ वैशाख ११ गतेका दिन हाम्रो समूहले पनि सो कार्य सम्पन्न गरी वराह भगवान्को

दर्शनसमेत गरेको थियो । उक्त दिन नेपालका प्रथम जगत्गुरु मोहनशरण देवाचार्य र भारत अयोध्याका जगत्गुरु राम दिनेशाचार्यज्यूसमेतबाट स्नानदर्शनमा आउँदा अपार भिड थियो । उक्त दिन त्यही वराहक्षेत्रमा जगत्गुरुद्वयबाट वराहक्षेत्रको महिमाको बारेमा सत्संग भएको थियो । साथै उसै दिन चतराधाममा पनि जगत्गुरुद्वयबाट पौराणिक मान्यताअनुसार कुम्भ मेलाको चर्चा गर्नु भई सो क्षेत्रको समर्थन जुटाउन भारतका जगत्गुरुबाट भारत सरकारसँग पहल गर्ने कुरा आश्वासन दिनुभएको र यसै क्रममा नेपालका प्रथम जगत्गुरुबाट उहाँप्रति धन्यवाद ज्ञापनसमेत भएको थियो । उक्त दिन सिक्किमका पण्डितहरूको प्रतिनिधित्व गर्दै विद्वान् पण्डित र अरू सन्तहरूले पनि यस क्षेत्रको बारेमा चर्चा गरी पाँचौ कुम्भ मेला क्षेत्रको समर्थन गर्न अनुरोध गर्नुभएको थियो ।

यसअघि सञ्चालित दोस्रो कुम्भ मेला र अन्य पर्वहरूमा पनि त्यहाँ जाने अवसर मिलेको हो । यसरी यो पटक म र जीवनारायण समेतको ३५ जनाको समूहबाट धार्मिक यात्रा सम्पन्न गर्ने अवसर प्राप्त भएको थियो ।

त्यसै क्रममा परमादरणीय प्रथम जगत् गुरु मोहनशरण देवाचार्यज्यूसँग सामूहिक भेटघाटसमेत भएको थियो । उहाँ गुरु महाराजप्रति श्रद्धाभाव प्रकट गर्दै उहाँबाट पाएको स्नेह चिरपर्यन्त रहिरहोस् भन्ने शुभेच्छाका साथ बिदा लिन्छु । अस्तु ।

०००


## हाम्रा उद्देश्यहरू

- **सर्वसाधारण जनताको सेवा, सुविधा र आर्थिक हित कायम राख्न भू-अभिलेख तथा स्रेस्ता व्यवस्थित गरी जग्गाधनी तथा मोहीको हक संरक्षण गर्ने ।**
- **भूमि व्यवस्थापन कार्यलाई सेवामुखी एवं सूचनामूलक बनाउने ।**
- **भू-अभिलेख तथा स्रेष्ता व्यवस्थित गरी जग्गाधनी र मोहीको हक संरक्षण गर्ने ।**
- **जमीनमा सीप र श्रम हुने व्यक्तिको पहुँच अभिवृद्धि गरी गरिबी घटाउने कार्यमा सहयोग पुरयाउने ।**
- **भू-राजश्व परिचालन गर्न सहयोग पुरयाउने ।**
- **आधुनिक, विश्वसनीय, गुणस्तरयुक्त र वस्तुपरक भू-सूचना प्रणालीको विकास गर्ने ।**

# मालपोत कार्यालय

**गुल्मी**

# अनौं भाँचिएपछि

✍ साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ)
रत्ननगर-८, चितवन
हाल : श्रीपशुपति धर्मशाला, रुरुक्षेत्र-१, रिडी, गुल्मी

म जन्मिएको नौ दिनमा मेरी आमाको मृत्यु भएको रहेछ । दूधको स्वाद कस्तो हुन्छ, मैले जानेकै छैन । गाईभैंसीको दूध पनि चाखेकै छैन । कसरी स्वाद थाहा पाउनु ? बाबाले माडमा उखुको रस मिसाएर दूधको साटो मलाई खुवाउनुभएको रहेछ, त्यसैले म बाँचेको रे ।

बाबाले मलाई डोकोमा राखेर आफू काम गर्ने ठाउँमा बोकेर लगी त्यहीं कुनै शीतल छहारीमा डोको राखेर ज्याला-मजदुरीको काम गर्नुहुँदो रहेछ । "कठै मेरो बाबालाई" मैले कति दु:ख दिएछु । हाम्रो त्यो झुप्रो चौतारा भन्ने गाउँमा थियो रे । म त्यही जन्मेको रे बाबाले भन्नुहुन्थ्यो । म आमा-बाबाको एउटै सन्तान थिएँ । बाबाले मलाई प्यारो गर्दै मेरो नाम कान्छा भन्दै बोलाउनुहुन्थ्यो । पाँच वर्ष उमेरको हुँदा मैले त्यो सम्झन्छु । मेरो नाम कान्छा भएछ । तर जात के हो मलाई बाबाले भन्नुभएन । बाबाले आफ्नो नाम, जात कहिले मलाई भन्नुभएन । त्यसैले मलाई थाहा भएन, म भने कान्छा नाम गरेको एउटा मानिस भएँ । मैले जानेको यही थियो । हो, म एउटा मानिस हो, जात मलाई चाहिंदा पनि चाहिएन, हुनेखानेहरूले नै म यो जातको ऊ जातको भनून् आफ्नो जातको गर्व गरून् मेरो सरोकार भएन । तर समाजमा मैले एउटा डरलाग्दो व्यवहार देखेको छु । कुनै-कुनै मानिसले छोएको पानी अर्कोले नखाने रे । पानी नचल्ने । म आश्चर्य भएँ । त्यसैले मेरो मनमा एउटा कुरा खेलिरहन्छ-मलाई बाबाले जात भनिदिनु भएको छैन । म पनि पर-पर छि-छि थु-थु भित्र पो पर्ने हुँ कि, धेरै पछि सम्झेको कुरा थियो यो मैले ।

मेरो उमेर पाँच वर्ष पूरा भएपछि बाबाले सोच्नुभएछ, गाउँमा सधैं काम पाइँदैन, बरू सहरतिर गए दैनिक काम पाइएला र छोरा र म बाँचौला । बाबाले मलाई सहरमा लिएर आउनुभयो । सानो कोठा भाडामा लिएर बाबा दैनिक काम खोज्न जानुहुन्थ्यो । म त्यही कोठामा बस्थें । खानेकुरा बनाएर राखिदिनुहुन्थ्यो, म खाएर बस्थें । कठै ! मेरो बाबालाई मैले दु:ख दिएँ । मैले कुरा बुझ्थें हामी गरिब छौं भन्ने । त्यसैले बाबाले भनेका कुराहरू मैले पालना गर्दै आउँथे । यसरी मेरो बाबाले मेरो पालनपोषण गर्दै आउनुभयो ।

एक दिन बाबासँग मैले भनें - बाबा अब त सानोतिनो काम म पनि गर्न सक्छु । मलाई पनि काम खोजिदिनुहोस् । बाबाका आँखा रसाए । बाबाले भन्नुभयो - नौ दिनमा तिम्रो आमाले छोडेर गइन्, न आमाको दूध खान पायौ । न गाई भैंसीको दूध खान पायौ । बच्चामै दुःख पाउनुपर्दा तिम्रो आँत दरो छैन । आजैदेखि काममा घोटिंदा तिमी कमजोर हुन्छौ । अझै दुई वर्ष पर्ख । नौ वर्षको भएपछि जस्तोतस्तो काम गरौंला भन्दै बाबाले मेरो उमेर नौ वर्ष हुँदासम्म पर्खन भन्नुभयो । दुःख पाएका थियौं दुबै बाबुछोराले । जीवन जोत्नु थियो । मैले समाउने अनौं हुनुहुन्थ्यो मेरो बाबा । त्यसैले कुनै पनि समय मैले केही गर्न सकुँला र बाबालाई पनि राहत होला भन्ने मनमा भइरहन्थ्यो । एकदिन बाबाले भन्नुभयो, कान्छा पर्सि तिमी नौ वर्षको हुन्छौ । म खुसी भएँ । किनभने पर्सिदेखि म पनि काममा जान्छु र बाबालाई सहयोग गर्छु । भोलिपल्ट बाबाले एउटा होटलमा भाँडा माझ्ने काम खोजिदिनुभएको थियो । बाबाले भन्नुभयो - कान्छा म एकछिन बिहानमा काममा गएर आउँछु । तिमीले यो खाना पकाऊ । १० बजे म आइपुग्छु । अनि खाना खाउँला र तिमीलाई साहूकहाँ लगेर काममा लगाएर म मेरो काममा जाउँला । बाबाले सिकाएअनुसार मैले बिग्रिएर पात पँहेलिन लागेको साग र एउटा टमाटर थियो, त्यसैको झोलपानी तरकारी पकाएँ । दिउरीमा मकैको पिठोको ढिंडो बनाउने भनेर पानीको बान थापें । सानो आगो लगाएँ, १० बज्ने बेलामा ढिंडो बनाउने भन्ने मेरो सुर थियो किनभने पहिले नै बनाएर राख्दा ढिंडो सेलाएर खान नसकिने हुन्थ्यो । भर्खर ९ बज्दै थियो । बाबालाई टिप्परले हान्यो रे भन्ने खबर घरबेटीले मलाई सुनाए । अरू केही थाहा पाइनँ । म बेहोस भएछु । यसको छोरा सानो बालक छ । उसलाई थाहा नदिऊँ, प्रहरी सरजमिन गरेर अन्त्येष्टि गरिदिऊँ भन्ने वरपरका मान्छेको सहमति भएछ । त्यसै गरेछन् समाजले । मलाई मेरा मरेका बाबाको अनुहार पनि देख्न नपाउने गरी अन्त्येष्टि गरिएछ । म होसमा आएर घरबेटी बाबासँग मेरो बाबाको बारेमा सोधें - कस्तो खबर छ भनेर सोध्दा उहाँले भन्नुभयो अब बाबाको खबर सोध्ने होइन, आज एक दिन बस् भोलि बिहानै कोठा छोड् । अब कसले कोठाभाडा तिर्छ र ?

धिक्कार होस् ! नौ वर्षको हुँदा मैले पनि काम गरेर बाबालाई सहयोग गर्ने भनी पर्खिबसेको मेरो बाबाको लागि मेरो नौ वर्ष आएन । नौ दिनमा आमा गुमाएको म अभागी मेरो टेक्ने हाँगो र समाउने डालो त पहिल्यै भाँचिएको थियो । बाबाको सहारारूपी जीवन जोत्ने हलोको अनौं आज म नौ वर्षको हुँदा त्यो पनि भाँचिनु ? म धेरै बेरसम्म रोएँ । रुन पनि मैले धक फुकाएर रुन पाइनँ । किनभन्दा घरवालालाई असर पर्ने भयो । एकछिनपछि मैले देखें पानीको बानले मकैको पिठोतर्फ हेरेको पिठोले बानतर्फ । आगो निभेको थियो । सागको झोलपानी सेलाएर छर्लङ्ग ऐना झैं देखिन्थ्यो । अब म पूरा बेसहारा भएको

थिएँ । मेरा सबै इच्छाहरू भाँचिएर तहसनहस भए । आज एक रात बस् भोलि बिहानै कोठा छोड् भन्ने त्यो घरवाला साहूको रुखो र निर्दयी बोलीले मेरो हृदय छियाछिया भएर फाट्न थाल्यो । मैले सामानको पोको पारें । कोठाबाहिर आएर भनें - साहूजी किन एकदिन आज बस्नुपर्‍यो र ! मैले कोठा छोडिदिएँ है । ल अब आफ्नो कोठा जिम्मा लिनुहोस् । मेरो बोली लर्बराएको थियो । ल ल जानू, उनले निर्दयतापूर्वक भने थोरै पनि मानवता देखाएनन् । मेरो अधिकार त केही थिएन । तर आजै मैले बाबा गुमाएको । उनको हृदयमा यदि हरि बसेको हुन्थ्यो भने दुई-चार दिन बस् केटा बरू केही खानेकुरा हामी दिउँला । बिस्तारै कतै सानोतिनो काममा लगाइदिउँला भन्नुपर्ने हो । राति भएको थियो । म बाटोमा निस्कें । बाटोमा मस्तै सहाराविहीन भएका दुईचार जना केटा देखें तर उनीहरूले आफ्नो मनको पिर पचाइसकेका रहेछन्, हाँस्दै गफ गर्ने गर्थे । म आलो पिरको तिनकै नजिक छेउमा बसेर एक्लै रोइरहें । बिहान उज्यालो भयो । उनीहरूले भने हिँड जाऔँ लुक्न पुलिस आएर लखेट्छ । म आश्चर्यमा परेँ । हामीजस्ता बेसहारा भएका नाबालक केटाहरूलाई किन पुलिसले लखेट्ने ? एकजनाले जवाफमा भन्यो, हामी मागेर खाने भिखारी मैलोधैलो लुगा लगाएका राज्यलाई शोभा हुँदैन रे । त्यही भएर पुलिसले लघार्छ । त्यसैले एक्लाएक्लै टाढाटाढा हुने गरी माग्ने अनि रात परेपछि यहाँ आएर खाने सुत्ने गर्छौं । तिमीले पनि त्यसै गर्नुपर्छ । मैले सम्झे राज्य भनेको त हुने खाने धनी मानिस ठूलाठूला पदमा बसेर पैसा कमाउने, चिल्ला कार दगुराउने, अझै कति त झन्डा हल्लाउँदै दगुर्नेहरूको लागि पो रहेछ । दुःखी, दरिद्री, असहाय, अपाङ्ग, अशक्त र बेसहारा मानिसहरूको आफ्नो घरबास त छैन नै, त्यस्ताहरूले सडकमा पनि बाँच्न नपाउने राज्यको कानुन रहेछ क्यारे । कसरी म जस्ताले त्यो कानुनको उल्लंघन गर्न सकूँ ? यसरी भागाभाग र भोकै तिर्खै मेरा दिनहरू व्यतीत हुँदै गए । म कामको खोजीमा भौतारिरहें । जहाँ जान्छु, मालिकहरूले मेरो उमेर र जात सोध्छन् । म जात बताउनै नसक्ने झन् गाली पो खान थालें । उमेर मेरो नौ वर्षको भएकोले मैले काम नपाउने रे । मलाई काम दिएमा बालश्रम गराएबापत मालिकले सजाय पाउने रे । अब सहरमा काम पनि नपाइने भयो । मागेर खान पनि नपाइने भयो र सडकको बास पनि नपाइने भयो । फर्केर जन्म भएको गाउँमा जाउँ भने त्यो सानो झुपडी बाबाले बेचिसक्नुभएको थियो । त्यही थोरै पैसाले भाडा खर्च गरेर बाबाले मलाई सहरमा ल्याउनुभएको थियो र बाबाले काम नपाउँदासम्म त्यही पैसाले बिहान बेलुकाको छाक टारेका थियौं बाबु छोराले ।

मेरो आफ्नो भन्ने कोही थिएन र जाने ठाउँ पनि थिएन । सहरमा मैले पाँच वर्ष बिताएँ । आज म १४ वर्षको भएँ । मेरो मनले भन्थ्यो अब म काम गर्न सक्छु ।

तर दुःखी बेसाराहरूलाई छि-छि थु-थु गर्ने, हेला गर्ने यस्तो अपवित्र सहरभित्र मैले कदापि काम गर्ने छैन भन्दै बेठेगानसँग बाटो लागें र म धेरै दिनको हिडाइपछि धादिङ बेसी नजिकको गिटी कुट्न पाइने, बालुवा लोड अनलोड गर्न पाइने स्थानमा आइपुगेछु । मैले त्यहीं काम गर्न पाउने भएँ । साथीहरू पनि भेटें र म काममा लागें । साथीहरूसँगै काम गर्दै गएँ । एउटी असाध्यै राम्री केटी मेरो नजिक मेरो वारिपारि भएर मलाई हेर्दै गिट्टी कुट्थिन् । ती महिला फाटेका कपडा शरीरमा मैलो जमेको हुँदा पनि उनको मुहार साह्रै राम्रो देखिन्थ्यो । मैले सम्झें प्रकृतिको वरदानले पाएको सुन्दर शरीरलाई गरगहना सिँगारपटारको खासै जरुरी पर्दो रहेनछ । उनी राम्री सुन्दरी युवती थिइन् । यिनको सुखी जीवन चल्दै जान पर्ने तर किन आज हामी जस्ता खाते केटाको नजिक भएर गिट्टी कुट्दै हुन् ? म आफै दुःखी हुँदैछु । तर मैले मेरो दुःख देखिनँ । उनको दुःखप्रति मलाई दुःख लागेर आयो । मेरा आँखाबाट आँसु झरेछन् । उनले देखेर कतै आँखामा ढुङ्गा उछिटिएर भित्र परेको त छैन हेरिदिऊँ भन्न मन लागेछ र काम छोडेर तिम्रो आँखामा खै के भयो ? म हेरिदिन्छु भन्दै मेरो टाउको समाइन् । केही परेको छैन, मैले जवाफ दिएँ । त्यसोभए किन आँखाबाट आँसु बगेको त उनले भनिन् । मैले केही जवाफ दिइनँ । तर उनको दयालु हृदय सम्झेर मेरा आँखाबाट झन् बढी आँसु बगिरह्यो ।

दिन बित्यो । हामी आआफ्नो बासमा गयौं । मैले उनलाई पछाडिबाट चियाएँ । अलि पर उनको कोठा रहेछ । उनी त्यतै गइन् । आज पनि हामी वारिपारि भएर गिट्टी कुट्दै थियौं । उनले मेरै मुहारतर्फ हेरिरहन्थिन् । तर उनको मुहारतिर हेर्न मलाई डर लाग्थ्यो किनभने उनी एक युवती हुन् । के जानी समाजले उनलाई कुन जातकी भन्छ ! म जातै नभएको कान्छा मात्र । आज उनले सोधिन् - कान्छा तिम्रो घर कहाँ हो ? किन कसरी यहाँ आयौ ? तिम्रो सबै कुरा सुन्न मन लाग्यो । उनले धेरै अनुरोध गरेपछि मैले पनि मेरो जन्म भएदेखि आजसम्मको जीवन कथा भनें । रात पऱ्यो । कामबाट हामीहरू आफ्नो बासतिर गयौं । उनी पनि गइन् तर मैले उनको बारेमा केही सोधिनँ । उनी एक नारी हुन् । उनको आफ्नै अस्मिता छ । उनको अस्मितामाथि मैले कुदृष्टि लगाउन चाहिनँ । बरू उनलाई मैले सम्मानको भावले मेरो हृदयमा राखें ।

उता केटीलाई रातभर निद्रा लागेन । उसले सोंच्न थाली - म उसकै जीवन संगिनी भएर उसको भाँचिएको अनौंको परिपूर्ति गरिदिन मन लागेको छ । उसको तस्वीर मेरो हृदयभित्र सजाई सकें । अब उप्काएर फाल्न म सक्दिनँ । तर कान्छासँग यस्तो केही कुरै भएको छैन । कसरी भनूँ म ? ऊ मान्छ कि मान्दैन । मेरो मनमा तरङ्गहरू पैदा भए । उसले मान्नुपर्छ । ऊ पनि बेसहारा एक्लो छ, म पनि एक्ली छु । उसको र मेरो बीचमा सम्बन्ध भएर पतिपत्नी भयौं

भने दुःख-सुख साटासाट गरौँला । एक मन एक आत्मा भएर रहौँला । उसलाई पनि त सजिलै हुन्छ नि । तर मैले पो उसलाई प्रेम गरिसकें । उसले मलाई कसरी सम्भ्केको छ ? मेरो मात्र एकतर्फी मायाले के सम्भव होला र ? मनले भन्यो अब म ऊबिना बाँच्नै नसक्ने पागलजस्ती भइसकें । कसरी नमान्ला र । यदि उसकी अर्की कोही जीवनसंगिनी भइसकेकी छ भने मात्र असम्भव हुने हो । होइन भने मेरो कुरा उसले अवश्य मान्नेछ । कान्छा छुचो मतिको छैन, भद्र स्वभावको छ । म डुल्दै जाँदा खोलापारिको एउटा रुखमुनि बसेको एउटा केटा देखें । अलि नजिक गएर हेरेँ । ऊ अरू केटा नभएर कान्छा नै रहेछ । एक्लै शीतल तापेर बसेको रहेछ । के-को डर ? जान्छु र आज मैले पनि उसले नसोधे पनि मेरो जीवन कथा सुनाउँछु र तिम्रै कथाले रातभरि निदाउन सकिनँ भन्दै उसलाई पनि भावुक बनाउँछु । मैले यही सम्भ्कें र गएँ त्यही रुखमुनि जहाँ कान्छा थियो ।

कान्छा भात खायौ ? मैले सोधें । अँ खाएँ । कान्छा भ्कस्के जस्तो गरी भन्दै थियो । मैले ठाडै जवाफ दिएँ । तिम्रो माया लागेर आज दिनभरि छुट्टीको दिनमा तिमीसँगै बसेर रमाउन भनेर आएकी नि । तिम्रो नाम के हो ? आजसम्म तिमीले भनेकी छैनौ । जात के हो, घर कहाँ हो, कसरी यहाँसम्म आयौ ? तिम्रो विषयमा मैले जानेकै छैन । मात्र तिमीले सोध्यौ र सबै कथा भनें । कतै गल्ती त भएन भन्ने डर लागिरहेको छ । कसरी रमाउने होला नि ? कान्छाले भन्दै थियो । पख पख तिमीले कहिले मलाई सोधेनौ । तिमी निष्ठुरी नै हौ । तर म भने तिम्रो कथाले रातभरि निदाउन सकिनँ । एकोहोरो माया लागिरह्यो । कान्छाको जीवनसंगिनी भएर उसको त्यो भाँचिएको अनौंको ठाउँ पूर्ति गर्न सकूँ भन्ने लागिरह्यो । तर पहिले मलाई पनि मेरो जीवनको दुःखद कथा-व्यथा तिमीलाई सुनाउन मन छ सुनाऊँ ? सुन्छौ ? सुनाउन त मैले सोध्न मन लागेर पनि डरले सोध्न नसकेको पो हो त ! सुन्न त मन लागेको थियो नि । कान्छाका यी कुराले उसको स्वभावप्रति म भ्कन् भावुक बनें । उसको माया भ्कन् बढेर आयो । ऊ पनि टुहुरो बेसाहारा केटा म । पनि टुहुरी बेसहारा केटी । ऊ पुरुष थियो । म नारी थिएँ । उसको र मेरोबीच यति मात्र भिन्नता थियो तर ऊ कान्छा नाम भएको जातै नभएको एउटा मानिस जातको थियो । म मानिस जातिकै उर्मिला पंगेनी थिएँ ।

कान्छा, मेरो नाम उर्मिला पंगेनी हो । अहिले म १६ वर्षकी भएँ । मेरा बा-आमा मैले जान्दिनँ । उहाँहरूको अनुहार मैले देखिनँ । म जन्मेर एक वर्ष हुँदा ठूलो हैजा आएर मेरा दुबै आमा बाबालाई लगेछ । एक वर्षकी म अभागिनीलाई त्यहीं छोडेछ । यो थाहा पाएर मामा र हजुरबुबाले मलाई लानुभएछ । म मावलीमा लगिइछु । बाबाको अलिअलि भएको घरजग्गा ठूलाबाबा र कान्छाबाबा भन्नेहरूले

कर्मचारीहरूसँग मिलेमतो गरी आफ्नो नाममा बनाएछन् । मावली हजुरबाबाले मेरो तर्फबाट फिराद गरिदिनु पर्ने त्यसो गर्न सक्नुभएन छ । म १० वर्षकी हुँदा हजुरबाबा हजुरआमा दुबै खस्नुभयो । माइजू अलि छुच्ची र कडा स्वभावकी हुनुहुन्थ्यो । एक बिहान म बाहिर आँगननेर थिएँ । मामा माइजू दुबैले मलाई देख्नुभएको थिएन । माइजूले मामासँग भन्नुभयो यो पंगेनीको कति ऋण खाएकी रहेछु ? तिरेरै सकिएन । विवाह पनि गरिदिनु पर्ने होला । एउटा केटा खोजेर आफै गए नि हुने । मैले सबै सुनें । मैले सक्ने काम गरेरै खाएकी थिएँ । बसेर खाएकी थिइनँ । मेरो विवाह गर्ने बेला आएपछि दाइजो नखोज्ने एउटा गरिब केटा खोजेर दिएको भए पनि मैले मान्ने थिएँ । तर आज म माइजूको लागि ठूलो बोझ पो भएकी रहिछु । मनले सम्झें रुन सकिनँ । भित्रबाट मलिन अनुहार देखाउँदै मामा बाहिर निस्कनुभयो । सायद मामालाई भान्जीले माइजूको कुरा सुनिन् भन्ने लागेको थियो । तर केही बोल्नुभएन । म कसैको बोझ बन्न चाहन्नँ । मेरो मनले भन्यो । खान मन लागेन । दिन बित्दै गयो । साँझमा खान मन त थिएन तर कसैगरी चार गास खाएर मेरो पेट दुखेको छ भनें । रातभरि बिस्तरामा रोइरहेँ । अब मेरो मनले म जाने बाटो खोजिरहेको थियो । बिहान बिहानै माइजूसँग भनें - माइजू ठूलो बाबाले किन हो कुन्नि बोलाउनु भएको रहेछ । म गएर आउँछु है । जाऊ जाऊ । सबै सम्पत्ति खाएका छन् क्यारे तिम्रो विवाहसम्म गरिदिऊँ भनेर पो बोलाएका हुन् कि ? माइजूको यो अन्तिम वचनबाणले मेरो मुटुमा हान्यो । अब कहिले माइजूका वाक्बाणले हान्न पाउने छैनन् भन्दै म बाटो लागें र यहाँसम्म आइपुगें । संयोगवश कान्छा तिम्रो र मेरो भेट भयो । एउटै काम सँगसँगै गर्दैछौं । मेरो कथाले कान्छा भक्कानिंदै रोयो । म पनि रोएँ । एकछिनपछि हामी सम्हालियौं । कान्छाले भन्यो - उर्मिला तिमी पंगेनी थरकी बाहुनी युवती रहेछौ । म विनाजातको कान्छा मात्र । खोज्दै जाँदा मेरो जात पनि भेटिएला तर पनि त्यतिबेला मेरो जात अर्कै रहेछ भन्ने थाहा भयो भने तिम्रो मनले ... ?

कान्छाले भन्दै थियो । मैले भनें - कान्छा तिमी एउटा पुरुष जातको मानिस हौ । म एउटी स्त्री जातकी मानिस हुँ । तिम्रो मेरो बीचमा जातको यही भेद हो । बाहुन पंगेनी भन्ने त शोषण गर्ने समाजले भिराइदिएको बिल्ला मात्र हो । पिर नगर । उसैमा पनि माया प्रेममा जातको बार लगाउन सक्दैन । यो भनेको दुई मुटुको, दुई हृदयको र दुई आत्माको एउटा पवित्र मिलन हो । जसले ती दुईलाई एउटै बनाउँछ । कान्छा मैले तिम्रो भाँचिएको अनौंको पूर्ति चाहन्छु । अब मैले मेरो नाम बदलेर उर्मिला पंगेनीबाट कान्छी मात्र बनाउँछु । अहिलेदेखि नै तिमीले मलाई उर्मिला होइन कान्छी भनेर बोलाउने गर्नू । यति भनेर म स्तब्ध भएँ । मेरो गला अवरूद्ध भयो ।

ooo

// समीक्षा //

# हो कि भैं अलका कविता–संग्रहमा बिम्बको प्रयोग

✍ डा. हरिप्रसाद घिमिरे
बगनासकाली-९, पाल्पा (हाल : बर्दघाट-१०, नवलपरासी)

## कृति परिचय

नेपाली कविता साहित्यको श्रीवृद्धिमा आफ्नो अविश्रान्त कलम चलाउने सशक्त साधक डा. श्याम प्रसाद न्यौपानेको १३ औँ प्रकाशित कृति "हो कि भै अलका" कविता-संग्रह (२०७८) साहित्य परिषद् नवलपरासीद्वारा प्रकाशित गरिएको हो । निरन्तर अध्ययन तथा लेखनमा साधनारत न्यौपाने नेपाली भाषा साहित्यका क्षेत्रमा कविता गजल, मुक्तक, निबन्ध, समालोचना, कथा जस्ता विभिन्न विधामा आफ्नो लेखनलाई सक्रिय रूपमा निरन्तरता दिइरहेका छन् । न्यौपानेको यस कविता-संग्रहमा ३७ वटा कविता रहेका छन् । यस कविता-संग्रहका सबै कविता पौरस्त्य संस्कृत साहित्यका सैद्धान्तिक मूल्य मान्यतालाई अंगाल्दै वार्णिक छन्दमा रचिएका छन् । यस कविता-संग्रहभित्र संकलित कविताहरू अनुष्टुप् इन्द्रवज्रा, शार्दूलविक्रीडित, उपेन्द्रवज्रा, उपजाति, मन्दाक्रान्ता, भुजङ्गप्रयात, प्रमाणिका जस्ता आठ विविध शास्त्रीय/वार्णिक छन्दहरूमा सृजना गरिएका छन् । काव्यालङ्कारका दृष्टिले शब्दालङ्कार र अर्थालङ्कार दुबैलाई कविले अङ्गिकार गरेको देखिन्छ । शब्दशक्तिको प्रयोगका दृष्टिले यस कविता-सङ्ग्रहमा अभिधा, लक्षणा, व्यञ्जना तीनै प्रकारका शब्दशक्तिको प्रयोग पाइन्छ भने रसप्रयोगका सन्दर्भमा शृङ्गार, वीर, शान्त, हास्य जस्ता रसको आधिक्यता बढी रहेको छ । प्रथम पुरुष र तृतीय पुरुष दुबै दृष्टिविन्दुको प्रयोग गरेर सांस्कृतिक, धार्मिक, राजनीतिक, सामाजिक, विषयवस्तुलाई आफ्नै नवीन शैलीमा कविले विषयवस्तुलाई प्रस्तुत गरेका छन् । यस लेखमा अन्य सम्पूर्ण पक्षलाई थाती राख्दै बिम्ब प्रयोग र प्रस्तुतिमा कविले के कस्ता बिम्बहरूलाई कसरी प्रस्तुत गरेका छन् भन्ने कुरा देखाउन खोजिएको छ ।

## विषय प्रवेश

बिम्बवाद अग्रंजी imagism को नेपाली रूपान्तर हो । यसको निर्माण image बाट भएको हो । image वा बिम्बको शाब्दिक अर्थ प्रतिमा, प्रतिबिम्ब, मानसिक चित्र आदि हुन्छ । सीमित अर्थमा बिम्ब भन्नाले कुनै दृष्य वा वस्तुको वर्णन

गरिएको शब्दचित्र हो । विस्तृत अर्थमा बिम्बले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणका संङ्केतक सम्पूर्ण शब्दहरूलाई जनाउँछ । बिम्बले साहित्यिक सन्दर्भमा पाठकको मस्तिष्कमा उत्पन्न मानसिक प्रभाव वर्णनात्मक वा आलङ्कारिक भाषा र त्यसबाट उत्पन्न हुने दृष्यमान प्रभावलाई बुझाउँछ । बिम्बवादका प्रवर्तक टी. ई. ह्युमका अनुसार वस्तुको आन्तरिक सादृश्यको प्रत्यक्षीकरण बिम्ब हो । एज्रा पाउन्डका अनुसार तात्कालिकतामा बौद्धिक र भावात्मक संसृष्टिको उपस्थिति बिम्ब हो । बिम्ब कविताको आन्तरिक संरचना वा बुनोटका तहमा प्रयुक्त हुने कविताको एउटा लघु घटक हो । सामान्यर्थमा बिम्बलाई प्रतिबिम्ब अथवा छाया पनि भन्ने गरिन्छ । कवितामा बिम्बले स्रष्टाका मनमा रहेका विभिन्न किसिमका मानसिक तस्वीर, भाव, अनुभूति वा उसको वैचारिकतालाई चित्रात्मक भाषाद्वारा प्रकटीकरण गराइदिएको हुन्छ । खासगरी बिम्बको प्रयोग पद्य कविताका तुलनामा गद्य कवितामा अत्यधिक भएको पाइन्छ । कोशीय दृष्टिकोणले संस्कृत तत्सम मूलको शब्दबिम्ब अंग्रजी 'इमेज'को नेपाली रूपान्तर हो । यसको सैद्धान्तिक अवधारणा पाश्चात्य साहित्य चिन्तनबाटै निर्मित भएको हो । अंग्रेजी कवितामा सन् १९१२ तिरबाट बिम्बवाद एउटा छुट्टै काव्यिक आन्दोलनका रूपमा विकसित भएको थियो । कलरिजको कल्पना सिद्धान्तमा बिम्बसम्बन्धी विभिन्न अवधारणाहरू प्राप्त गर्न सकिन्छ । टी. ई. ह्युम, जे. आर. ब्रेन्जर, लुइस भ्याकनिस, सी.डी. लेभिस, सुसान के. ल्याङ्गर, ल्याम्बर्न स्केल्टन, टी. एस. इलिअट, एज्रापाउण्ड आदि विद्वान्हरूले पाश्चात्य जगत्मा बिम्बका बारेमा व्यापक चर्चा गरिएको पाइए पनि पूर्वीय साहित्यमा यसको सैद्धान्तिक चर्चा खासै पाइदैन । पूर्वीय साहित्यमा अलङ्कार रीति, छन्द, रस, गन्ध, रङ्ग, दृश्य, नाद आदि सन्दर्भमा बिम्बको प्रयोग र औचित्य पुष्टि गर्न सकिन्छ । संरचनागत दृष्टिले कवितालाई सौन्दर्यपूर्ण बनाउन र आस्वाद्य बनाउन बिम्बको महत्त्वपूर्ण भूमिका रहेकाले कवितामा बिम्बको सम्बन्ध अर्थभन्दा पनि संरचनासँग ज्यादा निकट रहेको हुन्छ र यो बढी चित्रात्मक हुन्छ । 'हो कि झैं अलका' कविता–सङ्ग्रह पूर्वीय साहित्य चिन्तनमा आधारित वार्णिक छन्दहरूको प्रयोग गरेर रचना गरिएको पद्यात्मक कृति भए पनि यसभित्रका कविताहरूमा प्रयोग गरिएका शाब्दिक बिम्बहरू खोजी गर्ने प्रयास यस लेखमा गरिएको छ ।

## 'हो कि झैं अलका' कविता–सङ्ग्रहमा सङ्कलित कविताहरूमा बिम्बको प्रयोग

डा. श्यामप्रसाद न्यौपानेको १३औं प्रकाशित कृति हो "हो कि झै अलका" कविता–सङ्ग्रह । यस कविता–सङ्ग्रहभित्र हेमन्ती याम, पौरखी जनको जय, विकास पो कहाँ छ र ? श्रम महिमा, फलिफाप हुन्छ, शारदी याम, झ्यालखाना दुरूस्तै,

नौलो बिहानमा, हुदैन वैरीसित मर्म खोल्न, यो कस्तो लोकतन्त्र हो, कर ल्यौ भनी, उषा वर्णन, के गर्नु र यामले, हेक्का नराखी पद चालदै छौं, भ्रष्टाचार हटाउने, शरद् सौन्दर्य, के भयो भयो, विदेशै मग्न मस्त छ, हो कि झैं अलका, झल्मल द्वीप बालौं, हृदय नै रुँदैन कि, पाखण्डी पनमा रमौं, काव्यकला, नव वर्ष, वसन्ती प्रभा, सङ्कीर्णता, विश्वासमा आज पर्‍यो खडेरी, चेतना जाग्नु पर्छ, मेरो देश, बन्द, भूकम्प, खै बुद्धको लुम्बिनी, शीत, देशबन्धुप्रति गुनासो, लिएर के यो गणतन्त्र आयो, माटो, आह्वान गरी जम्मा ३७ वटा कविताहरू सङ्कलित रहेका छन् । संकलित सम्पूर्ण कविताहरूमा कुनै न कुनै रूपमा त्वक्, चक्षु, श्रोत, जिह्वा, घ्राण जस्ता पञ्चेन्द्रियसंग सम्बद्ध, स्पर्श बिम्ब, संवेद्य बिम्ब, दृश्यबिम्ब, चाक्षुबिम्ब, ध्वनिबिम्ब, आस्वाद्यबिम्ब, घ्रातव्य बिम्ब, जस्ता बिम्बहरूको सृजना भएको छ । कवितामा मिथकीय, प्रतीकात्मक, प्रणय, क्रान्ति, ऐतिहासिक, स्मृति, घनात्मक, ब्रमाण्ड, मानवीय, यौन, सांस्कृतिक, आलङ्कारिक, व्याकरणिक, प्राकृतिक, विज्ञान आदि विविध किसिमका बिम्बहरू प्रयोग भएको पाइन्छ । यस्ता बिम्बहरूको प्रयोगले कविताको संरचनाका पक्षमा सुन्दरता भर्दै कवितालाई बढी प्रभावशाली बनाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । 'हो कि झैं अलका' कविता–सङ्ग्रहको शीर्षक नै आफैमा विविध बिम्बको प्रयोगमा आएको छ । यहाँ अलका भन्ने शब्दले आठदेखि दश वर्षसम्मको केटी, यक्ष वा गन्धर्वका राजा कुबेरको राजधानी अथवा घुँघुरिएको कपाल भएकी सुन्दर युवती सुकुमारी भन्ने अर्थ व्यक्त हुन्छ । कविताका अंशहरू उदाहरणका लागि प्रस्तुत गर्दा कवितामा बिम्बको प्रयोगका बारेमा स्पष्ट हुने देखिएकाले केही कवितात्मक पङ्क्तिहरूलाई यहाँ उल्लेख गरिएको छ ।

'हो कि झैं अलका' कविताका कवितात्मक पङ्क्तिहरू :

**शिरमा शुभ्र औ श्वेत हिमद्युति मनोहर**
**गिरिकाननको दृश्य मध्यमा अझ सुन्दर ।**

**उर्वरा भूमिको फाँट तराई तल्तिरै भयो**
**हो कि प्रकृतिको लाग्छ अनौठा दिव्य रूप यो ॥**

***(हो कि झैं अलका–१)***

प्रस्तुत पङ्क्तिमा हिमालको मनोहर वातावरणसंग पहाड र तराईको सुन्दरतालाई जोडेर प्रस्तुत गरिएको छ । यस पङ्क्तिमा प्राकृतिक बिम्बको प्रयोग गरिएको छ । कुबेरको राजधानीसँग नेपालको भौगोलिक सौन्दर्य र प्राकृतिक भू बनोटलाई तुलना गरेको आभास पाइन्छ । हिमालयको स्वच्छताका सादृश्यमा पहाड र तराईको प्राकृतिक दिव्य रूपलाई प्रस्तुत गरिएको छ ।

**दन्तकाली र दाउन्ने वागेश्वरी र मालिका**
**यहीं दक्षिणकाली छन् यहीं बाग्लुङ-कालिका**

**यहीं शैलेश्वरी पाल्ही यहीं छन् मनकामना**
**श्रद्धाले गर्दछन् लोक यिनैको नित्य वन्दना ॥**

*(हो कि झैं अलका - २)*

यस पङ्क्तिमा सम्पूर्ण देवी, कन्या, कुमारी यहीं हाम्रो आसपासमै रहेको आठदेखि दश वर्षसम्मका कन्या कुमारीका सादृश्यमा दन्तकाली दाउन्ने आदि रहेकाले धार्मिक तथा सांस्कृतिक बिम्बको प्रयोग भएको छ ।

हेमन्ती याम कविताको कवितात्मक पङ्क्ति :-

**बढ्यो शनैः शनैः जाडो शुक्ल चन्द्रांशु झैं गरी**
**बर्षियो लेक बेसीमा हिम र शीतको झरी**

**लेकबेंसी, तराई र हिमाली गिरिकन्दरा**
**हेमन्ती यामको चिसो नपुगेको कहाँ छ र ? ॥**

*(हेमन्ती याम - १)*

यस पङ्क्तिमा बिस्तारै बिस्तारै बढ्दै गएको जाडोलाई चन्द्रांशुसँग तुलना गरिएकाले चन्द्रांशुका सादृश्यमा शीतको झरी र हेमन्ती यामको चिसो दृष्य बिम्ब र आस्वाद्य बिम्बका रूपमा प्रस्तुत भएका छन् । यहाँ चन्द्रांशु जस्तै शीतको झरी देखिएको छ भने हेमन्ती यामको चिसो आस्वादन गरिएको छ । स्पर्श गरिएको छ ।

त्यसैगरी पौरखी जनको जय कवितामा प्रस्तुत गरिएको कवितात्मक पङ्क्तिमा बिम्बलाई हेरौँ :

**यी पाखा पहरासँग सिकेर रणकौशल**
**टेकेर ह्युँचुलीमाथि छप्काइ दुष्टको दल**

**सिर्जेको देश हो हाम्रो पानीको भरमा लडी**
**बगाई खूनको धारा देशकै निम्ती हर्घडी**

*(पौरखी जनको जय - ३)*

प्रस्तुत कवितामा पूर्ण बिम्बको प्रयोग गरिएको छ । यहाँ प्राकृतिक तथा ऐतिहासिक बिम्बहरू प्रयोग गरिएका छन्, पहरा, ह्युँचुली, खून जस्ता पूर्ण बिम्बहरू प्रयोग गरिएको छ ।

शीत कवितामा चाक्षुबिम्बहरू यसरी देखाइएको छ :-

**तप्प तप्प गरी चन्द्र तप्क्यो कि शीतझैं बनी**
**पातमा मणिझैं शुभ्र देखिन्छ दृश्य मोहनी ॥**

**(शीत - १)**

यहाँ शीतका सादृश्यमा मणि चाक्षुबिम्बका रूपमा आएको छ । शीतलाई मणि जस्तै देखिएको छ । यसरी कविताको संरचनागत सौन्दर्यलाई बढाउनका निमित्त प्रस्तुत कविता-सङ्ग्रहमा विभिन्न किसिमका प्राकृतिक, कविकल्पित, निर्मित, पुराकथामा आधारित, सामाजिक, राजनैतिक बिम्बहरूको प्रयोग गरिएको छ । कवितामा सिर्सिर, शीत, मणि, रवि, नली, ढुङ्गे, मटेङ्ग्रा, पुष्प, शैल, लहू, अश्रु, श्रम, गङ्गा, थुङ्गा, भृङ्गा, सुरम्य झ्यालखाना, झरी, वर्षा, वृद्ध, कर, कुटो, सुरम्य, मन्त्र, पथ, शुभ्र, श्वेत, रोशी, कोशी, बाण, पोथ्रो, रण, पुर्खा, शकुनि, ज्वाला, चञ्चला, बाला, लाटा, नङ्ग्रा, मेघ, सुरम्य, तन, वनिता, चन्द्रांशु, चुक्ली, डाह, अलका जस्ता प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पौराणिक, लौकिक बिम्बहरू प्रशस्तै मात्रामा प्रयोग भएका छन् । कवितामा प्रयुक्त बिम्बहरूले कविको वैचारिकता, दार्शनिकता, बौद्धिकतालाई पूर्ण रूपमा झल्काएको छ । कविको विचार र दृष्टिकोणका अनुसार काव्यिक प्रवृत्तिअनुरूप कवितामा आध्यात्मिक, रूमानी र यर्थाथवादी बिम्बहरूको प्रयोग भएको छ । बिम्बलाई कविताले अपरिहार्य तत्त्वका रूपमा प्रस्तुत नगरे पनि काव्यिक सुन्दरता, कलात्मकता, आस्वाद्य एवम् रागात्मक बनाउनका लागि काव्य बिम्बले महत्त्वपूर्ण स्थान ओगटेको छ ।

## सन्दर्भ-सामग्री


न्यौपाने, श्यामप्रसाद (२०६८), **हो कि झैं अलका**, साहित्य परिषद्, नवलपरासी ।

शर्मा, मोहनराज, लुइँटेल खगेन्द्रप्रसाद (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, हरिप्रसाद (२०६०) **कवितामा बिम्बको प्रयोग र औचित्य** : प्रज्ञा-दर्पण, पाल्पा : तानसेन बहुमुखी क्याम्पस ।


ooo


# पढ्नुभयो त ?

**हाम्रो पुरुषार्थको शताङ्क दुई भागमा प्रकाशित भएको छ ।**

# अमूल्य उपहार

✍ **मित्र 'उराठी' गौतम**
**अमरपुर, गुल्मी, हाल : तिलोत्तमा -२, रूपन्देही**

"धोकेवाज ! यत्रो दिन कहाँ हराएको ?" क्रिष्टिनाले आक्रोशित हुँदै प्रश्न तेर्साइन् ।

"हाहाहा' नरिसाउन न प्यारी । तिमीलाई खुसखबरी दिन त आएको । अब सब ठिक हुन्छ । संसारको सबैभन्दा अमूल्य उपहार दिन्छु तिमीलाई । " रूपचन्द्रले फकाउने कोशिस गर्‍यो ।

"चाहिँदैन बेइमानीको उपहार । मान्छेलाई तड्पाउनुको पनि हद हुन्छ नि । कहाँ कहाँ खोजिनँ मैले तिमीलाई?" उनको रिस अझै मत्थर भएन ।

"ल आऊ मसँगै, अनि थाहा पाउँछ्यौ । म कहाँ हराएको थिएँ ? किन हराएको थिएँ ?" उनको हात समाएर डोर्‍याउँदै अघि बढ्यो ऊ ।

"ल हेर यी, यहीँ थिएँ म ।" एउटा भूमिगत प्रयोशालामा पुर्‍याएर देखाउँदै भन्यो।

"अनि खै त उपहार ? कस्तो छ त्यो ?" आश्चर्य मान्दै सोधिन् क्रिष्टिनाले ।

"हामी इमेल गर्छौं । म्यासेन्जर, भाइवर आदि माध्यमबाट फोटो, भिडियो पठाउँछौँ । एकैछिनमा संसारको जुनसुकै ठाउँमा पुग्छ । मैले यो प्रयोगशालामा यस्तो यन्त्र बनाएको छु जसबाट फोटो, भिडियो जस्तै मान्छे नै पठाउन मिल्छ । अब यसको परीक्षण मैले तिमीबाट गर्न चाहन्छु । यही तिमीलाई मेरो अमूल्य उपहार हो ।" आफ्नो आविष्कारको व्याख्या गर्दै उक्त यन्त्र पनि देखायो रूपचन्द्रले ।

झनै उत्साहित हुँदै परीक्षणको लागि तयार बनिन् क्रिष्टिना ।

उसले क्रिष्टिनालाई आफ्नो यन्त्रमा राख्यो । अर्को स्थानमा रहेको प्रयोगशालाको ठेगाना टाइप गर्‍यो र स्वीच दबायो ।

त्यहाँबाट निस्किएर बाइक चढी अर्को प्रयोगशालामा पुग्यो ऊ ।

त्यहाँ क्रिष्टिना सशरीर निस्किएकी थिइन् । ऊ हर्षले उफ्रियो र क्रिष्टिनालाई अङ्गालो हाल्यो ।

तर त्यहाँ त क्रिष्टिनाको प्राणविहीन शरीर मात्र देखियो । आत्मा कतै हराइसकेको थियो ।

ooo

# बोल्दिनँ म

✍ **चरित्रा शाह**
**खजुरा–३, बाँके**

छेपारोको रङ झैं कुरा फेरिन्छन् यहाँ
जे बोले पनि हुन्छ बोल्नको लागि
त्यसैले त सुन्दिनँ अरूका कुरा ।

देखेर पनि सत्य कहाँ हुन्छ र !
हेराइको चस्माअनुसार बन्ने न हो आकार
आफ्नै कानले सुनेको पनि सत्य नहुन सक्छ
हृदयको लय समातेर दिमागले ग्रहण गर्ने कुरा हो सुनाइ

जसले जसरी पनि लिन सक्छ
भन्छन् - बूढापाका भित्ताको पनि कान हुन्छ
तर आज भित्तो श्रवणशक्तिविहीन भएको छ
त्यसैले त चुपचाप छु आज म पनि
अहँ म बोल्दिनँ

शून्य मानवतामा रुमलिएको
नटनटीहरू बढ्दै गएको यो देशमा
पढेर आँखामा कसले छाम्न सक्छ र हृदय ?

त्यसैले भयो म मुख खोल्दै खोल्दिनँ
बरू मुखमा सातु हालेरै बस्छु
अहँ बोल्दिनँ ।

ooo

**पुस्तकालयमा गई पत्र–पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।**

# राष्ट्रघात

✍ **भाषकर गौतम**

आफ्ना राष्ट्रिय सम्पदा मुलुकका बन्छन् चिनारी सब ।
ती आफ्ना पहिचान हुन् सकलले चिन्ने रहन्छन् जब ॥
मासिन्छन् यदि देशका विविधता मानिन्छ त्यो घात हो ।
जे छन् पूर्वपरम्परा बिथलिए त्यो गर्नु उत्पात हो ॥

***

रक्षा संस्कृतिको गरीकन सधै जाऊन् अँगाली अरू ।
पुर्खाका जुन मार्ग हुन् सब तिनी ठानून् न शिक्षागुरु ॥
गर्दै पालन कार्यबाट नवमा सार्ने प्रथा धर्म हो ।
आफ्नो देश-कुलीन धर्म नटुटोस् यो मुख्य नै कर्म हो ॥

***

आफ्नो जो छ नि जन्मभूमि त्यसको उत्थान गर्ने गरी ।
यस्लाई नमुना बनाउन सकौं उद्यान चम्केसरी ॥
नेपाली श्रमसीप बुद्धि यसमै पूरा लगानी रहोस् ।
साँच्चै सुन्दर शान्त दिव्य छ भनी हावा सुगन्धी बहोस् ॥

***

जस्ले मास्छ कुनै बिरासत भने त्यो हो बडो घातकी ।
पापी दुष्ट कलङ्क हो मुलुकको त्यो हो महापातकी ॥
देवीदेव र देशधर्म अघिका मान्दैन जस्ले तब ।
त्यो हो घातक धर्मभ्रष्ट खतुकी त्यागौं सबैले अब ॥

***

छानौं मूर्ख चिनौं न सूक्ष्मतहले कस्तो छ नेता कुन ।
स्वार्थी धूर्त छ को र काम उसको तौलौं त के छन् गुन ॥
होशै छैन कि भैं छ बक्बक भने आउन्न त्यो ठाउँमा ।
लन्ठाराम चिनौं र साथ नदिऊँ त्यस्तो नहोस् माउमा ॥

***

घाती घातक हो र हानि छ सधै सुध्रन्न त्यो बाँदर ।
सम्भौंला मनले पिँडालु तर त्यो फेरिन्न हो ढाबर ॥
घातीले बदमासले मुलुकको गर्दैन राम्रो भलो ।
यात्रा आज विनाशको छ यसरी बन्ला त के यो थलो ?

०००

# युगको कपाल

✍ **नारद गौतम**
**बलेटक्सार-३, गुल्मी (हाल : तिलोत्तमा, रूपन्देही)**

कुरा मिठा गर्छ भनेर हुन्न ।
स्वभाव राम्रो पनि पर्छ गुन्न ॥
चिनिन्छ मान्छे जब काम गर्छ ।
बुझिन्छ आत्मा कुन नृत्य गर्छ ॥

बन्छन् कुनै मानव कामचोर ।
छ स्वार्थ लिन्छन् र हरामखोर ॥
गर्दैन वास्ता पछि साथ छोड्छ ।
सम्बन्ध जे हो सब पूर्ण तोड्छ ॥

लिँदासमन् काम विनम्र बन्छ ।
आफन्त झैं लाग्दछ मित्र भन्छ ॥
सम्बन्ध राख्छन् नङ्मासुको झैँ ।
बानी छ व्यक्तित्व पिपासुको झैँ ॥

चरित्र मिल्छन् जनमा अनेक ।
संसार नै लाग्छ बडो उदेक ॥
गम्भीरतासाथ गरौँ विचार ।
कतै कसैको नबनौँ शिकार ॥

मनुष्य रच्दो छ विभिन्न जाल ।
छन् स्वार्थका मादल भिन्न ताल ॥
लिँदैछ स्वार्थी प्रतिशोध मात्र ।
निकै निसर्मी र बढे कुपात्र ॥

अचम्म लाग्दो ठगको जमाना ।
चल्यो यही झैँ छ नि कारखाना ॥
दुख्दै छ ऐले युगको कपाल ।
छ खिन्न सारै पिरले हिमाल ॥

ooo

# केही मुक्तकहरू

✍ **डा. श्यामप्रसाद न्यौपाने**
**सुनवल-१२, नवलपरासी**

नन्दीभृङ्गीहरू छन् कोटीकोटी जानेकै हो
कसरी चालिन्छ षडयन्त्रको गोटी जानेकै हो
चन्द्रले झैँ उज्यालो छर्ने फुइँ नलाए हुन्छ
जुन्कीरी ! तिम्रो धिपधिपे ज्योति जानेकै हो
॥ १ ॥

बेथितिको लागि अर्कैलाई पोल्ने हामीहरू नै
आफूजसो नभए समाजै बिथोल्ने हामीहरू नै
देशप्रेमका मिठा गीत गाउने गाउँबस्तीमा तर
देश लुटिँदा चुइँक्क नबोल्ने हामीहरू नै
॥ २ ॥

लाज हराएपछि दिनदहाडै शरम हराएपछि
अर्काको डिहीमा जानीजानी डिँगो चराएपछि
अब धरो लाए पनि के ? नलाए पनि के भो र
आफैँले आफैलाई शरेआम बेइज्जत गराएपछि
॥ ३ ॥

ऐनकानुनका पोथी डढे भने अनर्थ हुनसक्छ
शिशुपालहरू चुली चढे भने अनर्थ हुनसक्छ
तथागतहरूको बाहुल्यता भए त ठिकै हो नत्र
अङ्गुलीमालहरू अघि बढे भने अनर्थ हुनसक्छ
॥ ४ ॥

अङ्गुलीमालहरूले अड्डै छिचोले के भयो खै ?
दुर्योधनहरूले देशै गिजोले के भयो खै ?
हामी अभावको अँध्यारोले विक्षिप्त भैसक्यौँ
तिम्रो धिपधिपे उज्यालोले के भयो खै ?
॥ ५ ॥

**<u>शब्दार्थ</u>**

डिही = पाखो जग्गा ।
डिँगो = घरपालुवा जनावर, गाईभैंसी ।
शरेआम = खुल्लमखुल्ला

**ooo**

# पढ युवा

✍ कृष्णशरण उपाध्याय

के पढ्ने सुन देशका युवक हो ! छन् रोग लाखौं पढ !
सारङ्गीसरि पेट छन् मुलुकमा, छन् भोक लाखौं पढ !!
बाक्सामा शव फर्कंदा र सपना, विध्वंस बन्दा यहाँ !
छातीमा विरहाग्निका जलन छन् , छन् शोक लाखौं पढ !

बाटो पढ्नुछ देश उन्नत हुने, सम्भावना पढ्नुछ ।
माटो पढ्नुछ देशले नभ छुने, सञ्चेतना पढ्नुछ ।।
पाखा खोंच कुना र गाउँ घरका, अज्ञान सारा पढ !
नारीका बह वेदना, नयनका ती अश्रुधारा पढ !!

कोशी बाँध पढेर हेर न युवा ! नेपालको हालत !
सुस्ता साँध पुगेर फेर न युवा ! नेपालको हालत !
पढ्नैपर्छ नदी तलाउ झरना, नेपालका हे युवा !
जान्नैपर्छ बँदेल, बाघ, अरना, नेपालका हे युवा !!

भाषा, संस्कृति, सभ्यता पढ युवा ! जो देशको शान हो ।
नेपाली पहिचानले बढ युवा ! जो आत्मसम्मान हो ।
सीमान्तीकृतका विषाक्त बिपना, पीडा व्यथा छन् पढ ।
भत्केका कति छन् सुरम्य सपना, क्रीडा कथा छन् पढ ।।

अड्डा पढ्नुछ कोट या कचहरी, पढ्नुछ मन्त्रालय ।
सेना पढ्नुछ आज साथ प्रहरी, पढ्नुछ देवालय ।।
पढ्नैपर्दछ राजनीति खलको, नेपालका खातिर ।
बुझ्नैपर्दछ खेल दुष्ट छलको, नेपालका खातिर ।।

शिक्षा, स्वास्थ्य र न्याय आज जति छन्, ती ती लथालिङ्ग छन् ।
यो देशैभरिका विभाग जति छन्, ती ती भताभुङ्ग छन् ।।
ती सारा गहिरो गरी पढ युवा ! नेपाल चम्काउन ।
नौलो दृष्टि छरीछरी बढ युवा ! झन् माथि लम्काउन ।।

ooo

# किलो सेरा–२

**✍ रमेश झवाली**

दैनिकी नै बनिसकेको थियो गाउँका बुढापाकाहरूको । बिहानको खाना अलिक धेरै कालोदालसँग मुछेर गिँजाले पिस्न मिल्ने बनाएर निलेपछि दगुर्न हतार हुन्थ्यो । घरैघरले भिडभाड बनेको ताँतीबाट अलिक पर एउटा खुला ठाउँ । खुला ठाउँको बीचमा एउटा बडेमानाको सिमलको रूख थियो । सिमलको रूखमा फूल र फल लागेका थिए । हेर्दाखेरी राताम्य देखिने रूखमा चराहरू आएर बस्दा फूल र सिमलको फूलहुनुपूर्वको डल्लो पालैपालो फताफत खस्ने गर्दथे । बेलाबेलामा केटाकेटीहरू आएर बारको असुरोको बोट भाँचेर झटारो हान्ने गर्दथे । सिमलको फूलको गाडा बनाएर हातले डोस्याउने खेल जो खेल्नु थियो । केही केटाकेटी सिमलको हाँगाको काँपेबाट चप्पलका पाङ्ग्राबाट बनेका हाते गाडा चलाउँदै थिए । सिमलको रूखको छाँयाले नभेट्नेगरी बर र पिपलको रूखमा एउटा करिव २ मिटरको गोलाकार सिमेन्टले ढलाइ गरेको चौतारो थियो । वैशाखजेठ महिनाको गर्मी. सिमलटाँडी गाउँभित्र चौतारोको हावा छिर्न हिचकिच्याउँथ्यो । त्यही भएर होला गाउँका बुढापाकाहरू सबै चौतारा र सिमलको रूखलाइ भेट्न आइपुग्थे । तिनीहरूको दैनिकी नै हरेक दिन ११ बजे चौतारोमा जम्मा हुने र दैलामारा खेल्ने । तर सिमलको रुखमुनि भने घरबाट ल्याएको गुन्द्री ओच्छ्याएर दिउँसोको सूर्यको प्रचण्ड आक्रोशबाट बाँच्न सुत्ने गर्दथे । मनिराम पनि सिमलको रुखमुनि गुन्द्रीमा सुस्ताउँदै थियो । दक्षिण–पश्चिमबाट चलेको हावा र उसको मनभित्रको तातो हावाले उसलाई चैन दिएको थिएन ।

मनिरामको परिवारमा हाल जम्मा चार जना छन् । तर अहिले घरमा तीन जना रहेका छन् । ऊ, बुहारी र पाँच वर्षको नाति । उसकी जीवनसंगिनी उसलाई नसोधी उनान्साठी सालतिर सदाको लागि बिदा भई । उसले यो कुरा भारतमा हुँदाखेरि नै थाहा पाएको थियो । छोरो रामुले जेनतेन एस. एल. सी.सम्म पास गरेको थियो तर त्यसपछि पढ्न उसलाई काँधमा आएको जिम्मेवारीले दिएन । उसले विदेशिने निर्णय गऱ्यो । कहिलेकाहीं फेसबुकमा फोटो राखेको देखिन्छ । निकै गज्जव ठाँटबाँटसँग बसेको, रमाएको देखिए तापनि ऊ बंगाली सप्लाइ कम्पनी मार्फत विभिन्न होटलहरूमा स्टेवार्डको काम गर्छ । घरमा जवान बुहारी र बालक नाति छन् ।

मनिराम सुस्ताएको सिमलको रुखको छायाँको नजिकै रहेका बर-पिपलको चौतारीमा दुई हुल पाका मान्छेहरू थिए । बर र पिपलको रुखवरिपरि पाका मान्छेले टेक्ने गरेको लौरो ठड्याइएको थियो । तर मनिरामले भने आफ्नो लौरो सिरानीपट्टि गुन्द्रीमुनि राखेको थियो । चौतारीमा रहेका दुई हुल पाका मान्छेहरू दैलामारा खेलिरहेका थिए । बेलाबेलामा ती पाकामान्छे चिच्याएको आवाज आउँथ्यो त कहिले गलल्ल हाँसो । यो एउटा हाँसो मात्र थिएन जिन्दगीको एक्लोपनाबाट भाग्ने उपाय पनि थियो ।

मनिरामले सिमलको फेंदबाट बेलाबेलामा दुबै खालका मान्छेहरू नियाल्छ । उनीहरूको ठट्टा मजाक, हाँसो र चिच्याहटले उसलाई कताकता जवानीको दिन सम्झाउँछ । अनि साँच्छ जवानीमा घुँडा धसेर खेल्दा यो भन्दा धेरैगुना उत्साह हुन्थ्यो । उसलाइ थाहा छ चाउरिएका गाला र दाँत नभएका गिंजाको दृश्य केवल एउटा काल्पनिक रूपमा कोरएको चित्रको उल्लास मात्रै हो । तैपनि ती दुई हुल पाका मान्छेको क्षणिक भगाइलाई आँखा झिम्क्याएर मनन गर्छ ।

मनिराम छहारीमा आँखाको थकान मार्न कुत्रुक्क परेर हातको सिरानी बनाएर पल्टिन्छ । उसलाई सबै कुरा थाहा छ मानौं ऊ पर तासको खालमा बसेका बूढाहरूको देखावटी रमाइलो मनाउ उनीहरूको क्षणिक दुःख भगाउने बाटोमात्र हो । त्यही खालमा पूर्वतर्फ बसेको वीरबहादुरले एक मिहना पहिला मात्रै आठ वर्षको नाति गुमाएको हो । प्रत्येक वर्ष जसो गर्मीको समयमा गाउँका सबैजसो मानिसलाई ज्वरोले समात्छ । खानेपानीको लागि चापाकलबाहेक अरू कुनै विकल्प छैन । सायद पानीको कारणले हुनुपर्छ विरेको नातिले ज्वरोको कारण ज्यान गुमायो । तर ज्वरोले मात्र पनि होइन । गाउँमा उपचारको भरपर्दो व्यवस्था नहुनाले, बिरामी परेका बेला उसलाई शहरको अस्पतालसम्म उपचार गर्न लैजाने घरमा, टोलमा वा गाउँमा कोही भएन । आजभोलि बस्ती पूरै शून्य छ । साँझमा रक्सीको मातमा गाउँ टोल थर्काउने युवाहरू आजभोलि गाउँमा देखिदैनन् । गाउँमा केही पनि नभएको पक्कै होइन तर केही पनि छैन भन्ने भाष्य बनेको छ । चतुर राजनीतिक घेराले सबै युवालाई यसरी थिचेको छ कि त्यो घेराको निकास भनेको पलायन मात्रै भएको छ । मनिरामको मनमा करूणा जागेर आउँछ । बिचरा ! विरेको नातिले उपचार त पाएन तर मलामीसमेत पाउन मुश्किल पर्‍यो । जसोतसो गाउँका महिलाहरू जम्मा भएर उसको अन्त्येष्टि गरे ।

मनिराम अर्कोपट्टि कोल्टो फर्कन्छ । उसलाई हिजो जस्तै लाग्छ तर घटना ५४-५५ साल तिरको थियो । छिमेकी गाउँमा एकजना जँड्याहाले रातदिन रक्सी खाएर स्वास्नी कुट्छ भन्ने खबर पाएको थियो । रामुले लोकलाई र लोकले

मनिरामलाई भनेको थियो । समाज रूपान्तरण गर्न र उच्च वर्गीयहरूको थिचोमिचोलाई प्रतिकार गर्ने लहरमा युवाहरूको धेरैथोरै देखिने नदेखिने गरी क्रान्तिमा समर्थन र सहमति थियो । क्रान्तिकारीहरूसँगको छलफलमा यो सानो कुरा भएकोले गाउँकै केही युवाहरूले क्रान्तिकारीको भेषमा जँड्याहाको सातो लिने र कुटपिटलगायत गलत व्यवहार नगर्न चेतावनी दिने सल्लाह आयो । एकरात मनिराम अनि लोक साथै अन्य युवाहरू जँड्याहाको घरतर्फ लागे । रातको करिब नौ बजेको थियो । मानिसहरू सुतिसकेका थिएनन् । जड्याहाले आफ्नी स्वास्नीलाई अर्को लोग्ने मानिससँग हिमचिम बढाएको निहुँमा अन्धाधुन्द कुटिरहेको थियो । मनिराम र लोक मुखमा रुमाल बाँधेर कसैले नचिन्ने गरी कुटपिट भएको ठाउँमा पुगे । लोकले कठालो समात्यो र भन्यो - मा... साले... सँधै यसरी कुट्छस् ? महिला हिंसा गर्ने ? मनिरामतिर हर्दै भन्यो त्यो निकाल् त यसले चिनेन । मनिरामले तुरून्तै खुकुरी निकाल्यो र भन्यो - हामीहरू क्रान्तिकारी हौं ... हामीलाई तेरोबारेमा उजुरी परेको छ । अब आइन्दा यस्तो भयो भने मान्छे खोलामा टाउको झोलामा हुन्छ । यति भन्दा नभन्दै लोकले जँड्याहाको गालामा दुई चड्कन लगाइहाल्यो । जसको लागि क्रान्तिकारीको भेषमा गएका थिए उसैले गुहार गुहार ! भनेर चिच्याउन लागी । यतिकैमा टोलबासी जम्मा भए केहीले त तिनीहरूलाई चिने पनि । मनिराम, लोक र अन्य युवाहरू त्यहाँबाट बार नाघेर भागे, खोलाको बाटो हुँदै घरतर्फ लाग्ने बेलामा उसलाई किलो सेरा २ को सम्झना आयो । रेडियो नेपालबाट साँझ सात बजेको समाचारमा उल्लेख भए अनुसार क्रान्तिकारीलाई २ किलोमिटरको परिधिभित्र बन्द गरेर मार्ने योजना उसले सुनेको थियो । मनिरामको मन भतभती पोल्न थाल्यो ।

भोलिबाट गाउँ ठाउँका मान्छेले क्रान्तिकारी भनेर भन्नेछन् । एक कान दुई कान सबैतिर फैलनेछ र साँच्चिकै किलो सेरा २ मा फसाइने छ । उसले लोकलाई भन्यो आज हाम्रै घरमा गएर सुतौं ।

लोकले पनि स्वीकार गऱ्यो । लोकले उनीहरू क्रान्तिकारी नभएकोले नडराउन भन्यो तर उसलाई डरको भूकम्पले रातभर हल्लायो । रातभर निद्रा परेन । मनिराम सिमलको रुखको छहारीमा उत्तानो परेर सिमलको रुखको टुप्पोतिर हेर्छ । ढुकुरका जोडी एउटा हाँगाबाट अर्को हाँगामा खेल्दै माया बाँडेको देख्छ । उसले घटनाक्रमलाई फेरि सम्झन्छ । जँड्याहाको घटना उसको जीवनको एउटा भयानक घुम्ती थियो । उसको मनमा क्रान्तिकारीप्रति सद्भाव मात्र थियो तर त्यो घटनाले उसलाई क्रान्तिमा होमिन बाध्य बनायो । गाउँ टोल समाजले नै उसलाई कानेखुशी गरी, कुरा काटी क्रान्तिमा होमिने बनायो । तर उसको अगाडि परिवार र परिवारप्रतिको जिम्मेवारी पूरा गर्न ऊ भारत प्रवेश गऱ्यो । ऊ

गाउँघरमा नभए तापनि उसलाई खोज्न सुरक्षाकर्मी धेरैपटक आए, उसका परिवारलाई यातना दिए । त्यही कारण जीवनसंगिनीको अन्त्येष्टिमा समेत आउन सकेन । उसलाई सधैं किलो सेरा २ को डर थियो ।

तर अहिले समय बदलिएको छ । तिनै क्रान्तिकारीहरू जुनसुकै छिर्केदाउबाट सत्तामा छन् । उत्पीडितको उत्थान हुनुपर्ने, अन्यायमा परेकाले न्याय पाउनुपर्ने, भोको पेटलाई पेटभर खाना, नाङ्गो शरीरलाई लुगा र छानोविहिनलाई छानो । कथित जनवादी शिक्षाले देशमा नै सम्पन्नताको मूल फुटाउनुपर्ने तर विडम्बना मुलुक आज विदेशीको लागि सस्तो लेवर उत्पादन गर्ने कारखाना बनेको छ । मनिराममलाई लाग्छ अहिले पनि अव्यवस्था, भद्रगोल र सत्तालिप्साको किलो सेरा २ ले नागरिकको घाँटी अठ्याइरहेको छ । अत्यास लाग्दो परिस्थिति छ ।

घरमा मनिरामकी जवान बुहारी छ । एकल ससुरो स्याहार्न बुहारीलाई धेरै गाह्रो हुन्छ भन्छन् तर उसले सँधै बुहारीबाट छोरीको जस्तो व्यवहार पाएको छ । बुहारीले जतिसुकै दुःख पीडा लुकाउन खोजे पनि उनको अनुहारबाट लुक्दैनथ्यो । उनीहरूको परिवारमा उनीहरूलाई भन्दा गाउँलेलाई बढी चासो थियो । गाउँलेहरू बुहारीको सेवालाई अश्लील नाम दिनसमेत पछि पर्दैनथे भने कसैसँग बोले उसैसँग जोडेर कुरा काट्न पनि पछि पर्दैनथे । मनिराम यी कुराबाट विचलित नभएको देखाउन चाहन्थ्यो तर के गर्नु मानवीय स्वभाव न हो । उसले हरेक रात देखेको छ बुहारीसँग छोराले भिडियोकल गरेको । केही समय त रमाइला वार्तालाप हुन्छन् तर केही समयपछि टाढा हुनुको पीडा छताछुल्ल हुन्थ्यो । कसलाई चाहना नहुँदो हो र आफ्नो पतिको अंगालोमा सबै कुरा बिर्सेर रमाउने, सुखदुःखमा काँधमा काँध मिलाएर हिंड्ने तर स्वार्थप्रेरित राजनीति, अदूरदर्शी शिक्षा, पलायनवादी सामाजिक मनोविज्ञान, जरा गाडेको सामाजिक संस्कार किलो सेरा २ भन्दा कम छैन जसले मनिराम र उसको परिवारमात्रै होइन पूरै समाजको घाँटी च्यापेको छ । मनमनै यस्ता कुरा खेलाउँदै उसले आफूसँग लगेको बोतलको पानी पिउँछ र गुन्द्री, पानीको बोतल र लट्ठी लिएर घरतर्फ लाग्छ ।

ooo

**पुस्तकालयमा तपाईंहरूका नानीबाबुहरूलाई लिएर गई पढाइप्रति मन रमाउने बानी लगाउनुहोस् ।**

# सत्संग गुरुको उपदेश

✍ **पुष्पराज पोखरेल**
**छोप्राक, गोर्खा (वर्ष ९७)**

ईश्वरका भरमा बसी दिनदिनै सत्सङ्ग गर्दै गर ।
आफूमा जति ज्ञान ज्योति छ सबै सम्पूर्णमा नै छर ।।
राम्रो मार्ग समाति लौ हिंड सबै पारी उज्यालो मन ।
मान्छेको जुनि खेर गो यदि भने गर्छौ तिमी के भन ?

पक्का छैन शरीर यो बुझ सबै कस्को छ दर्ता यहाँ ।
सज्जन्को पछि लाग है सब जना शङ्का नमानी त्यहाँ ।।
ईश्वर्मा दिल राख है जगतमा जानै नदेऊ मन ।
यो प्यारो अब जिन्दगी बितिसक्यो गर्छौ तिमी के भन ?

तिम्रा सन्तति हुन् सबै अतिथि यी बस्दैनन् है साथमा ।
जाँदा हात हुनेछ खालि सबेको पर्छौ तिमी शोकमा ।।
लाखौं सम्पत्ति नै हवस् तर यहाँ कस्ले लग्यो खै धन ।
मान्छेको जुनि खेर गो यदि भने गर्छौ तिमी के भन ?

छाला खुम्चिसक्यो निधारभरि नै खाल्टा परे हेर त ।
गाला लौ कति चाउरी परिसक्यो के बैंसको झैं छ त ?
बैरो कान भयो झर्‍यो अब त लौ ख्वै दन्त ? तिम्रो गन ?
मान्छेको जुनि खेर गो यदि भने गर्छौ तिमी के भन ?

आँखा नै धमिलो भयो अझ भने सन्सार के हेर्दछौ ?
बूढा भइकन के विवेक नगरी यो श्वास के फेर्दछौ ?
आत्मा चिन्नुपर्‍यो शरीर सबको भिन्नै नमानीकन ।
मान्छेको जुनि खेर गो यदि भने गर्छौ तिमी के भन ?

पिट्छन् है - यमदूतले गर विचार्-मौका छँदै बेसरी ।
होसै बन्द हुनेछ, त्यस् बखतमा के भुल्दछौ यसरी ?
लौ लौ लौ तल झार है : मिति पुग्यो आएर भन्छन् जन ।
अमूल्य नर यो बित्यो यदि भने गर्छौ तिमी के भन ?

ooo

# लेनदेन

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

- मान्छेसँग प्रेम, मानवता, आदर्श, धर्म र परोपकारका भावनाहरू पनि हुने गर्थे । आज ती कमजोरी ठानिन्छन्, कपोल कल्पना वा रोमान्टिक फेन्टासी मानिन्छन् । यस युगको सन्देश छ– विगत भुलिदेऊ, आगतको सुर्ता नगर, केवल वर्तमानमा रमाऊ । परिवार, बन्धुत्व, देशभक्ति, समाज यी सब बन्धन हुन् । यिनबाट मुक्त भई निर्द्वन्द्व रमाऊ । आज मान्छेसँग सुख, शान्ति वा खुशीको एकमात्र साधन पैसा छ । पैसा भएपछि सबै छ भन्ने विश्वास छ । पैसा गोजीमा छ सबै गोजीमा छ । पैसाविना जगत् शून्य छ । त्यसैले पैसाकै खोजीमा छन् सबै । पैसा मान्छेको मालिक हो वा नोकर हो बुझ्न नसकेर रनभुल्ल छन् समयको नाडी छाम्न नसक्ने बबुराहरू । चंखहरू भने दङ्ङ छन् पैसाको घोडा चढेर ।

- केवल पैसा छ ; बजार छ, क्रयविक्रय छ; लेनदेन छ । केही नलिई कसैले कसैलाई केही दिन्न । मफतमा दिनु अनैतिकता हो लेनदेनमा । यसको सिद्धान्त छ– एक हातले लिनु अर्को हातले दिनु । अब कुनै मान्छे आफैमा सिंगो मान्छे होइन । ऊ केवल एउटा पुर्जा हो क्रयविक्रययन्त्रको । मान्छेको समाज समाज होइन, एउटा भीड हो सौदाबाजीको अर्थात् लेनदेनको । प्रतिभा, सृजना, प्रेम, वात्सल्य, निष्ठा, भक्ति, श्रद्धा सबै लेनदेनको फन्दामा सास फेरिरहेछन् । धर्म पनि धनविना धानिन सक्दैन । नोट र भोटको गोलचक्करमा घुमिरहेछ राजनीति पनि ।

- पण–पणमा पण्य छन् सबै । पण्यको अर्थ बिकाउ हो । यहाँ पानी बिक्छ; जवानी बिक्छ; मासु बिक्छ; आँसु बिक्छ; भोक बिक्छ; भोजन बिक्छ; माया बिक्छ; छाया बिक्छ । सबै बिकाउ छन् यहाँ । पानीमा प्यासाको होइन, पैसाको अधिकार हुन्छ । भोजनमा भोकाको होइन, नगदको राज चल्छ । भक्तिले देवता खुशी हुन्नन्–दान र चन्दाले प्रसन्न हुन्छन् । दानले नै शान र मानको निर्धारण गर्छ । दान दिन नसक्नेले धार्मिक अनुष्ठानहरूमा मरिचझैं चाउरिनुपर्छ । लेनदेन मर्त्यमा मात्र हो र ! स्वर्गमा पनि चल्छ । केही लिनु छ भने केही दिनु छ । नदिईकन मागेर भिक्षा पाइने जमाना गयो । कुनै पदप्रतिष्ठा प्राप्त गर्नुछ भने नजराना दिनुस् । कसैलाई जागिर दिनुस्, पद दिनुस्–नोट लिनुस् वा भोट लिनुस् छु मतलब !

- निर्मम छन्, तर पनि प्रकृति उदार छन् । पृथ्वीले नलिईकन दिन्छिन् । केवल दिन्छिन् मात्र । उनले हामीलाई जल दिन्छिन्; फल दिन्छिन् ; उभिन आधार दिन्छिन्; फैलिन क्षितिज दिन्छिन् । हामी जे छौं देखिने पार्थिव त हौं । हामी कृतघ्नहरू पृथ्वीलाई कोपर्छौं, लात्ताले हान्छौं । वृक्षहरूले मिठा फल दिन्छन्, हामी उद्दण्ड छौं नझर्दै झटारो हान्छौं । मान्छेभन्दा बैगुनी को छ ?

- प्रकृति बेपारी छैन मान्छेझैं, मुनाफा खोज्दैन । सूर्यले निः शुल्क ताप दिन्छ । वायुले खैरातमा प्राण बाँड्छ । बादलजस्तो त्यागी को छ ? जसले आफै सकिएर संसारलाई जलदान गर्छ । मान्छेले प्रकृतिबाट सिकेन । मान्छेले त प्रकृति पनि बेच्छ, विकृति पनि बेच्छ । पृथ्वीलाई समेत कित्ताकाट गरेर बेच्छ टुक्राटुक्रामा । के यो पृथ्वी मान्छेको मात्र हो ?

- एउटाले भन्छ - यस साल अनिकाल पर्‍यो भने कुहेको अन्न बेचेर म मालामाल हुनेछु ।

  अर्कोले भन्छ- यस साल हैजा वा कुनै महामारीले मान्छे थोकमा मरे भने म घाटमा दाउरा बेचेर मालामाल हुनेछु । फेरि अर्कोले भन्छ-केही देशहरूमा विप्लव वा गृहयुद्ध मच्चियो भने म यी हतियारहरू बेचेर मालामाल हुनेछु ।

  अलि पर एउटा पागलझैं चिच्याउँछ-तेरा बाउबाजेलाई लगिरहँदा त यमराज मालामाल बन्न सकेन, अब तैं बन्लास् मालामाल !

- मान्छे मालामाल भइरहेछ । लेनदेन गरिरहेछ मान्छेले । सतहमा जे भए पनि अन्तर्यमा लेनदेन छ जीवनमा । नदिई लिन पाइन्न । एक हातले दिनु छ, अर्को हातले लिनु छ - एकदम नगदानगद । उधारो चल्दैन । उमेर बुझाएर तलब लिनु छ । बैंस बुझाएर माया थाप्नु छ । पैसा बुझाएर परलोक सुधार्नु छ । दाम बुझाएर नाम कमाउनु छ । अझ भनिनु छ उदारमना दानवीर । भोट दिनु छ, नोट लिनु छ अनि चोट पाउनु छ । आफ्नै चोटले आफन्नाउनु छ पीडाले ।

- मैले आज केही नोट दिएँ, तरकारी लिएँ । नोट लिंदा अलिकति पसिना दिएँ । कहिलकाहीं आँसुसित पनि साट्नुपर्छ भातका सिताहरू । आँसु पनि सकिए भने आँखाबाट आफ्नै मासु कोपरेर आफै खानुपर्छ र सकिनुपर्छ सुस्तसुस्त ।

ooo

# मोतीका नाममा

✍ **रामप्रसाद पन्थी**
**रेसुङ्गा-२, तम्घास, गुल्मी**

हे युवा कवि ! सुनौला रवि साहित्य साधक
मेटाई दियौ तिमिर सारा जीवन बाधक ।

दशक तीस बसेर गयौ गोलोक धाममा
गर्वले छाती चौडा छ आज मोतीकै नाममा ।

जीवन छोटो भए नि मोती सार्थक बनायौ
अमूल्य ज्ञान नेपाली भूमि माटोमा खनायौ ।

नेपाली काव्य मध्यम काल जुरुक्क उठायौ
शृङ्गार धारा स्रष्टाको सार मूल नै फुटायौ ।

गजल विधा भित्र्यायौ खास नेपाली माटोमा
हिडेको देख्छु गजल आज मोतीकै बाटोमा ।

समस्या पूर्ति लेखन मोती मण्डली गठन
बनेर गंगा लेखनी बग्यो भाषामा कञ्चन ।

जीवनी लेख्यौ तिमीले मोती पत्रिका छपायौ
पुराना कृति खोजेर आफै समीक्षा लेखायौ ।

उदार तिम्रो भावना थियो हृदय विशाल
देनले तिम्रो कृतज्ञ भयो देश यो नेपाल ।

चिनायौ तिमी ती भानुभक्त संसार भरमा
सिलोक हाल्दै सम्भने भयौं हरेक घरमा ।

दैवले पनि गतिलो मान्छे देखने रहेछ
विमार पारी जीवन हरी लैजाने भएछ ।

नबाँच्ने भयो यो मेरो छोरो आमामा लागेछ
रित्तिने भयो काख नै अब मनमा छाएछ ।

आमाको भाव मनको डाह तिमीले जान्यौ रे
अमर कृति रचना मेरा सन्तान भन्यौ रे ।

जानू नै पर्छ जीवन चक्र नगई चल्दैन
माटोमा बिउ नछरेसम्म फल नि फल्दैन ।

भौतिक देह नहोला तिम्रो अमर नाम छ
नेपाली मन मुटुमा साँच्ने बेजोड काम छ ।

साहित्य भाषा संस्कृति सारा तिमीले दिएका
रसिला काव्य साहित्य सुधा छौं हामी पिएका ।

यो भाद्र कृष्ण औंशीको दिन पवित्र घडीमा
फैलिदै जाओस् मोतीको ज्योति पूर्वीय लालिमा ।

साहित्य स्रष्टा पाठक स्रोता दर्शक चिन्तक
देशको सेवा मिलेर गरौं आखिरी दिन्तक ।

हटाई सारा मनको मैलो मेटाऊँ विकृति
सुन्दर पारौं सुवास छरौं नेपाली संस्कृति ।

०००


# पानी जीवन हो, खेर नफालौं ।

## जनहितमा जारी सन्देश

- खानेपानी मुहानको संरक्षण गरौं ।
- आयोजनमा निर्माण भएका संरचनाहरूको सुरक्षा गरौं ।
- पानीको उचित सदुपयोग गरौं ।
- खेर गएको पानीलाई करेसाबारीमा प्रयोग गरौं ।
- समयभित्र खानेपानी महसुल तिरौं, जरिवानाबाट बचौं ।
- इन्टेक, खानेपानी टैंकी, धारा सधैं सफा राखौं ।
- वर्षात्को समयमा पानी छानेर, उमालेर पिउने बानी बसालौं ।
- पानीको चुहावट बन्द गरौं ।

अनुरोधक

**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**

तम्घास, गुल्मी

# किसानको धन्य छ जिन्दगानी

✍ **मुकुन्द शर्मा**
**कैलाशकुञ्ज, बूढानीलकण्ठ, काठमाडौं**

खाई दुई छाक ढिँडो कि आटो
बनाउने सिर्जनशील माटो
पोख्ने उसैमा पसिना जबानी
किसानको धन्य छ जिन्दगानी ॥

गरेर बाह्रै महिना किसानी
रूखो सुखोले परिवार धानी
सन्तुष्टिलाई सुखमूल मानी
किसानको धन्य छ जिन्दगानी ॥

सम्साँझमा होस् कि बिहानमा होस्
असारमा होस् कि त माघमा होस्
अनाजकै चल्छ कथा कहानी
किसानको धन्य छ जिन्दगानी ॥

न कूटभाषा न त लूट आशा
न बक्बकेसाथ हिँडी तमासा
स्वीकार गर्ने बरू घामपानी
किसानको धन्य छ जिन्दगानी ॥

हलो जुवा छन् लहरे गरा छन्
दह्रो छ उत्साह नसा दह्रा छन्
उही भुइँको जिउँदो निसानी
किसानको धन्य छ जिन्दगानी ॥

जे पाइयो खानु उही सुधा हो
मिठो कुरा उत्सव आउँदा हो
सौहार्दबाटै सुखमूल तानी
किसानको धन्य छ जिन्दगानी ॥

ooo

# कृतघ्नता

**✍ वासुदेव पाण्डेय**

बच्चा, वृद्ध, अशक्त गाउँघरमा गर्ने प्रतीक्षा, पिर
सक्ने देश बदल्न कर्मठ युवा मुग्लान,खाडीतिर ।
नेता,भ्रष्ट,बिचौलिया सलहझैँ यो देश बाली भयो
सानो देश लुटेर राष्ट्र-ढुकुटी सम्पूर्ण खाली भयो ॥

जान्छन् बाहिर टाउको तन दुखे सम्पूर्ण नेता गण
खाए भाग लगाउँदै जति मिल्यो राजस्व,विप्रेषण ।
भ्रष्टाचार गरे, कमाउन सिके, आजन्म पुग्ने गरी
बुझ्ने बेतन 'राष्ट्रसेवक' भनी गर्छन् स्वयम् तस्करी ॥

उब्जाएर किसान अन्न नबिकी छन् खिन्न पेसासित
बिक्ने खाद्यपदार्थ फूल फल के निर्बाध आयातित ।
नेता,रक्षक,काठ तस्कर मिली सिद्ध्याउँदै छन् वन
को देख्छन् लिपुलेक पीडित तथा बढ्दो चुरे दोहन ॥

बेसी, पर्वत,लेक, डोजर चले बाटा अनेकौँ खने
खेतीलायक खेत फाँट अहिले सारा घडेरी बने ।
फाँडे जङ्गल मूल ताल जरूवा सुक्दै गए सुस्तरी
बाढी,भूक्षय फेरि जान्छ पहिरो दर्कैर बर्खे झरी ॥

खाली निर्जन गाउँ छन् सहरमा बढ्दो छ बस्ती घना
मान्छे हो दुध बेच्छ,खान्छ मदिरा चाहिन्न आलो-चना ।
आधा जीवन बित्छ काम नगरी गर्दा अरूको रिस
आफू पर्दछु बुझ्छ खन्छ पथमा खाल्डा स्वयं मानिस ॥

०००

# धन्न ! गुण्डाको फन्दामा फसिएन ।



✍ **हुमकला पौडेल**

*(वैकुण्ठवासी होमनाथ पौडेलकी धर्मपत्नी हुमकला पौडेल (सीतादेवी) सनातन हिन्दु संस्कृतिकी अनुयायी हुनुहुन्छ । अत्यन्त शान्त र सरल स्वभावकी हुमकला वर्तमान समयमा देहरादूनको अनारवाला गुच्चुपानी रोडमा आफ्ना छोराबुहारीहरूका साथमा बस्नुहुन्छ । ज्ञान, ध्यान, पूजा, पाठ र अतिथिसेवामा रमाउने हुमकलाले सहस्र पूर्णचन्द्रको दर्शन गरी नेपाली परम्पराअनुसारको चौरासी पूजा पनि गरिसक्नु भएको छ । ८५ वर्षीय हुमकला अत्यन्त सचेत र स्वस्थ देखिनुहुन्छ । हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीले उहाँको जीवनका अनुभवबारे गरेको कुराकानीको संक्षिप्त अंश यहाँ प्रस्तुत गरिएको छ - सम्पादक)*

**१. तपाईंको जन्म कहिले कहाँ भएको थियो ?**

❑ मेरो जन्म वि.सं. १९९६ सालको मंसिर १५ गते (तत्कालीन गुल्मी) हालको अर्घाखाँची जिल्लाको वाङ्ला गोपीथुममा भएको थियो ।

**२. तपाईंका मातापिताको नाम के हो ?**

मेरो माताको नाम गोविन्द भट्टराई र पिताको नाम सिद्धिनारायण भट्टराई हो । मेरी हजुरआमाको नाम धर्मकला हो ।

**३. तपाईं सानी छँदा कसले स्याहारसुसार गर्‍यो नि ?**

❑ म सानी छँदा बढी स्याहारसुसार गरेर हुर्काउने काम हजुरआमा धर्मकलाले गर्नुभएको हो । अर्को मलाई स्याहारसुसार गर्ने फुपू दिदी हुनुहुन्थ्यो ।

## ४. फुपू दिदी आफ्नो घरमा जानुभएको थिएन र ?

- फुपू दिदीलाई सानै छदा ७ वर्षको उमेरमा जामा छोडाएर बिहे गरिदिएका रहेछन् । बिहे गरेको एक वर्षभित्रमा विधवा हुनुभएछ । विधवा भएपछि उहाँ घर नगएर माइतीघरमै बस्नुभएको थियो । पछि उहाँ माइतीघरमै बित्नुभयो ।

## ५. तपाईंका बुबाआमाका सन्तानहरू (छोराछोरी) कति हुनुहुन्छ नि ?

- हाम्रा बुबा- आमाका सन्तान हामीहरू जम्मा ४ भाइबहिनीहरू हौं । दुई भाइ छोराहरू र दुई बहिनी छोरीहरू ।

  दुई भाइ छोराहरूको नाम यदुनाथ भट्टराई र कमल भट्टराई हो । छोरीहरूमा जेठी म हुमकला भट्टराई (सीतादेवी पौडेल) र कान्छी बहिनी शान्तिदेवी भट्टराई (आचार्य) हौं ।

## ६. तपाईंको विवाह कहिले कसरी भयो ?

- हाम्रा बुवा भारतको आसाम मणिपुर आइजलमा मन्दिरको पुजारी भएर काम गर्नुहुन्थ्यो । यता नेपालमा आमाले घर सम्हालेर बस्नुभएको थियो । बुवा भारतमै भएको बेलामा म एघार वर्षमा लागेपछि मेरो विवाह हालको सन्धिखर्क नगरपालिका वार्ड नं.-२, कुर, छापटोला, अर्घाखाँची निवासी श्री होमनाथ पौडेलसँग भयो।

## ७. बुबा भारतमा भएको बेला नेपालमा तपाईंको विवाह ११ वर्षमै कसरी भयो त ?

- त्यो बेला सानैमा विवाह गरिदिने प्रचलन थियो । अझ कसैको त सात आठ वर्षमै विवाह गरिदिने चलन थियो । आठ वर्षभित्र कन्यादान गर्न पाउँदा बुवाआमाहरू खुशी पनि हुन्थे । म त दश वर्षकी भइसकेकी हुँदा अरूले आमालाई अब राम्रो ठाउँ आए विवाह गरिदिनुपर्छ भने होलान् । वाङ्लाका मुखिया पोमनारायण आचार्यले कुरका होमनाथ पौडेलसँग छोरीको विवाह गरिदिनुपर्‍यो भनी माग गर्नु भएछ । बुबा नभएको बेलामा आमाले एक्लै निर्णय गर्न गाह्रो परेछ । बुबालाई सोध्ने अहिलेको जस्तो फोन, मोवाइल आदिको सम्पर्क माध्यम केही थिएन । चिठी पठाएर पनि जवाफ आउन महिनौ दिन लाग्थ्यो । आमा द्विविधामा पर्नु भएछ । मुखिया

पोमनारायण आचार्यको प्रस्तावलाई स्वीकार गर्न पनि गाह्रो भयो, इनकार गर्न पनि सक्नुभएनछ । आमा रातारात हिंडेर माइतीघर मेरो मावल धरमपानी गएर चुँदाली हजुरबुबालाई छोरीको विवाहका लागि यस्तो-यस्तो कुरा आएको छ, के गर्ने होला भनी सोध्नुभएछ । चुँदाली हजुरबुबाले हिङ नभए पनि हिङ बाँधेको टालो हो । पोमनारायणले भनेको ठाउँमा छोरीको बिहे गरिदिनहुन्छ भनेपछि मेरो विवाह गरिदिने निर्णय भएको हो रे !

## ८. विवाह हुनुभन्दा पहिले तपाईंलाई कसैले केही जानकारी दिए कि दिएनन् ?

❑ विवाह गर्ने निधो गरेपछि मलाई मेरा कान्छाबाले दाइ घर हुनुहुन्न । तिम्रो विवाह मैले गरिदिने भएँ भनेर सुनाउनुभएको हो । त्यति सुनाएपछि बाजा बजाएर विवाह गरिदिएका हुन् । डोलीमा चढाएर पठाएका हुन् । १५ जना मान्छेहरूले भारी बोकेका थिए । दुई जना डोले थिए । त्यस्तै कसैले मधुस बोक्ने, कसैले खुवाउने चीजहरू, कसैले दुना, टपरी, गुन्द्री, भाँडाकुँडा, कसैले रोटी, चिउरा, कुराउनी, कपडा आदि बोकेका हुन्थे । घर गएर मान्यजनहरूलाई पैसा, कपडा, धोती, कुराउनीका पोका, चिउरा, रोटी आदि दिएर कसैलाई भुईंमा, कसैलाई गोडामा शिर निहुराई ढोगदिनु पर्दथ्यो । कसलाई के कस्तो मर्यादासाथ ढोगदिनुपर्छ र के के दिनुपर्छ सबै आमाले सिकाएर पठाउनुभएको थियो । त्यतिका मान्छेसँग माइती घरबाट घर पुग्दा राति हुन्थ्यो । बाटामा लालटिन बालेर उज्यालो बनाई हिंडाउँथे ।

## ९. तपाईं घर गर्न जाँदा त्यहाँ को को हुनुहुन्थ्यो ?

❑ म घर गर्न जादा त्यहाँ सासू-ससुरा हुनुहुन्थ्यो । डेढ वर्षका एउटा देवर हुनुहुन्थ्यो । पछि अर्को देवर जन्मनुभयो । यसरी त्यस घरमा ३ भाइ छोराहरू जन्मनु भएको रहेछ । जेठा छोरा होमनाथ, माहिला यमानन्द, कान्छा रामचन्द्र । तीन भाइका सन्तानहरू अहिले ठाउँठाउँमा फैलिएका छन् । माहिलाका जेठा छोरा रामनाथ पौडेल जिम्मा कुरको घरसम्पत्ति छ । बेलाबखत हामी घरमा जाने - आउने गर्छौं ।

## १०. घरको कामधन्दा कसरी गर्नुहुन्थ्यो ?

❑ हाम्रो घर ठूलो परिवार संख्याको बन्दै गयो । गोठभरि गाईभैंसी हुन्थे । मैले ३५ वटासम्म गाईहरू हेरेँ । पानी-पँधेरो, दैलो-कुचो, पकाउने, खुवाउने

सबै काम गर्नुपर्थ्यो । बाबुबाजेका पालादेखि जेजमानकहाँ जाने, पूजा गराउने, दानदक्षिणा ल्याउने लोग्ने मान्छेहरूका यस्तै काम हुन्थे । कान्छा देवरलाई मथुरा वृन्दावनमा पढ्न पठाइयो । खेत बन्धक राखेर ऋण खोजी पढ्न पठाइयो । २-३ वर्ष त उहाँले पढ्नुभयो । पछि उहाँ राजनीतिमा लाग्नुभयो, जेल पर्नुभयो । उहाँले १२ वर्ष जेल जीवन बिताउनुभयो । हाम्रो घर अलि रुखो ठाउँमा थियो । गोठ डिबामा थियो । घरबाट गोठ बारी खस्यान टाढा भएपछि उतै गोठमा एक्लै बस्नुपर्थ्यो । रातिसम्म पनि काम गर्नुपर्थ्यो । आजै मल फालेर सक्ने भनी रात परेपछि ५-५ खेप मल फालेर काम सकिन्थ्यो । अरूलाई काम गराउँदा माइतबाट लगेका चामल पकाएर भात खुबाउँथे । गोठमा बाहिर सरेका बेला रातभरि लुगलुग काम्दै सुत्नुपर्थ्यो । बिहानै उठेर अँधेरो छदै नुहाउन पँधेरा जाने, पानी भरेर ल्याउने गर्नुपर्थ्यो । एक दिन औंसीका दिन बिहानै पँधेरा जाँदा बाघले पानी खाँदै थियो । डर लागेर थुपुक्क बसेर बाघलाई हेरिरहेँ । बाघ सरासर आफ्नो बाटो लाग्यो । धन्न बाघले झम्टेन र बाँचियो ।

गोठमा बस्दा, बिहानै उठेपछि आगो बाल्ने, लिपपोत गर्ने गोबरसोत्तर गर्ने, पँधेरा गई पानी ल्याउनेजस्ता कामहरू त नित्यकर्मजस्तै हुन्थे । एक राति बिहानै उठेर सल्लिपिरलको छानो थुती आगो सल्काएँ । ठूला छोरालाई कोखैमा सुताएकी थिएँ । आगो बालेर हेर्दा त छोरालाई सुताएको गुन्द्रीको बिटमा मुख चाँपिएर सर्प मरेको रहेछ । धन्न सर्पले हामी आमाछोरालाई केही गरेन्छ र बाँचियो भन्ने भयो ।

घरमा सुत्ने ठाउँको नजिकै मधुस थियो । दुई छोराछोरीलाई सँगै सुताएर म सुत्थेँ । मधुसमाथि लुगा राख्थेँ। एक दिन सुतीसुती मधुसमाथिका लुगा तान्दा मधुसै पल्ट्यो । त्यो गरुङ्गो मधुस हामीतिर पल्टेको भए के के हुन्थ्यो । उतापट्टि पल्टेको हुँदा त्यो दिनको दुर्घटनाबाट जोगिन पाइयो ।

## ११. तपाईंका छोराछोरी कति छन् ?

❑ मेरा ४ भाइ छोराहरू र एउटी छोरी छन् । जेठो छोरा गोविन्द म १९ वर्षकी हुँदा २०१६ सालमा जन्मेका हुन् । त्यस वर्ष सन्धिखर्क चुत्राबेसीमा राजा महेन्द्र आएका थिए । गाउँका सबै मान्छे सिनेमा हेर्न भनेर सन्धिखर्क गए । मलाई सुत्केरी हुने भनेर एक्लै घरमा छोडी गएका हुन् । माहिलो छोरा कृष्णप्रसाद, साहिँलो छोरा शंकरप्रसाद र कान्छो छोरा अर्जुनप्रसाद हुन् । छोरीको नाम राधिका हो ।

## १२. छोराछोरीहरूको शिक्षादीक्षा के कसरी गराउनुभयो ?

❑ दुई छोराले वाङ्ला मावल मामाघरमा बसेर पढेका हुन् । एस्.एल्.सी. सम्म उतै पढे । पछि उच्च शिक्षाका लागि बुबा देहरादूनमा बस्ने हुँदा यतै आएर पढेका हुन् । साहिलो छोरा शंकर ५ वर्षको हुँदा २०३५ सालतिर देहरादून लिएर म पनि आएकी हुँ । पछि सबै छोराछोरीहरूले यतै पढेका हुन् । अहिले सबैले यतै काम गर्छन् ।

## १३. तपाईं देहरादूनमा कसरी आउनुभयो ?

❑ नेपालमा बसेर जेजमानी गरिराख्नुभन्दा भारतको देहरादूनमा गएर काम गर्दा राम्रा हुन्छ भन्ने लागेर मेरा श्रीमान् एउटा सङ् खोजेर देहरादून आउनुभएको हो । उहाँ यहाँ आएर काम गर्दा यतै सजिलो र लाभदायी हुने देख्नुभयो । नेपालको घर र देहरादून आउने जाने भइराख्थ्यो । पछि २ छोराहरू यतै बसेर पढ्न थालेपछि यताको बसाइ अलि बाक्लो बन्दै गयो । एकपटक मेरा श्रीमान्‌ले आमालाई बद्रीनाथको दर्शन गराउन तीर्थ लैजाने भनेर घर आउनुभयो । त्यो बेला सासूले जान मान्नुभएन । छोराहरू देहरादूनमै थिए । तिनीहरू आमासँग भेट हुन निकै आस्सिएका छन् भन्ने थाहा पाएकी थिएँ । श्रीमान् फर्कने बेलामा म पनि पानीको गाग्री बिसाएर, सुतेका लुगा छोडेर पटु भान्जीसित पाल्पाको बाटो हुँदै यता आएँ । एउटा मान्छे म पनि ठाडाको भुसाल हुँ ? देहरादून जान छ भन्दै हामीसित पछिपछि लागेको थियो । लखनऊमा रेलको टिकट काट्नका लागि मसँग फुटकर पैसा छैन । ठूलो नोटको बिटो छ । यो तपाईंले राख्नुस् । तपाईंसँगका पैसा निकाल्नुस् र सँगै गएर टिकट काटौं भनेर लिएर गयो र त्यो गुण्डो भाग्यो । उसले दिएको पैसाको बिटोको बाहिर मात्रै पैसा टाँसेको रहेछ । भित्र सबै खाली कागजमात्र । टिकट पनि भएन, पैसा पनि भएन । मलाई आमाले टीका लगाइदिएर दिएका पैसा पटुकामा बाँधेर लगेकी थिएँ । त्यही पैसाले टिकट काटेर हामी देहरादून उत्रेका हौं । त्यस्तै अर्को पटक ५ वर्षको साहिँलो छोरा शंकरलाई लिएर देहरादून आउँदा रेलवे स्टेशनमा हामी आमाछोरालाई एक ठाउँ बसालेर टिकट काट्न श्रीमान् लाइनमा लाग्न जानुभयो । हामी कुरेर बसिरहेका थियौं । एउटा गुण्डो आएर तपाईंका श्रीमान् उता लाइन लागिरहेको ठाउँमा हुनुहुन्छ । त्यहाँ धेरै भीडभाड छ । यो बाबूलाई लिएर आउन भन्नुभएको छ

भन्यो र बच्चालाई खोस्न लाग्यो । मैले जान मान्दै मानिनँ । मलाई यहीँ बस्न भन्नुभएको छ । म जान्न भनेपछि त्यो गुण्डो फर्क्यो । त्यो गुण्डाले भनेको मानेको भए के के गर्थ्यो । धन्न त्यस गुण्डाका फन्दामा फसिएन र सकुशल देहरादून आइयो । देहरादूनमा बस्न राम्रो भए पनि आउँदा-जाँदा बाटामा गुण्डाहरूको निकै जगजगी हुन्थ्यो ।

**१४. देहरादूनमा कसरी घरजम गरी बस्नुभएको छ ?**

❑ एउटी ठकुर्नीले पण्डितजीलाई घरमा राखे पूजापाठ हुन्छ भनेर १२ वर्षसम्म फिरीमा घरमा बस्न दिइन् । उनले बडो राम्रो व्यवहार गरिन् । मैले गाई पालेर पनि आम्दानी गर्न थाले । पछि छोराहरू पनि जागिर खान थाले । सुविधा पनि थपिदै गए । श्रीमान्को आम्दानी पनि बढ्दै जान थाल्यो । टिनले छाएको एउटा २ कोठाको घर, घडेरी किन्यौँ । पछि त्यसलाई बढाएर राम्रो र ठूलो बनायौँ । सासूलाई ३ पटक देहरादून ल्यायौं । तीर्थव्रत गरायौं । उहाँ १०-१५ वर्ष यहीं बस्नुभयो । छोरीहरूको मायाले बीच-बीचमा नेपाल गएर आउनुहुन्थ्यो । सुरूसुरूमा यहाँ बस्दा पनि अलि दुःखै थियो । यहाँ बस्न थालेका पनि त्यति धेरै वर्ष भएका थिएनन् । छोराछोरीहरू सबैलाई पढाउनपर्थ्यो ।

**१५. अहिले तपाईंको जीवन कसरी बितिरहेको छ ?**

❑ पहिलेपहिले नेपाल र भारत दुबै ठाउँमा धेरै दुःख गरियो । अहिले त मलाई राजसी सुख छ । छोराछोरीहरू सबै ठेगान लागेकोमा खुशी छु । मलाई कसैले चर्को आखर बोल्दैनन् । सबैले मानसम्मान गर्छन् । मेरा इच्छा सबै पूरा गराइदिन्छन् । छोराछोरी, बुहारी, नातिनातिना सबैले मलाई माया गर्छन् । ८४ पूजा गरिसकेँ । अब मेरो चाहना केही छैन । रोग लागेर धेरै थलिन नपरोस् । भगवान्सँग यही प्रार्थना छ ।

ooo

**समय खेर नफाल्नुहोस् ।**
**बरु पुस्तकालयमा गएर पुस्तक, पत्र-पत्रिका पढेर ज्ञान आर्जन गर्नुहोस् ।**

पुस्तकालय परिचय

# सृजना सामुदायिक पुस्तकालय, लाहान–११, सिरहा, मधेश प्रदेश

✍ **ललिताकुमारी चौधरी**
**लाइब्रेरियन**

सृजना सामुदायिक पुस्तकालय २०३२ साल कार्तिक १ गतेका दिन गाउँका युवा, विद्यार्थी र सचेत नागरिकको नेतृत्वमा बाँसको स्याक बनाई गाउँघरबाट पुस्तक सङ्कलन गरी रेशमलाल चौधरीको दलानमा स्थापना भएको थियो । स्थापनाको केही वर्षपछि गाउँको एकजना विधुवा महिला फनैतनी बुढियाको स्र्वगारोहणपछि गाउँलेले भोज नखाई रू. ५, ००० । ०० लिएर सार्वजनिक जग्गामा बाँस र खपडाले छाएको घर बनाई पुस्तकालय सञ्चालन हुँदै आइरहेको थियो । भवन जीर्ण भएपछि २०५७ सालमा गा.वि.स. को आर्थिक सहयोग, जनश्रमदान र रिड नेपालको सहकार्यमा भवन र्निमाण कार्य २०५७ सालदेखि शुरू भई २०६२ साल सम्ममा सम्पन्न भई रिडका डाइरेक्टर स्र्वगीय डा. एन्टोनिया न्यूवरद्वारा उद्घाटन एवं नेपालकै अग्रज शिक्षा विज्ञ काठमाडौ विश्वविद्यालयका उपकुलपति डा. सुरेश राज शर्माको समेत उपस्थितिमा उद्घाटन तथा वक्तव्य कार्यक्रम सुसम्पन्न भएको थियो । नेपाली समाजलाई सीपमूलक, ज्ञानमूलक, प्रविधियुक्त विकासको परिचालन गर्न शैक्षिक जागरण, ज्ञान, सीप, प्रविधि, सूचनाको प्रसारबाट मात्र समाजमा विद्यमान रूढीवादी, संस्कार, चेतना र व्यवहारलाई परिवर्तन गर्न तथा समाजमा परापूर्वकालदेखि चलिआएको संस्कार र परम्परालाई समेत अक्षुण्ण राख्न तथा प्रजातान्त्रिक सचेतना र मानवविकासको सर्वाङ्गीण क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्यले यो सृजना पुस्तकालयको स्थापना भएको हो । यो पुस्तकालय मधेश प्रदेशकै एक मात्र नमुना पुस्तकालयको रूपमा जिल्ला सिरहा लहान नगरपालिका वडा न. ११ को पडरिया थारूटोलमा राष्ट्रिय लोकराजमार्गको छेउमा अवस्थित छ । यो पुस्तकालयको आफनै तीन तले पक्की भवन रहेको छ । तल्लो अण्डरग्राउण्ड अधुरो निर्माणको रूपमा रहेको छ भन्ने दोस्रो तल्लामा



७ वटा कोठाहरूमा सटरहरू रहेका छन् । माथिल्लो तल्लामा पुस्तकालय भवन, सेमिनार हल र शौचालयहरू रहेका छन् । यस पुस्तकालयमा ६ हजारको संख्यामा नयाँ तथा पुराना विभिन्न विषयगत किताबहरू रहेका छन् भने दैनिक रूपमा नियमित राष्ट्रियस्तरका पत्रपत्रिकाहरू, स्थानीय दैनिक पत्रपत्रिकाहरू र सप्ताहिक, पाक्षिक र मासिक म्यागेजिनहरू उपलब्ध रहन्छन् । यस पुस्तकालयमा ११ जनाको सञ्चालक समितिमा महिला ४ जना र पुरुष ७ जना रहेका छन् । यसको साथै यस पुस्तकालयले निःशुल्क कम्प्युटर कक्षा सञ्चालन, फ्रि वाईफाई, निःशुल्क ईण्टरनेट सेवा आदि दिंदै आएको छ । यस पुस्तकालयमा आजीवन सदस्य २२ र साधारण सदस्य २८१ जना रहेका छन् । यो पुस्तकालयमा दैनिक ५० वा सोभन्दा बढी नियमित पाठकहरू अध्ययनको लागि आउने जाने गर्दछन् । यस पुस्तकालयको आर्थिक स्रोतको रूपमा सटरका भाडा, हल भाडा र पुस्तकालयमा बुक अदान-प्रदानको लागि लिइने सदस्यता शुल्क तथा अन्य दाताहरूबाट प्राप्त हुने नगदी, जिन्सी सामान मात्र  हो । यो पुस्तकालयको भवन निर्माण शुरू भएको वर्ष २०५७ सालमा हो । यस भवन निर्माणमा रिड नेपालको आर्थिक सहयोग, तत्कालीन गा.वि.स.को अनुदान, विभिन्न क्षेत्रका चन्दादाताहरू तथा स्थानीयवासीहरूको जनश्रमदान नै हो । यसको भवन निर्माणमा कुल लागत रू. २२,००,०००।०० लागेको थियो । सबै क्षेत्रबाट चन्दा सङ्कलन, दाताबाट अनुदान र स्थानीय निकायबाट समेत अनुदान प्राप्त गरी भवन निर्माण काममा प्रयोग भइसकेको हुनाले थप स्रोत र अनुदान अन्य निकायबाट हालसम्म प्राप्त नभएको । यस पुस्तकालयको आर्थिक स्रोत बलियो नरहेको कारण निर्माण सम्पन्न नभएको हो । यो पुस्तकालयमा कुनै पनि कार्य सञ्चालक समिति, उपसमिति वा सामुदाय वा अन्य निकायबाट विवादित रहेको छैन ।

## भावी योजना

पुस्तकालयप्रति पाठकहरूलाई आकर्षण गर्न बेरोजगार युवाहरूको लागि एवं रोजगारको लागि अभिप्रेरित गर्न लोकसेवा आयोगद्वारा लिइने विभिन्न परीक्षाको विषयवस्तुहरूको कक्षा सञ्चालन गर्ने, पुस्तकालयद्वारा गठित समूहहरूमा जनचेतनामूलक कार्यक्रम सञ्चालनको लागि निरन्तरता दिने, भौतिक पूर्वाधारको रूपमा माथिलो तल्ला भवन निर्माण गरी व्यवस्थित सभाहलको व्यवस्थापन गर्ने, व्यवस्थित कम्प्युटर कक्षा सञ्चालनको लागि थप कम्प्यूटर व्यवस्था गर्ने, भुइँ तलाको जीर्ण भवनलाई निर्माण सम्पन्न गर्ने । समय-समयमा हुने राष्ट्रिय दिवसहरूको शिक्षामूलक कार्यक्रमलाई निरन्तरता दिने । एम्बुलेन्स सेवा सञ्चालनमा ल्याउने जस्ता कार्यक्रमहरू रहेका छन् ।

ooo

# किरण पुस्तकालय र हाम्रो पुरुषार्थ पुरस्कृत

बालबालिकाहरूमा सानै उमेरदेखि पठनपाठनमा अभिरुचि जगाउने उद्देश्यले बाल पुस्तकालय कक्षको विशेष व्यवस्था गरिएको छ । बाल पाठ्य - सामग्रीसहितको बालकक्ष निर्माणका लागि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय एवं सामाजिक विकास डिभिजन कार्यालय पाल्पाबाट सहयोग प्राप्त भएको थियो । यस्तै यस कक्षामा बालबालिकालाई बस्न, खेल्न, पढ्न र लेख्नका लागि सजिलो होस् भन्ने उद्देश्यले आवश्यक सामग्रीहरू जुटाउन पुस्तकालयका हितैषी अमेरिका निवासी मीरा बस्नेत, सुवर्ण बस्नेत र कमला न्यौपानेबाट जनही १०० अमेरिकी डलरका दरले ३०० डलर र विष्णुमाया श्रेष्ठबाट ३५ गरी जम्मा ३३५ डलरको नेपाली रूपैयाँ ४३,९१० । को सहयोग प्राप्त भएको थियो । यस कक्षमा बालबालिकाहरू रमाएर पढ्ने वातावरणको सिर्जना भएको छ ।

- ❑ आर्थिक वर्ष २०८०/०८१ मा किरण पुस्तकालय र हाम्रो पुरुषार्थलाई ३ वटा संस्थाहरूबाट पुरस्कारहरू प्राप्त भएका छन् ।

- ❑ कर्पोरेट क्लब (CC) द्वारा १२ माघ २०८० मा काठमाडौं, ज्ञानेश्वर स्थित एभरेष्ट होटेलमा आयोजित एक विशेष समारोहकाबीच प्रमुख अतिथि परराष्ट्रमन्त्री एन.पी. साउदबाट किरण पुस्तकालयले समाजमा उत्कृष्ट योगदान पुऱ्याएकोमा पुस्तकालयलाई शील्ड र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो ।

- ❑ २०८१ वैशाख १५ गते 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकालाई विष्णुबहादुर सिंहद्वारा स्थापित र शिवपुरी साहित्य समाजद्वारा संवर्धित 'विष्णु-पुष्पा साहित्यिक पत्रकारिता पुरस्कार-२०८० द्वारा सम्मानित एवं पुरस्कृत गरियो।

- ❑ प्रेस काउन्सिल नेपालद्वारा किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाले साहित्यलाई पत्रकारितामा जोड्दै यस क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०८१ बाट हाम्रो पुरुषार्थलाई पुरस्कृत गरिएको छ । उक्त पुरस्कार २०८१ आश्विन ६ गते प्रेस काउन्सिल नेपालको ५५ औं वार्षिकोत्सवको अवसरमा राष्ट्रपति भवनमा एक विशेष समारोहको आयोजना गरी सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको समुपस्थितिमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङज्यूद्वारा प्रदान गरिएको थियो ।

- ❑ २०८१ भाद्र १५ गते किरण पुस्तकालयको आयोजनामा पुस्तकालय दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइयो ।

- ❑ २०८१ भदौ १७ गते १५९ औं मोती जयन्तीका अवसरमा किरण पुस्तकालयमा आयोजित एक विशेष समारोहका बीच सत्यवती गाउँपालिका-५, जुहाङ्, खैरेनीका ७१ वर्षीय साहित्यकार ठाकुर शर्मा भण्डारीलाई जानकी साहित्य पुरस्कार २०८१ प्रदान गरियो । साहित्यकार श्री शर्मालाई समारोहका प्रमुख अतिथि तथा लुम्बिनी प्रदेश सभाका माननीय सदस्य डिल्लीराज भुसालले दोसल्लासहित प्रमाणपत्र र रू.१० हजार राशिको नगद पुरस्कार हस्तान्तरण गर्नुभएको थियो ।

  उक्त पुरस्कार यसभन्दा अगाडि २०७५ सालमा सूर्यबहादुर सेन ओली, २०७६ मा भागीरथी श्रेष्ठ, २०७७ मा रामप्रसाद पन्त, २०७८ मा नारद गौतम, २०७९ मा रुद्र ज्ञवाली, २०८० मा हरिप्रसाद भण्डारीले प्राप्त गरिसक्नुभएको छ ।

**- सचिव**

ooo


**कृषि क्षेत्र रूपान्तरणका लागि कृषि ज्ञान केन्द्र, गुल्मीले लिएको रणनीति तथा अभियान**


- छल्दी पनाहा सिमलटारी करिडोरमा १५० मेटन क्षमताको Cold Store निर्माण (बीउ आलु भण्डारका लागि)
- छल्दी पनाहा सिमलटारी वा बडिगाड कोरिडोरमा गहुँको चक्की आटा बनाउने र प्याकिङ गर्ने साना उद्योग स्थापना
- कागती ब्लक स्थापना (५००० भन्दा बढी बिरूवाको ब्लक)
- १२०० मिटरभन्दा माथिल्लो उचाइ भएका क्षेत्रमा पकेटको रूपमा ओखर र किवी खेती तथा नर्सरी स्थापना ।
- एक क्लस्टरमा कम्तीमा २० रोपनी जग्गामा स्थायी प्लाष्टिक घर निर्माण (१ वडा १ व्यावसायिक कृषि फर्म) क्रमशः बढाउँदै लगिने ।
- स्थानीय धान हंसराज, कालो भट्मास, वर्षे आलु, स्थानीय लसुनलगायत अन्य रैथाने बालीहरूको संरक्षण, उत्पादन, लेबलिङ, प्याकेजिङ र बजारीकरण
- मकै र आलुको बीउ उत्पादन वृद्धि गरी आत्मनिर्भर हुने र निर्यात गर्दै जाने ।
- सन्तुलाजात फलफूलको गुणस्तरीय बिरूवा उत्पादन, बिजु बिरूवा प्रयोगभन्दा कलमी बिरूवा प्रयोगका लागि कृषकहरूलाई सचेत गराउँदै जाने । बाहिर जिल्लाबाट कमसल बिरूवा ल्याउन रोक लगाउने ।
- मागमा आधारित विशेष कृषि कार्यक्रम सञ्चालन गर्ने (मौरी शिताके च्याउ, फलफूल, कफी, उँखु, लसुन, प्याज, कुरिलो, तरकारीलगायत अन्य)
- साना सिंचाइ मर्मत तथा पूर्वाधार निर्माण ।
- मर्मत केन्द्रसहितको यान्त्रिकीकरण प्रवर्धन गर्ने ।
- बजार : स्थानिय तहको उत्पादन : बजार सहकारीबाट खरिद : सदरमुकाममा संकलन र खपत : बाँकी बुटवल निर्यात (Promotion and Marketing of Local Product : Green Ambulance Concept) ।
- स्थानीय तहमा रहेका कृषि प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्दै र प्रविधि बिस्तार गर्दै जाने ।

**कृषि ज्ञान केन्द्र, गुल्मी**

**०७९-५२०१२६**

# नौलो सृष्टि : सानो दृष्टि

## १. सङ्घर्ष र प्रेरणाका प्रतिमूर्ति, रविलाल-वल्लवी थापा





आफ्ना मातापिताका संघर्षका कथाव्यथाहरूलाई समेटेर प्रा.डा. बुद्धबहादुर थापाले संघर्ष र प्रेरणाका प्रतिमूर्ति रविलाल-वल्लवी थापा स्मृतिग्रन्थ (२०७९) सम्पादन गर्नुभएको छ । झण्डै ४५० पृष्ठमा तयार पारिएको प्रस्तुत ग्रन्थलाई विभिन्न पाँच खण्डमा व्यवस्थित गरिएको छ । पहिलो खण्डमा रविलाल र वल्लवीको जीवनी र व्यक्तित्वअन्तर्गत रविलाल थापा अमराईदेखि गोरखपुरसम्म मूल शीर्षक दिएर रविलाल थापाका सन्दर्भमा विभिन्न उपशीर्षकमा विभिन्न घटना प्रसङ्ग उल्लेख गरिएको छ । यही खण्डको दोस्रो शीर्षकमा जीवनको उतार चढावमा वल्लवी थापा शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकका घटना प्रसङ्ग समेटिएका छन् ।

यस स्मृतिग्रन्थको खण्ड 'ख' मा 'रविलाल व्यक्ति एक : दृष्टि अनेक' शीर्षकमा प्रा.डा. राजाराम उपाध्याय, केदारप्रसाद रेग्मीलगायत प्रधान सम्पादक प्रा.डा. बुद्धबहादुर थापासमेतका २५ वटा अत्यन्त उत्कृष्ट रचनाहरू छन् । खण्ड 'ग' मा कौशिल्य गोत्रीय (पौंदी अमराई) थापाहरूको वंशवृक्ष, खण्ड 'घ' मा प्रमाणपत्रहरू र खण्ड 'ङ' मा मानपदवी तथा तस्वीरहरू समावेश छन् । यस ग्रन्थको आरम्भमा प्रकाशक मण्डलको सल्लाहकारका रूपमा रहेकी श्रीमती आशा थापाद्वारा प्रकाशित लेखहरू र लेखकहरूका सन्दर्भमा प्रकाश पारिएको छ । १५ पृष्ठमा समेटिएको प्रस्तुत समीक्षात्मक लेखबाट स्मृतिग्रन्थबारे थाहा पाउन सजिलो भएको छ । वर्णविन्यास र पदसंगतिका झिनामसिना प्रसङ्गबाहेक प्रस्तुत स्मृतिग्रन्थ स्तरीय बनेको छ ।

## २. द्रष्टा दृष्टिमा स्रष्टा विश्वप्रेम अधिकारी

विश्वप्रेम अधिकारी 'स्याङ्जा जिल्लामा रहेर कविता, कथा, निबन्ध, बालसाहित्य लोकसाहित्य र सम्पादनका क्षेत्रमा अनवरत सेवा गर्ने व्यक्तित्व हुनुहुन्छ । उहाँकै अनवरत साहित्य सेवालाई उजागर गर्ने प्रयासस्वरूप प्रस्तुत ग्रन्थ जन्मेको

अनुभव हुन्छ । सम्पादक प्रमोद पंज्ञानी र प्रकाशक स्याङ्जा साहित्य-प्रतिष्ठान रहेको प्रस्तुत कृति २०८० को भानुजयन्तीको अवसरमा प्रकाशित भएको छ । यसभित्र ग्रन्थनायक अधिकारीका प्रवृत्ति र कृतिहरूको परिधिभित्र रहेर विभिन्न ३१ जना समीक्षकहरूले आफ्ना समीक्षात्मक लेखहरू रचना गरेका छन् ।





यस सम्मानग्रन्थभित्र सम्झनाका बिम्बहरू, प्रेमिल मनका अचाडु कवि, टिमुरको झोल, अन्वेषक स्रष्टा विश्वप्रेम, आमा, मेरो आँखीझ्यालबाट विश्वप्रेमलाई हेर्दा, आँधीखोले लोकसाहित्य, आँधीखोलाका शालिग्राम, काव्य त्रयी लगायत विश्वप्रेमका कथा, कविता, काव्य, निबन्ध, लोकसाहित्य र बालसाहित्यसम्बन्धी विविध कृतिहरूको विश्लेषण गरिएको छ । स्रष्टा, सम्पादक विश्वप्रेमका व्यक्तित्वका विविध पाटाहरूलाई विभिन्न समीक्षकहरूले छर्लङ्ग पारेका छन् । यस सन्दर्भमा उहाँलाई आँधीखोलाका शालिग्राम, उहाँको साहित्यिक कर्म, साहित्यिक निष्ठा, साहित्यका अथक साधक, स्वयम् सेवामा समर्पित सम्पादक, नेपाली वाङ्मयका आदर्श सेवक आदि विभिन्न उपनाम र उहाँका योगदानको विशद चर्चा गरिएको छ ।

यसरी आधा शताब्दीभन्दा लामो समयदेखि नेपाली साहित्यको उत्थानमा लाग्नु हुने विश्वप्रेमप्रति प्रस्तुत ग्रन्थले राम्रै सम्मान गर्न खोजेको अनुभव हुन्छ । यसले ग्रन्थनायकको साहित्यसाधना र सम्पादनको भूमिका राम्रै उजागर गरेको छ । यस ग्रन्थले एकातिर विश्वप्रेमप्रति सम्मानभाव प्रकट गरेको छ भने अर्कोतिर विश्वप्रेमजस्तै अनवरत सेवारत स्रष्टाहरूप्रति यस्तै सम्मानभावरूपी कोसेली चढाउनु पर्ने सन्देश दिएको छ ।

### ३. साइनो सुमन

डा. सीता सुवेदी पन्थी अध्यापन तथा सिर्जनाका क्षेत्रमा लाग्ने सशक्त व्यक्तित्वको नाम हो । जसका आठवटा बालकविता-संग्रह, एउटा बाल-कथा खण्डकाव्य, छन्दमालिका कविता-संग्रहजस्ता थुप्रै कृति प्रकाशित भएका छन् । 'साइनो कविता-संग्रह' स्रष्टाको चौधौं कृतिका रूपमा २०८० मा प्रकाशित भएको छ ।


प्रस्तुत साइनो सुमनको सुवासमा ३३३ वटा साइनो सुवासित छन् । यसै कृतिको दोस्रो खण्डमा कविताको लघुतम उपविधा साइनो : परिचय र प्रयोगका सन्दर्भमा प्रकाश पारिएको छ । यस खण्डबाट लघुतम कविता साइनोको नालीबेली कोट्याउन चाहनेहरूका लागि अत्यन्तै पोसिलो खुराक बनेको छ भने परिशिष्ट खण्ड (?) मा स्रष्टाले वेभ टी.भी. खबरसँग साइनोको सन्दर्भमा गरेको कुराकानीको अंश प्रस्तुत गरिएको छ ।




साइनोभित्रका ३३३ वटै सुमन देशकाल, परिस्थिति, मानवीय विवशता, विडम्बना धोकापूर्ण स्थिति, अन्याय, अत्याचार भ्रष्टाचार, विसंगति, विकृति आदि विविध सन्दर्भमा आधारित छन् । विन्दुमा सिन्धु भर्न सक्नु साइनोको विशेषता हो । यसै विशेषतामा प्रस्तुत कृतिभित्रका सुमनहरूबाट सुवास फैलिएको अनुभव गर्न सकिन्छ । स्रष्टा सुवेदीको कलम अझ खारिँदै जाओस् । शुभकामना !

**४. तम्घासमा हाम्रा अजाअजी**


नरप्रसाद श्रेष्ठ र शान्ता श्रेष्ठकी नातिनी शैलजा श्रेष्ठले आफ्ना हजुरबुबा हजुरआमाका जीवन संघर्षका प्रेरणादायी कथाहरू समेटेर तम्घासमा हाम्रा अजाअजी संस्मरण ग्रन्थ तयार पार्नुभएको छ । यस ग्रन्थको प्रकाशक लेखनकुञ्ज रहेको छ । लेखक शैलजा नरप्रसाद श्रेष्ठ जत्तिकै शालीन र कर्तव्यनिष्ठ छन् । उनैको प्रयास र जिज्ञासाको परिणामस्वरूप कौडीका भाउमा मिल्कन सक्ने वा च्याउझैं हराउन सक्ने जीवन कथाले हीराको रूप लिएको छ ।




यो अकिञ्चनले विगत ४० वर्षदेखि सुने, बुझे, देखेजस्तै नरप्रसाद श्रेष्ठ समाजसेवी, शिक्षाप्रेमी, कर्तव्यनिष्ठ व्यक्तित्वको नाम हो । निम्न वर्गीय पारिवारिक पृष्ठभूमिबाट क्रमशः माथि उठेर एक सफल सम्पन्न व्यवसायी बन्नु उहाँका जीवनको एउटा पाटो हो भने तम्घास क्षेत्रका अधिकांश सामाजिक संस्था तथा विद्यालयहरूका साथै रेसुङ्गा बहुमुखी क्याम्पसको नेतृत्व लिएर उत्कर्षमा पुस्याउने कर्मशील व्यक्तित्वको नाम नै नरप्रसाद श्रेष्ठ हो । उहाँका सफलताका पछाडि उहाँकी धर्मपत्नी शान्ता श्रेष्ठको पनि बलिष्ठ हात रहेको छ । मितभाषी, साक्षर तर गहन चिन्तन र सुदृढ वैचारिक शक्ति भएका नरप्रसाद स्नातकोत्तर तह पूरा

गरेका व्यक्तिभन्दा कम भएका व्यक्ति होइनन् । नरप्रसाद श्रेष्ठका यिनै जीवन कथा, त्याग, बलिदान र सेवाका साथै व्यावहारिक जीवनका घतलाग्दा पक्षलाई समेटेर शैलजाद्वारा तयार पारिएको प्रस्तुत कृति अत्यन्त पठनीय बनेको छ । नरप्रसादजीको जीवनका विविध पाटालाई समेटेर एउटा विशालकाय कृति तयार गर्ने नातिनी शैलजाको यो प्रयासलाई साधुवाद । तम्घास क्षेत्रका विविध कार्यहरूका ढुकढुकीका रूपमा रहेका नरप्रसाद उद्योग वाणिज्य संघ, रेसुङ्गा बहुमुखी क्याम्पस, महेन्द्र मा.वि. लगायत मन्दिर तथा अन्य संस्थाका बलिया खम्बासमेत हुन् । उनको यो कीर्ति-पताका फैलिरहने छ ।


## ५. विचार विश्लेषण




२६ वर्ष नेपाल सरकारको निजामती सेवा प्रशासनतर्फ ना.सु. पदमा रही सेवा निवृत्त जीवन ज्ञान र भगवत्भक्तिमा समर्पण गरेका साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ) को छैठौं कृति विचार विश्लेषण (Analysis of thought) २०८०, श्री पशुपति धर्मशाला, रुरु १, रिडी, गुल्मीको प्रकाशनमा सार्वजनिक भएको छ । आफ्ना वेदगुरु र दीक्षागुरुमा समर्पण गरिएको प्रस्तुत कृतिमा उपसंहारसहित विभिन्न १९ वटा शीषर्कमा विचारको विश्लेषण गरिएको छ ।

वन्दना शीर्षकबाट आरम्भ गरिएको प्रस्तुत कृतिमा विचार विश्लेषण के हो ? रामायणलाई महापुराणको संज्ञा दिनुपर्ने होइन र ? वेद र पुराणहरूबीच तात्त्विक भिन्नता के हो ? आदि वैचारिक दृष्टिकोणका साथै स्रष्टाका केही निजी अनुभवहरू चौरासी पूजामा सहभागी हुन सकिनँ, म र मेरा ध्रुव दाजु, अमेरिकामा रहँदा जस्ता शीर्षकहरूमा आफ्ना विचारहरू प्रकट गरिएको छ । ग्रन्थको अन्त्यमा महाकवि कालिदास, योगी भ्रर्तृहरि महाराज, पशुपति धर्मशाला, पशुपति अमात्यसमेतका तस्वीरहरू राखिएका छन् । कृतिभित्र स्रष्टा तपोनिष्ठद्वारा विविध जीवन सन्दर्भका कुराहरू धर्मग्रन्थ, दर्शन र विद्वान्हरूका विचारहरूलाई समेत आधार मानेर विश्लेषण गरिएको छ । कृति पठनीय छ ।

## ६. राराको डिलमा




आख्यानकार, समीक्षक, निबन्धकार तथा बालकथाकार अग्रज स्रष्टा कपिल लामिछानेको 'राराको डिलमा' उत्कृष्ट नियात्रा हो । यसभित्र १९ वटा नियात्रा समावेश छन् । तीमध्ये ६ वटा निबन्ध नेपालबाहिरको परिवेश माउण्ट आबू, चीन तथा तिब्बतमा आधारित छन् ।


फापरथुममा आयोजित साहित्य महोत्सवमा रमाएका, आनन्द लिएका नियात्राकारले आफू घुमे, डुलेको क्षेत्रमा पाठकलाई पनि सँगसँगै डुलाएका छन् । फापरथुमबाट सुरू भएको नियात्रा लेखन अधिकांश साहित्यकारहरूसँग साहित्यिक सम्मेलनमा जाँदा गरिएका भ्रमण अनुभवका प्रसङ्गहरू यस नियात्रा–सङ्ग्रहमा उल्लेख गरिएका छन् । नियात्रा सुरू हुनु अगावै हरेकमा दुईदुई जना समीक्षकहरूद्वारा गरिएका संक्षिप्त समीक्षात्मक प्रसङ्गहरू प्रस्तुत गरिएको छ । प्रस्तुत संग्रहभित्रका निबन्धहरू साहित्य पोस्ट, मधुपर्क, नागरिक न्यूज, धौलाश्री, युगवाणी, सुलेख, हाम्रो पुरुषार्थ, ईश्वरीय उपहार, सगुनलगायतका पत्रिकामा विभिन्न मितिमा प्रकाशित देखिन्छन् । नियात्राभित्रको रचनाक्रम २०६२ देखि २०८० सम्मको कालखण्ड देखिन्छ ।

पंक्तिकारकै जिल्लाको गौरव रेसुङ्गा भ्रमणका क्रममा यहाँको धार्मिक, ऐतिहासिक, पौराणिक महत्त्वलाई साहित्यकार प्रा.दीन पन्थीसँगको सहयात्राबाट सामग्री संकलन गरेर सघन प्रभावलाई आकर्षक शैलीमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत संग्रहभित्रका हरेक नियात्रामा स्रष्टाले हरेक पाठकलाई आफूसँगै भ्रमण गराएका छन् । यो स्रष्टाको विशेषता हो ।

## ७. घुस्सा

रामप्रसाद अर्याल 'अविराम' को चौथो कृति 'घुस्सा' २०८० चैतमा प्रकाशित भएको छ । प्रश्रित प्रतिष्ठान नेपाल प्रकाशक भएको उक्त कृति स्रष्टाले आफ्ना पिता स्व. देवराज अर्यालमा समर्पण गरेका छन् । हास्यव्यङ्ग्य क्षेत्रका महापुरुष भैरव अर्यालको प्रवृत्तिलाई पछ्याएर यस संग्रहभित्र भिन्नभिन्न प्रवृत्तिप्रति घुस्सा हान्दै २८ वटा निबन्धहरू रचना गरिएको छ ।




'सुप्रभात' बाट निबन्धलेखनको क्रम सुरू भएको छ । यसभित्रका हरेक निबन्धमा अनुप्रासयुक्त भाषा शैली प्रयोग गरिएको छ । केही शीर्षक टुक्कायुक्त छन् । जस्तै : खुट्टा तान्ने र घोडाको फूल, कानेखुसी आदि । समाजमा विद्यमान आर्थिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक क्षेत्रमा रहेका विकृति र विसंगतिप्रति स्रष्टाले चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । हाम्रो समाजका आडम्बरी, शोषक, दुष्ट, भ्रष्ट, ढोंगी, दलाल र घुस्याहाहरूलाई निबन्धकारले चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । समाजका यावत् कमजोरी र विकृतिहरू हटाएर स्वच्छ, सुन्दर र परिष्कृत समाजको सिर्जना गर्ने चाहना घुस्सामा प्रकट गरिएको छ । जीवन्त, उखानतुक्कायुक्त स्थानीय भाषासमेतको प्रयोगले कृति थप उत्कृष्ट बन्न पुगेको छ । कतिपय सन्दर्भ र अभिव्यक्ति पढ्दा भैरव अर्यालकै निबन्ध पढेजस्तो भान हुन्छ । स्रष्टाका सिर्जनाका पुष्पहरू फुल्दै जाऊन् । शुभकामना ।

**- अकिञ्चन**

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

# हिमालय बुक्स हाउस

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

## हाम्रो पुरुषार्थ (त्रैमासिक)

# ज्ञान र अनुसन्धानको थलो पुस्तकालय

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा स्थापित किरण पुस्तकालय त्यस क्षेत्रकै शैक्षिक केन्द्र बनेको छ । वि.सं. २०२५ कार्तिक २० गते गाईगोठमा स्थापना भएको यो पुस्तकालय अत्याधुनिक भवनमा उच्च प्रविधियुक्त तवरले संचालित छ । यो पुस्तकालय एक गैरनाफामूलक जनहितकारी र समुदायको सहयोगमा सार्वजनिक रूपमा सञ्चालित विशुद्ध शैक्षिक, साहित्यिक सामाजिक, स्वशासित र संगठित संस्था हो । पुस्तकालयका अध्यक्ष साहित्यकार शशि पन्थीले तत्कालीन समयमा आफ्ना समकालीन साथीहरूसँग मोहर संकलन गरी गाई गोठबाट किरण पुस्तकालयको शुभारम्भ गरिएको बताउनुहुन्छ । जम्मा १३० वटा पुस्तक संकलन गरेर सुरू गरिएको यो पुस्तकालयमा हाल ११,६१४ पुस्तकहरू संगृहीत छन् । यी पुस्तकहरू संस्कृति, साहित्य, विज्ञान, इतिहास, राजनीति, धर्मदर्शन, पुराणलगायतका क्षेत्रसँग सम्बन्धित छन् । पुस्तकालयले नेपाली भाषा साहित्यको विकासका लागि वि.सं. २०३० देखि 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका प्रकाशन गर्दै आएको छ भने विभिन्न कविहरूको जन्मजयन्ती नियमित रूपमा मनाउने, पुस्तकहरू प्रकाशन गर्ने, साहित्यिक सभा र गोष्ठी आयोजना गर्ने लगायतका कार्यहरू गर्दै आएको छ । यो पुस्तकालय चौधौं पुस्तकालय दिवस (२०७८) को अवसरमा शिक्षा मन्त्रालयबाट उत्कृष्ट पुस्तकालयको रूपमा पुरस्कृतसमेत भएको थियो । पाठक सदस्य बन्नका लागि सुरूमा वार्षिक ५० पैसा (१ मोहर) तिर्नुपर्थ्यो भने हाल रू.५००/- तिरेर कुनै पनि व्यक्ति यस पुस्तकालयको पाठक सदस्य बन्न सक्छ ।

**साभार : *संगम, २०८० वामी विश्वसम्पर्क मञ्च, अन्तर्राष्ट्रिय समन्वय समिति***

ooo

# Opened in cowshed 55 years ago, Kiran Library has modern building now

By RAMESH BISHWOKARMA
Gulmi, No. 29

Kiran Library, Which has a history of 55 years in Lumbini Province, is in Tamghas, the district headquarters of Gulmi.

The library was established on November 5, 1968 in a cowshed.

Shashi Panthi, chairman of Kiran Library, said that they started the library from a cowshed by collecting 50 paisa each from colleagues.

As People showed interest to the read books, the library was established by collecting 130 books in the beginning.

Kiran Library has now 11,724 books in its modern library building which has all the required facilities. The building was constructed at a cost of Rs.40 million, according to panthi.

Panthi recalled that in the initial years, one could become a member of the library for a year by paying just 50 Paisa, but there was a shortage of books at that time.

Now one has to pay Rs.1000 to become a member for a year.

He said books of culture, literature, Science, history, political science, religion philosophy and others published in Nepali, English and Hindi are collected in the library.

The library has also been publishing 'Hamro Purushartha' since 1973 for the development of the Nepali language and literature.

Initially published annually, 'Hamro Purushartha' became half-yearly in 1979 and quarterly since 2013.

So far, 99 editions of 'Hamro Purushartha' have been published over the years Din Panthi, vice chairman of kiran library, said that the library is currently preparing to publish the 100 th edition of 'Hamro Purushartha'.

The library has been regularly celebrating birth anniversaries of various poets, publishing books and organizing meetings conferences and seminars.

Works related to history, culture, religion, philosophy and literature are also being published. The library regularly distributes the prize entitled 'Janaki Sahitya puraskar'.

The library is now providing computer training in the library to build the infrastructure according to the concept of the e-library. Now it has 10 computers. The library has far eight patron members, 14 special members and 127 life members.

The new buiding of the the library that can into operation in a cowshed now spreads an area of 13 annas of land.

**साभार : *The Risinging Nepal मंसिर १४, २०८०***

०००

## ५० वर्ष पहिलेको समाचार

# पुस्तकालय खाँचो पूर्ति गर्न तैयार

(निर्णय प्रतिनिधिबाट) तम्घास

केही समय पहिलदेखि नै स्थापन भएर सेवा गर्दै आइरहेको किरण पुस्तकालयले "कलेजका छात्रहरू योग्य पुस्तकालयको आशा राख्दछन् "भन्ने उक्तिलाई पूरा गर्न निकै प्रयास गर्दै आइरहेको छ । कलेज ; स्कूललाई उपयोगी पुस्तकहरू संकलन गर्ने काम पनि किरण पुस्तकालयले गर्दै आएको छ र केही मात्रामा गरेको पनि छ । अहिले यहाँ संकलन गरिएका पुस्तकहरूको संख्या प्रति दिन बढ्दै गएको छ । विभिन्न पत्रपत्रिकाहरू यहाँ आउनाले वाचनालय पनि राम्ररी चलेको छ ।

बर्तमान समयमा यसलाई योग्य रूप दिन कलेजका प्राध्यापक, स्कूलका अध्यापक, स्थानीय चेतनशील नव युवक तथा पुस्तकालयका कार्यकर्ता दत्तचित्त भएर सक्रिय रूपमा काम गर्दै छन् ।

**साभार : *दैनिक निर्णय, २०२८ वैशाख ४ गते, वर्ष ६, अङ्क १११, भैरहवा ।***

०००


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरी**

**(फोन नं. ०१-५३४१४८५/९८४१२०२६९६/९८६१०५०८७०)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

पाठक-प्रतिक्रिया

# हाम्रो पुरुषार्थले हृदयलाई शीतलता प्रदान गरेको छ ।

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ त्रैमासिक
किरण पुस्तकालय तम्घास, गुल्मी

जब म काम गर्ने सिलसिलामा २०७३ साल कार्तिक २६ गते सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मीमा कार्य गर्ने अवसर पाएँ त्यसपछि एउटै भवनमा एउटै परिवारजस्तै मिलेर बसेको किरण पुस्तकालयसँग परिचित भएँ । त्यसपछि पुस्तकालयमा नियमित पाठक भै विभिन्न पुस्तकहरू पढ्ने अवसर प्राप्त भयो । यसपछि यस पुस्तकालयबाट प्रकाशित त्रैमासिक पत्रिका हाम्रे पुरुषार्थ पढ्ने मौका मिल्यो । साथै यस पुस्तकालयमा मनाइने विभिन्न कविका दिवसहरूमा सहभागी हुने मौका पाएँ जसको तिथि मिति समयसमेत पुस्तकालय भवनको प्रत्येक तलामा ब्यानरमा स्पस्ट हुने गरी सूचित गरिएको छ । यहाँ प्राप्त हुने संपूर्ण पत्र-पत्रिका तथा हाम्रो पुरुषार्थका सम्पूर्ण अंकहरू पढ्न पाएँ । यसले गर्दा अध्ययनमा अझै रुचि बढ्दै गयो ।

यसै सन्दर्भमा पुस्तकालयबाट प्रकाशित सम्पूर्णङ्क १०२ अध्ययन गर्दा जयदेव गौतमको निबन्ध आत्माको उपचार हुने ठाउँ नामक निबन्ध पढें । आखिर पढ्न सक्ने हो भने त मानवजीवन आफैमा एक ठूलो पुस्तक रहेछ, जीवन किनेर मागेर पाइँदैन, अरूले पढिदिएर हुँदैन स्वयं आफूले पढ्नुपर्दछ । त्यसैका लागि पुस्तकालय सबैभन्दा सरल र सहज ठाउँ हो । निःशुल्क वा एकदमै कम सदस्यता शुल्कमा हजारौँ पुस्तक इन्टरनेट वा अन्लाइन माध्यमबाट पनि पढ्न सकिदो रहेछ । पुस्तकालय हाम्रा साथी हुन् । स्कुले जीवनमा निबन्ध, सामान्य ज्ञान जस्ता पुस्तक पढ्ने क्रममा किताबले ज्ञानको ढोका खोल्छ । अहिले गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा वि. सं. २०२५ मा स्थापना भएको किरण पुस्तकालय हाल आएर सम्पनशाली भवनमा विद्युतीय माध्यमबाट पढ्न पाउँदा खुसी लाग्छ । समयसँग यात्रा गर्नु मस्तिष्कलाई शान्त तुल्याउनु, हृदयलाई शीतल पार्नु, विश्राम दिनु जस्ता कुरामा पुस्तकालयले सहयोग पुऱ्याउँछ । त्यसैले आत्माको उपचार गर्ने ठाउँ पुस्तकालय हो भन्ने सन्देश यस निबन्धबाट बुझ्न पाएँ । यस्तै यस अङ्कमा वनमाली निराकारसंगको वार्तालाप पढेर साहित्य

मानवजीवनको सुन्दर चित्र हो भन्ने कुरा बुझ्न पाइयो । बाबुराम ज्ञवालीले ब्रिटिस पुस्तकालयको चिनारी दिएर पुस्तकालय ज्ञान र श्रध्दाको केन्द्र, सूचनाको स्रोत र शोध अनुसन्धानको आधार हो भन्ने सन्देश दिनुभएको छ । पुस्तकालय हेर्न मात्रै पनि एक दिनमा सकिदैन भनेर उहाँले लेख्नुभएको छ । यो लेख पढ्दा हाम्रो नेपालका मान्छेहरूले पुस्तकालयको महत्त्व कति बुझेका होलान् भनी प्रश्न गर्न मन लाग्छ । यस अङ्कमा छापिएका अन्य लेख, निबन्ध, समीक्षा, टिप्पणी, संस्मरण, कथा, लघुकथा, गीत, कविता, गजल, मुक्तक सबै पठनीय छन् । स्थायी स्तम्भहरू अत्यन्त उपयोगी रहेका छन् ।

अन्त्यमा हाम्रो पुरुषार्थको नियमित प्रकाशन र यस पुस्तकालयको व्यवस्थापनमा गुरुहरू श्री शशि पन्थीज्यू र श्री दीन पन्थीज्यूको नियमित सक्रियाताले संपूर्ण क्रियाकलापहरू पारदर्शी छन् । भविष्यमा पनि यसै अनुसार हुनेछ भन्ने आशा राख्दै आगामी अंक १०३ को पर्खाइसहित शुभकामना दिन चाहन्छु ।

**गिरिप्रसाद पौडेल**

**नियमित पाठक : रेसुङ्गा नगरपालिका–५, भुवनपानी, गुल्मी**

ooo


# घरपालुवा जनावरहरूमा खोप लगाऔं ।

रेविज रोग एक किसिमको भाइरसले लाग्ने प्राणघातक जुनोटीक रोग हो । यो संक्रमित पशुहरू (कुकुर, बिरालो, जंगली जनावर) को टोकाइबाट मानिसलगायत स्थनधारी जनावरहरूमा लाग्ने गर्दछ र यो रोग लागिसकेपछि उपचार हुँदैन । यसको एक मात्र उपाय भनेको समयमै आफ्ना घरपालुवा जनावरहरूमा खोप लगाउनु हो ।

हाम्रो यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तम्घास गुल्मीले नियमित रेविज विरूद्धको खोप सेवा उपलब्ध गराइरहेको छ । त्यसैले समयमा नै आफ्ना घरपालुवा जनावरहरूमा खोप लगाएर आफूलगायत सम्पूर्णलाई यस रोगबाट बचाऊँ ।

## भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

तम्घास, गुल्मी

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



**<u>आजीवन सदस्य</u>**

| | |
|---|---|
| नाम | : चोलेश्वर शर्मा खनाल |
| जन्ममिति | : ४ अप्रिल, १९४५ ई. |
| ना.नं. | : ३९१०६६/६०५ |
| मातापिता | : मायादेवी खनाल/गोपीकृष्ण शर्मा |
| पत्नी | : श्रीलक्ष्मी शर्मा खनाल |
| शिक्षा | : एम्.ए. (नेपाली)<br>सहप्राध्यापक (त्रि.वि.) सेवानिवृत्त<br>पूर्वक्याम्पसप्रमुख त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा<br>चर्चित व्यङ्ग्य निबन्धकार |
| प्रकाशित कृति | : १. म त अप्रिलफूल भएछु ।<br>२. सगरमाथा एक पहाडको नाम होइन । |
| मो.नं. | : ९८४७०२८२७५ |
| इमेल | : choleshwar397@gmail.com |
| ठेगाना | : तानसेन नगरपालिका, वडा नं.-१, ध्रुवघाट, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल |

## हार्दिक श्रद्धाञ्जलि तथा समवेदना



**स्व. विष्णुप्रसाद खनाल**



**स्व. ध्रुवराज पन्थी**

किरण पुस्तकालयका ग्रन्थपाल विष्णुप्रसाद खनालको २०८०/११/२९ मा ८१ वर्षको उमेरमा र यस पुस्तकालयका संरक्षक सदस्य तथा हाम्रो पुरुषार्थका काठमाडौं प्रतिनिधि ध्रुवराज पन्थीको २०८१/०४/३२ मा भएको निधनले हामी मर्माहत भएका छौं । दुःखका यी घडीमा दिवङ्गत आत्माहरूको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि समर्पण गर्दछौं र शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

## किरण पुस्तकालय परिवार

**तम्घास, गुल्मी**





# RBB DIGITAL SANSAR

Your Financial Earth
in the Universe of
Banking.

Scan to Discover
DIGITAL SANSAR

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

Tel.: +977-1-5970018 | Email : rbb.info@rbb.com.np

जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६

# मोबाइलको लतबाट बालबालिकालाई बचाऔं ।

## मोबाइलको लतबाट :

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक–पटक ब्युँझने हुनसक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाइलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाइल हेर्ने बालबालिकामा निद्रा लाग्ने हर्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाइलले बालबालिकाको मस्तिष्क विकासमा असर पुर्‍याउन सक्छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

# विज्ञापन बोर्ड

सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)